"रुरुक्षत्रे समद्धिको आधार : कृषि पर्यटन र स्वरोजगार"

# रुरुक्षेत्र गाउँपालिका

# वार्षिक बिकास योजना

## (आ.व. २०८२/०८३ को नीति ,कार्यक्रम तथा बजेट)

रुरुक्षेत्र गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

घिउबेँसी गुल्मी

लुम्बिनी प्रदेश,नेपाल

"रुरुक्षेत्र समृद्धिको आधार : कृषि, पर्यटन र स्वरोजगार"

# रुरुक्षेत्र गाउँपालिकाको आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रम

जनताको प्रत्यक्ष सरोकार राख्ने र जनचाहना अनुरुप नागरिकहरुको घरदैलोमा सेवा प्रदान गर्ने आधारस्तम्भको रुपमा स्थानीय सरकार रहेको हुँदा रुरुक्षेत्र गाउँपालिकाले संविधानको मूल मर्म समन्वय, सहकार्यर सहअस्तित्वलाई आत्मसाथ गर्दै कार्य सम्पादन गरिरहेको छ ।रुरुक्षेत्र गाउँपालिकाले जनतालाई केन्द्रमा राखी नीति तथा कार्यक्रमहरु संचालन गर्दै उत्कृष्ट स्थानीय सरकारको रुपमा आफूलाई अब्बल सावित गरेको विदितै छ । सिंहदरबारको अधिकार गाउँमा भन्ने महान अभियानको लागि सहादत हुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रति हार्दिक श्रद्धासुमन व्यक्त गर्दै सम्मानीत गाउँसभाको १८ औं अधिवेशनको पहिलो बैठकमा आ.व. ०८२/०८३ को नीति तथा कार्यक्रम पेश गर्न पाउँदा मलाई गर्वको अनुभूती भएको छ ।

हाल देशमा उत्पन्न आर्थिक शिथिलताले समग्र देशको अर्थतन्त्रलाई गम्भिर असर पारेको हुँदा हरेक क्षेत्रमा अर्थतन्त्रको प्रभाव परिरहेको अवस्था विद्यमान रहेको छ । नागरिकहरुको असिमित अपेक्षाहरुलाई पुरा गर्न गाउँपालिकालाई संघीय र प्रदेश सरकारबाट प्राप्त हुने अनुदानको सिमित बजेटको परिधिमा रही नागरिकको वृहत्तर हितको लागि आफ्नो स्रोत साधनलाई अधिकतम परिचालन गर्ने गरी वस्तुपरक नीति तथा कार्यक्रमहरु तर्जुमा गरेका छौ ।नीति तथा कार्यक्रमको विभिन्न विद्धत वर्ग, व्यवसायी, संचारकर्मी, राजनीतिक दल, नागरिक समाज, शिक्षक, विभिन्न संघ संस्था, पूर्व जनप्रतिनिधि एवं राष्ट्रसेवक कर्मचारी लगायत गाउँपालिकाका विभिन्न महानुभावहरुबाट प्राप्त सुझाव तथा हामीले तयार गरेको अनलाईन माध्यम मार्फत महत्वपूर्ण राय सुझाव समेतलाई मध्य नजर गर्दै पूर्वाधार निर्माण, सुशासन, स्वास्थ्य, शिक्षा, कृषि, रोजगारी, विपद् व्यवस्थापन लगायतका क्षेत्रहरुलाई प्राथमिकतामा राखी नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ।नीति तथा कार्यक्रमको लागि आफ्नो महत्वपूर्ण सुझाव दिनुहुने सम्पूर्ण महानुभावहरुप्रति हार्दिक आभार प्रकट गर्दछु। नीति तथा कार्यक्रम तय गर्दा विगतका वर्षहरुको अनुभव, विभिन्न महानुभावहरुले दिनुभएको अमूल्य राय सुझाव, मध्यमकालिन खर्च संरचना, गाउँपालकाको आवधिक योजना, दिगो विकासका लक्ष्यहरु, गाउँपालिकाका विभिन्न विषयगत समितिहरुको सिफारिस समेतलाई आधार लिईएको छ। नीति तथा कार्यक्रम निर्माणमा सहयोग गर्नुहुने सम्पूर्ण जनप्रतिनिधि एवं राष्ट्रसेवक कर्मचारीहरुमा हार्दिक आभार व्यक्त गर्दछु।

सम्मानीत यस सभामा पेश हुने नीति तथा कार्यक्रममा व्यापक छलफल गरी वस्तुपरक नीति तथा कार्यक्रम पारित हुने अपेक्षा गर्दै आ.व. ०८२।०८३ को नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमती चाहन्छु।

# विद्यमान परिवेशः

## राजनीतिकः

गुल्मी जिल्लाको ऐतिहासिक तथा धार्मिकस्थल रुरुक्षेत्र नेपालका प्रशिद्ध चारधाम मुक्तिक्षेत्र, रुरुक्षेत्र, पशुपतिक्षेत्र र वराहक्षेत्रमध्येको रुरुक्षेत्रधाम यसै गाउँपालिकामा रहेको र त्यसैको नामबाट हाम्रो यस गाउँपालिकाको नामाकरण भएको छ । लुम्बिनी प्रदेशको गुल्मी जिल्लामा अवस्थित रुरुक्षेत्र गाउँपालिकामा साविकका ६ वटा गा.वि.स. (रुरु, ग्वादी, थानपती, बलेटक्सार, बम्घा र रिमुवा) लाई ६ वडामा विभाजन गरिएको छ। राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क अनुसार यस गाँउपालिकाको कूल जनसंख्या १६,५९७ तथा परिवार संख्या ४,६०७ रहेको छ । यस गाउँपालिकामा प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र नं. १ अन्तर्गत प्रदेश निर्वाचन क्षेत्र नं. १ (क) र १ (ख) दुवै निर्वाचन क्षेत्र रहेका छन् । गाउँपालिकाको सबैभन्दा होंचो भाग रिडी बजार समुद्र सतहदेखि ५०० मिटर र सबैभन्दा अग्लो भाग बम्घाकोट १६३८ मिटर उचाइमा रहेका छन् । जम्मा क्षेत्रफल ६७.३८ वर्ग कि.मी. भएको यो गाउँपालिका गुल्मी जिल्लाका १२ वटा स्थानिय तहमध्ये क्षेत्रफलको हिसाबले सबैभन्दा सानो गाउँपालिका अन्तर्गत पर्दछ । गाउँपालिकाको केन्द्र रहेको स्थान घिउबेंसीमा आफ्नै प्रशासकीय भवनबाट सेवा प्रवाह गरिरहेको छ ।

यस गाउँपालिकाको पूर्वमा सत्यवती गाउँपालिका र स्याङ्जा जिल्लाको कालीगण्डकी गाउँपालिका, पश्चिममा छत्रकोट गाउँपालिका, उत्तरमा सत्यवती गाउँपालिका र दक्षिणमा पाल्पा जिल्लाको तानसेन नगरपालिका पर्दछन् ।

# विकास र समृद्धिको लक्ष्य प्राप्तिका लागि गरिएका महत्वपूर्ण प्रयास, अवसर तथा चुनौतीः

## विद्यमान अवसरहरुः

- संविधानमा स्थानीय सरकारका अधिकारहरु तथा साझा अधिकारहरुको व्यवस्था हुनु,
- स्थानीय सरकार संचालन ऐनले स्थानीय सरकारको कार्यहरुलाई व्यवस्थित गरिनु,
- स्थानीय सरकारले आफ्ना अधिकारका विषयमा ऐन कानून तर्जुमा गर्न सक्नु,
- ऐतिहासिक तथा धार्मिक पर्यटकीय स्थलहरु भएकोले धार्मिक पर्यटनलाई टेवा पुऱ्याउन सकिने,
- पवित्र रुरुक्षेत्र धाम यसै गाउँपालिकामा रहेको र जिल्ला प्रवेशद्धार समेत रहेको हुँदा पर्यटकीय तथा धार्मिक क्षेत्रको सम्भावना,
- एसियाकै नमूना तीनमुखे पुल, शालग्राम भएको पवित्र कालिगण्डकी नदी रहेको,
- कालीगण्डकी करिडोर, मदनभण्डारी राजमार्ग र रिडी-बल्कोट-सुर्खेत सडक जस्ता राष्ट्रिय सडक सञ्जालले छोएको,
- दुध, माछा, मासु, तरकारी, मकै, धान, उखु, लिची र सुन्तला जातको फलफूल उत्पादनमा आत्मनिर्भर हुने सम्भावना रहेको,

- विभिन्न जातजातिहरुको बसोबास स्थल रहेको हुँदा विविध कला संस्कृतिहरुले भरिपूर्ण हुनु,
- कालिगण्डकी र रिडी खोलामा बोटिङ्ग तथा र्‍याफ्टिङ्गको सम्भावना भएको।

**विद्यमान चूनौतिहरुः**

- कृषिमा प्रचुर संभावना रहेको हुँदा त्यसलाई सही सदुपयोग गर्नु,
- तयार भएका भौतिक संरचनाहरुको संरक्षण गर्नु,
- विकास निर्माण लगायतका कार्यहरुमा संघ तथा प्रदेशसँग समन्वय र सहकार्य गर्नु,
- विपद् व्यवस्थापनका कार्यहरु प्रभावकारी रुपमा संचालन गर्नु,
- गुणस्तरीय स्वास्थ्य र शिक्षा प्रदान गर्नु,
- रोजगारी सृजना गर्दै बढ्दो बसाईसराईलाई न्यूनीकरण गर्नु,
- केही वडाको भौगोलिक विकटता र छरिएर रहेको वस्ती हुनु,
- प्रविधि प्रयोग गरी सेवा उपलब्ध गराउन नागरिकमा प्रविधिको प्रयोग पुर्याउनु,
- नागरिकको अपेक्षा अनुसार कार्य गर्न पर्याप्त बजेट व्यवस्थापन गर्नु,
- बजेटको लागि संघ र प्रदेश सरकारमा निर्भर हुनु,
- संघ तथा प्रदेश सरकारबाट प्राप्त हुने न्यून समानीकरण अनुदान प्राप्त हुनु।

**नीति तथा कार्यक्रम तर्जुमाका आधारहरुः**

- नेपालको संविधान,
- नेपालको संविधानले प्रत्याभूत गरेको मौलिक हकहरु, राज्यका निर्देशक सिद्धान्तहरु तथा नीतिहरुलाई प्राथमिकतामा राखिएको,
- स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८,
- सोह्रौ पञ्चवर्षिय योजनाले तय गरेका लक्ष्य तथा उद्देश्यहरुलाई आधार लिएको,
- दिगो विकासको लक्ष्य २०३० को मार्ग चित्रलाई आत्मसाथ गर्दै स्थानीयकरण गरिएको,
- गाउँपालिकाको आवधिक योजना दस्तावेजलाई आधार लिएको,
- मध्यमकालिन खर्च संरचनाको मर्मलाई आत्मसाथ गरिएको,
- राष्ट्रिय, प्रदेश र स्थानीय नीति योजना र लक्ष्यहरुलाई आत्मसाथ गरिएको,
- स्थानीय सरकारको हाल सम्मको अनुभव तथा सिकाईलाई आत्मसाथ गरिएको,
- स्थानीय आवश्यकताको विश्लेषण गरिएको,
- विभिन्न विद्वत वर्गहरुको राय सुझावलाई ग्रहण गरिएको,

## चालु आ.व. को हालसम्मका प्रमुख उपलब्धिहरुको संक्षिप्त विवरणः

### क) भौतिक उपलब्धीः

१. गाँउपालिकाका ६ वटै वडा कार्यालयहरु आफ्नै सुविधासम्पन्न भवनबाट सेवा सुचारु गर्ने व्यवस्था मिलाइएको ।

२. रानीबास-टाहाटिम-उल्लिखोला मोटरबाटो कालोपत्रे तथा स्तरोन्नती, चौतारा-नेटा-लोक्मा-देउराली मोटरबाटो कालोपत्रे तथा स्तरोन्नती, ज्ञवा मा.वि. पहुँचमार्ग ढलान सहित स्तरोन्नती, बासुलि पोखरी-तिलहार गैरा सडक ढलान सहित स्तरोन्नती, धोविघाट-काउले-खिवा सडक स्तरोन्नती, स्वामिकारुख-रातामाटा र राष्ट्रिय मा.वि पहुँचमार्ग सडक ढलान सहित स्तरोन्ती, (चौतारा-बम्घाकोट, काउले-निवाखर्क, चौतारा-रास्लुङ) सडकलाई एकिकृत रुपमा ठेक्का गरी ढलान सहित स्तरोन्नती, सडक बोर्डसँगको साझेदारीमा एक्लेपिपल-भट्कुवा सडक खण्डको दाह्रेगौंडा क्षेत्रमा ढलान सहित स्तरोन्नती लगायत विभिन्न मोटरबाटोहरुको स्तरोन्नती कार्य गरिएको ।

३. वडा नं. ५ को पागामा उपल्लो कुलो सिंचाई योजना निर्माण लगायत विभिन्न सिंचाई योजनाहरु सम्पन्न गरिएको ।

४. बर्षातको समयमा अवरुद्ध हुने सडकहरुमा आवश्यकता अनुसार नाली कटान तथा ढलान गरी सडकलाई नियमित संचालन हुने व्यवस्था मिलाइएको ।

५. गाँउपालिकाको वडा नं. १ मा १५ सैयाको अस्पताल भवन निर्माण कार्य अन्तिम चरणमा रहेको ।

६. कृषि उत्पादन चिस्यान केन्द्रको रुपमा प्रयोग गर्ने गरी कोल्डस्टोर निर्माणलाई प्राथमिकता दिई निर्माण कार्य भैरहेको ।

७. पवित्र धार्मिक स्थल रिडीमा सवदाहघाट निर्माण भैरहेको त्यस्तै अर्घाखाँची जिल्लाको छत्रदेव गाँउपालिका र रुरुक्षेत्र गाँउपालिकाको संयुक्त लगानीमा मलामीहरुको लागि थप आश्रय स्थलको निर्माण कार्य भैरहेको ।

८. पवित्र धार्मिक स्थल रिडीमै ऐतिहासिक धार्मिक क्षेत्र रुरुक्षेत्र पुर्वाधार निर्माण अन्तर्गत मन्दिर, गुम्बा र पार्क निर्माण भैरहेको।

९. गाँउपालिकाको वडा नं. १ र २ जोड्ने गोलपोखरी-बेसिकाचौर झोलङ्गे पुल निर्माण सम्पन्न भई सञ्चालनमा आएको ।

१०. भरतपुर महानगरपालिका र रुरुक्षेत्र गाँउपालिकाको लागत साझेदारीमा श्रृङ्गेश्वर तपोभूमिमा मन्दिर लगायत पूर्वाधार निर्माण कार्य सम्पन्न भएको साथै यस आर्थिक बर्षमा पनि सोहि महानगरपालिकासँगको साझेदारीमा धार्मिक क्षेत्र रिडीमा लामाचौपारी विश्रामस्थल तथा विष्णु मुर्ती निर्माण योजना अन्तर्गत फल्चा र विष्णु मुर्ती निर्माण कार्य भैरहेको ।

११. श्रृङ्गेश्वर तपोभूमिमा एकिकृत पर्यटकीय पूर्वाधार निर्माण अन्तर्गत खुल्ला व्यायामशाला, वाल उद्यान, प्रतिक्षालय लगायतका पूर्वाधार निर्माणका कार्य सम्पन्न गरिएको ।

१२. गाँउपालिकामा उद्योगहरु स्थापना गर्ने उद्धेश्यले औद्योगिकग्राम निर्माणको कार्य सञ्चालनमा रहेको ।

१३. शैक्षिक पूर्वाधार निर्माण अन्तर्गत जनबोध मा.वि. मा भवन निर्माण लगायत अन्य विद्यालयमा पनि पूर्वाधार निर्माणका कार्य सञ्चालनमा रहेको ।

१४. एक घर एक धारा अभियान अन्तर्गत गाँउपालिकाको WASH योजना अद्यावधिकको साथै रुरुक्षेत्र बृहत् खानेपानी योजना निर्माण अन्तिम चरणमा रहेको ।

१५. उखु खेती गर्ने कृषकहरुलाई प्रोत्साहन गर्दै स्थानीय रोजगारी सिर्जना तथा बजारीकरण गर्ने उद्देश्य लिई वडा नं. ४ को दार्सिङबासमा गुण खुदो उद्योग स्थापना गरी संचालन गरिएको ।

## ख) आर्थिक तथा सामाजिक उपलब्धीः

१. गाउँपालिकामा बसोबास गर्ने नागरिकहरुको शान्ति सुरक्षा, अमनचयन कायम राख्न तथा अपराध अनुसन्धान प्रभावकारी बनाउन इलाका प्रहरी कार्यालय रिडी र रुरु प्रहरी चौकी रानीबाससँग आवश्यक समन्वय गरिएको ।

२. गाउँपालिकाको नीति तथा कार्यक्रमलाई कार्यान्वयन गर्न, सेवा प्रवाहलाई प्रभावकारी बनाउन, बजार अनुगमनलाई व्यवस्थित गराउने लगायतका विभिन्न कार्यमा सहयोग गर्न नगर प्रहरीलाई कामकाजमा खटाईएको ।

३. गाउँपालिकामा विपद्को घटनामा परेका नागरिक र उपचार लगायतको कार्यको लागि अत्यन्त आर्थिक अवस्था कमजोर भएका नागरिकहरुलाई आर्थिक सहायता उपलब्ध गराई नागरिकप्रति संवेदनशिल भएको ।

४. नागरिकको स्वास्थ्यमा ख्याल गर्दै डा. सहितको सेवा प्रत्येक स्वास्थ्य चौकीमा उपलब्ध गराउनुको साथै जेष्ठ नागरिकहरुलाई घरघरमा स्वास्थ्य सेवा उपलब्ध गराईएको ।

५. स्थानीय तह स्थापना दिवसको अवसरमा रक्तदान कार्यक्रम सन्चालन गरी १०५ पिन्ट रगत संकलन गरिएको ।

६. प्रसुती भएका महिला तथा असहाय, 'क' वर्गका अपाङ्गता भएका नागरिकहरुको उपचारका लागि निःशुल्क दुई ओटा एम्बुलेन्सको व्यवस्था मिलाईएको ।

७. नागरिकको स्वास्थ्यमा संवेदनशील बन्दै उपचारको लागि निःशुल्क रगत तथा मोतियाविन्दुको निःशुल्क शल्यक्रियाको व्यवस्था गरिएको ।

८. कक्षा ६ देखि १२ कक्षा सम्मका छात्राहरुको रक्तअल्पता परिक्षण गरिएको ।

९. बिद्यालयमा अध्ययनरत सम्पूर्ण बिद्यार्थीहरुको मुटु, बाथरोग तथा जन्मजात मुटुरोगको स्कृनिङ्ग गरिएको त्यस्तै समुदाय तथा विद्यालयहरुमा मानसिक स्वास्थ्य समस्यालाई कम गर्न सचेतना कार्यक्रम संचालन गरिएको ।

१०. कृषि र पशुपालनमा आत्मनिर्भर गाउँपालिका निर्माणको लागि रु ३ करोड ३३ लाखको लागतमा रुरु कृषि परियोजना संचालन गरिएको ।

११. कृषकसँग प्राविधिक कार्यक्रम सञ्चालन गरी कृषकको खेतबारीमै गएर कृषकको समस्या बुझी कृषि प्राविधिकबाट उचित किसिमको सल्लाह सुझावको व्यवस्था गरिएको साथै जग्गा भाडामा लिएर खेती गर्ने कृषकलाई जग्गा भाडामा अनुदान दिने व्यवस्था मिलाइएको ।

१२. गाई/भैंसी पालक कृषकहरुका गाई/भैंसी उन्नत नश्ल सुधारको लागि निःशुल्क रुपमा कृत्रिम गर्भाधानको व्यवस्थालाई निरन्तरता दिइएको ।

१३. गाउँपालिकाका कृषकहरुलाई आधुनिक र प्रविधिमैत्री कृषिमा आकर्षित गर्नको लागि कृषकको आवश्यकताका आधारमा कृषि यन्त्र तथा प्रविधिहरु वितरण गरिएको ।

१४. पशुपन्छीमा लाग्ने महामारीजन्य रोगको नियन्त्रणको लागि खोरेत, PPR, लम्पी स्किन, रानीखेत, स्वाइनफिभर लगायतका रोग विरुद्धका खोपहरु कृषककै गोठमा पुगेर निःशुल्क लगाइएको साथै मागको आधारमा कृषककै गोठमै गएर निःशुल्क उपचार तथा प्राविधिक परामर्श दिइएको ।

१५. सामुदायिक तथा घर पालुवा कुकुरहरुमा लाग्ने प्राणघातक रोग रेविज विरुद्धको खोप निःशुल्क संचालन गरिएको ।

१६. पशुमा हुने बाँझोपन न्यूनिकरणका लागि दक्ष प्राविधिक (डक्टर) सहित कृषकको गोठ गोठमा पुगि समस्याको पहिचान पश्चात कृत्रिम गर्भाधारण कार्यक्रम सफल भएको ।

१७. गरिबीको रेखामुनी रहेका नागरिकलाई उद्यमशील बनाई उनीहरुको आयआर्जन वृद्धि गर्नको लागि गरिबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम संचालन गरिएको ।

१८. कक्षा १ देखि ८ कक्षासम्म स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक तयार गरी लागु गरिएको ।

१९. सामुदायिक विद्यालयहरुको खेल क्षेत्रमा विकास गर्न गाँउपालिकामा खेल शिक्षकको नियुक्ति गरी पालैपालो प्रत्येक विद्यालयमा पठाइएको ।

२०. गाउँपालिकाका सामुदायिक माध्यमिक विद्यालयहरुमा शैक्षिक गुणस्तरलाई वृद्धि गर्न प्रविधिमैत्री शैक्षिक कृयाकलाप संचालन गरी स्मार्ट शिक्षण विधिलाई निरन्तरता दिइएको ।

२१. गाउँपालिका भित्र रहेका अपाङ्गता भएका व्यक्तिहरुको पहिचान तथा राज्यबाट प्राप्त सेवा सुविधाबाट बञ्चित हुन नपरोस् भन्ने उद्देश्यले अपाङ्गता भएका नागरिकको घरमा गई अपाङ्गता परिचय पत्र र आवश्यक सहायता सामाग्रीहरु वितरण गर्ने कार्य सुरुवात गरिएको ।

२२. गाउँपालिकाको कला संस्कृतिलाई संरक्षण तथा जगेर्ना गर्न र गाउँपालिकाको पर्यटनलाई टेवा पुर्याउने उद्देश्यले पालिका स्तरिय भजन महोत्सव संचालन गरिएको ।

**२३.** खेलाडीहरुलाई उत्प्रेरित गराउन जिल्ला खेलकुद परिषद्सँग समन्वय गरी जिल्ला स्तरीय राष्ट्रपती रनिङ्गसिल्ड प्रतियोगिता यसै गाँउपालिकाको घिउबेंसीमा सम्पन्न गरिएको त्यस्तै अध्यक्ष कप व्याडमिन्टन प्रतियोगिता र विभिन्न वडामा वडाध्यक्ष कप खेलकुद कार्यक्रमहरु संचालन गरिएको ।

**ग) वातावरणीय उपलब्धीः**

१. गाउँपालिकामा हरियाली र स्वच्छ वातावरण कायम राख्नको लागि वन संरक्षण तथा बृक्षारोपण कार्यक्रम संचालन गरिएको ।

२. गाउँपालिकामा ठूला योजनाहरु संचालन गर्दा वातावरणीय प्रभाव मूल्याङ्कन गर्ने व्यवस्था मिलाईएको ।
३. खानेपानी मुहान संरक्षणको लागि आवश्यक कार्यहरु गरिएको ।
४. बलेटक्सार, रानीबास र रिडी बजार क्षेत्रमा फोहोर संकलन गरी व्यवस्थापन गर्ने कार्य गरिएको ।

## घ) संस्थागत उपलब्धीः

१. स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कनको नतिजामा लुम्बिनी प्रदेशबाट पहिलो स्थान तथा देशभरका गाउँपालिकाबाट दोस्रो स्थानमा रहन सफल भएको ।
२. स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कनको नतिजामा ९८% प्राप्त गरी लुम्बिनी प्रदेशबाट तेस्रो स्थानमा रहेको ।
३. गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत तथा प्रमुख प्रशासकीय अधिकृत र शाखा प्रमुखहरु बीच कार्य सम्पादन करार सम्झौता गरी कर्मचारीहरुको कार्य सम्पादनको मूल्याङ्कन गर्ने गरिएको ।
४. नागरिकलाई प्रभावकारी सेवा प्रवाह उपलब्ध गराउन रिक्त रहेका विभिन्न पदहरुमा पदपूर्ति गरि स्थानीय रोजगारी सृजना गरिएको साथै स्थानीय निजामती सेवा ऐन, २०८१ जारी भए पश्चात रिक्त पदहरुमा अस्थायी पदपूर्तिको लागि प्रदेश लोकसेवा आयोगमा कर्मचारी सिफारिस गरी पठाईदिन अनुरोध गरिएको ।
५. गाउँपालिकाको नीति तथा कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न, सेवा प्रवाह, विपद व्यवस्थापन, बजार अनुगमन, सार्वजनिक सम्पत्ती संरक्षण, ट्राफिक व्यवस्थापन लगायतका कार्यको लागि नगर प्रहरीको व्यवस्था मिलाईएको ।
६. नागरिकको सुविधालाई मध्यनजर गरी वडास्तरमा विभिन्न ९ वटा सेवाहरु सहित एकीकृत घुम्ति सेवा कार्यक्रम संचालन गरिएको ।
७. गाउँपालिकाको कार्यालय, वडा कार्यालय, स्वास्थ संस्था र विद्यालयहरुमा विद्युत्तिय हाजिरीको व्यवस्था गरी हाजिरीलाई अनलाईन सर्भरमा स्टोरेज तथा अनलाईबाट अनुगमन गर्ने व्यवस्था मिलाउँदै कागजी हाजिरीलाई पूर्ण रुपमा विस्थापित गरिएको ।
८. स्वास्थ्य सेवालाई नागरिकको घरदैलो सम्म पुर्‍याउन महत्वपूर्ण भूमिकामा रहेका महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुलाई प्रोत्साहन गर्न नागरिक लगानी कोषसँग सम्झौता गरी पेन्सन योजनाको सुरुवात गरिएको ।
९. गाउँपालिकाको गतिविधिहरुलाई सबै नागरिकहरु समक्ष पुर्‍याउनको लागि डिजिटल सूचना पाटी, डिजिटल नागरिक वडापत्र, सामाजिक सञ्जाल र वेवसाइटमा सार्वजनिक गर्ने गरिएको।
१०. गाउँपालिकाका सम्पूर्ण गतिविधिहरु नागरिकलाई सु-सूचित गरी जनउत्तरदायी सरकार बनाउन र जवाफदेहीता कायम गर्न प्रत्येक चौमासिकमा प्रगती समीक्षा र सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गरिएको।
११. गाउँपालिकाका विषयगत शाखा र वडा कार्यालयहरुबाट भएका कार्यहरुको समिक्षा गर्ने व्यवस्था मिलाइएको।

१२. गाउँपालिकाको कार्यालय तथा वडा कार्यालयबाट प्रदान गरिने विभिन्न सेवाहरुको बारेमा कार्यालयमा डिजिटल नागरिक वडापत्र संचालनमा ल्याईएको । जसमा सूचना, कर्मचारी तथा जनप्रतिनिधिको फोटो सहितको विवरण, विभिन्न समाचार, प्रगती प्रतिवेन, कर्मचारीको उपस्थिति विवरण लगायतका विवरण समावेश गरिएको ।

१३. गाउँपालिकाको सबै जनप्रतिनिधि, कर्मचारीहरुलाई सूचना प्रवाह गर्न तथा गाउँपालिकाको सबै घरधुरीमा SMS मार्फत सूचना प्रवाहको लागि नेपाल दुरसंचार प्राधिकरणसँग सम्झौता गरी RURU_ALERT नामक SMS प्रणाली संचालनमा ल्याई नागरिकलाई गाउँपालिकाको तर्फबाट विभिन्न सूचनाहरु सम्प्रेषण गरिएको ।

१४. कार्यालयमा आउने नागरिकहरुको सुविधाको लागि प्रतिक्षालय, शुद्ध पिउने पानीको व्यवस्था र नागरिक सहायता कक्ष संचालन गरिएको ।

१५. नागरिकमैत्री र प्रविधिमैत्री कार्यालय संचालनको लागि आवश्यक व्यवस्था मिलाईएको।

**नीति तथा कार्यक्रमको मुख्य उद्देश्यः**

१. सबै घरपरिवारलाई स्वच्छ खानेपानीको व्यवस्था मिलाउन **एक घर एक धारा** को नीति लिई कार्य सम्पन्न गर्ने।
२. कृषि तथा पशुपालन परियोजना संचालन गरी नागरिकको जीवनस्तरमा परिवर्तन गर्ने।
३. स्थानीयस्तरमै नागरिकको लागि रोजगारीको अवसरहरु सृजना गर्ने ।
४. भ्रष्ट्राचारमा शून्य सहनशिलताको नीति अवलम्बन गर्दै नागरिकमैत्री सेवा प्रवाह प्रदान गर्ने।
५. सार्वजनिक सेवा प्रवाहलाई छिटो, छरितो र नागरिकले अनुभूती गर्ने गरी गुणस्तरयुक्त सेवा प्रवाहको लागि सूचना प्रविधिको उच्चतम प्रयोग गर्दै स्मार्ट गाउँपालिका बनाउने।
६. गाउँपालिका तथा वडाको मुख्य सडक र सहायक सडकहरुलाई स्तरोन्नती गरी बाह्रै महिना सवारी चल्ने व्यवस्था गर्ने।
७. गाउँपालिकामा सडक, पर्यटन पूर्वाधार लगायतका अन्य भौतिक पूर्वाधारको निर्माण गर्ने।
८. सवल, सक्षम र उत्थानशील स्थानीय सरकार निर्माण गर्ने।
९. सामाजिक समावेशीकरणको नीति अवलम्बन गर्दै विकासको मूल प्रवाहमा सबैक्षेत्रलाई समावेश गर्ने।
१०. गाउँपालिकाका सबै नागरिकको आधारभूत स्वास्थ्य सेवामा पहुँच सुनिश्चित गर्ने।
११. शिक्षण सिकाइमा आधुनिक प्रविधिको प्रयोग गरी गुणस्तरीय शिक्षा प्रदान गर्ने ।
१२. फोहरमैला व्यवस्थापनको लागि आवश्यक व्यवस्था मिलाउने ।
१३. वातावरणमैत्री स्वच्छ र सुन्दर गाउँपालिका निर्माण गर्ने।
१४. पर्यटन पूर्वाधार निर्माण र प्रवर्द्धन सहित रोजगारीमा वृद्धि गर्ने।

**आगामी आ.व. का प्राथमिकता प्राप्त प्रमुख कार्यक्रमहरुः**

१. समृद्ध र समुन्नत स्थानीय सरकार निर्माण गर्ने,
२. कृषि उत्पादन वृद्धि गरी बजारीकरणको लागि आवश्यक व्यवस्था मिलाउने,
३. गाउँपालिकाको भूमिलाई समुचित प्रयोगमा ल्याउने,
४. नागरिकलाई सर्वसुलभ स्वास्थ्य उपचारको व्यवस्था मिलाउने,
५. सर्वसुलभ र गुणस्तरीय शिक्षा प्रदान गर्ने,
६. समग्र रुपमा समाजको आर्थिक विकास गर्न रोजगारीका अवसरहरु सृजना गर्ने,
७. प्रभावकारी सेवा प्रवाह, सुशासन तथा संस्थागत विकास गर्ने,
८. एकघर एक धारा अभियान अन्तर्गत घरघरमा खानेपानी पुऱ्याउने,
९. गाउँपालिकाका सबै सडकहरुलाई स्तरोन्तनी गर्दै कालोपत्रे गर्ने,
१०. गाउँपालिकालाई धार्मिक पर्यटकीय दृष्टिकोणबाट उत्कृष्ट पर्यटन गन्तव्यको रुपमा विकास गर्ने,
११. गाउँपालिकाका आवश्यतानुसार भौतिक संरचना निर्माण र पूर्वधार विकास गर्ने,
१२. विपद् व्यवस्थापन, फोहर मैला व्यवस्थापन, वन तथा वातावरण संरक्षण गर्ने,
१३. कला संस्कृतिलाई परिस्कृत रुपमा संरक्षण गर्ने ।

## आगामी आ.व. को प्रमुख नीतिहरुः

### *(क) सामाजिक विकास तर्फः*

❖ **शिक्षा तथा खेलकुद**

१. विद्यालयको आर्थिक अवस्था, शिक्षक दरवन्दी संख्या, कक्षा र विद्यार्थी संख्यालाई आधार मानि स्थानीय स्रोतका शिक्षकहरुलाई तलव उपलब्ध गराइनेछ ।

२. शिक्षण सिकाईलाई प्रविधिमैत्री बनाउन र विद्यालायगत तथ्यांक अभिलेखीकरणलाई थप व्यवस्थित गर्न शिक्षकहरुलाई ICT/IEMIS तालिम प्रदान गरिनेछ ।

३. आधारभूत तह कक्षा (१-३) को परीक्षालाई पाठ्यक्रमले निर्दिष्ट गरे बमोजिमको निरन्तर मुल्यांकन प्रक्रियालाई व्यवस्थित गर्दै लगिनेछ, कक्षा ४ देखि ९ सम्मको वार्षिक परीक्षा पालिका स्तरमा संचालन गरिनेछ उक्त परीक्षालाई थप स्तरीकृत बनाउन प्रश्नपत्र निर्माण तथा विश्लेषण कार्यशाला संचालन गर्ने र नतिजा समेतको आधारमा अन्य कार्यक्रम निर्धारण गरिनेछ ।

४. अनिवार्य तथा निःशुल्क शिक्षाको लक्ष्यलाई कार्यान्वियन गर्न तथा अभिभावकहरूलाई सचेत बनाउन अभिभावक शिक्षा कार्यक्रम संचालन गरिनेछ ।

५. विद्यालयमा अध्ययनरत आधारभूत तथा माध्यमिक तहका छात्राहरु र सामुदायिक क्याम्पसका छात्राहरुलाई निःशुल्क सेनिटरी प्याड उपलब्ध गराउनुका साथै कक्षा १ देखि १२ कक्षा सम्मका विद्यार्थीहरुलाई निःशुल्क पाठ्यपुस्तकको व्यवस्था गरिनेछ ।

६. शिक्षण सिकाइलाई प्रविधिमैत्री बनाउन डिजिटल शिक्षाका लागि ICT मा आधारित INTERACTIVE SMART BOARD वितरण कार्यक्रमलाई थप विस्तार गर्दै लगिनेछ ।

७. न्यून सिकाई उपलब्धि भएका विषयका शिक्षकहरुलाई पेशागत क्षमता विकास तालिम संचालन गरिनेछ ।

८. प्रधानाध्याकहरुलाई थप जिम्मेवार बनाउन प्रदान गरिदै आएको प्र.अ.प्रोत्साहन भत्तालाई निरन्तरता दिइनेछ ।

९. विद्यार्थीहरुको सर्वाङ्गिण विकासका लागि पालिकास्तर र लिडर विद्यालय मार्फत् विविध अतिरिक्त क्रियाकलापहरु संचालन गरिनेछ ।

१०. अस्थायी दरवन्दीमा कार्यरत प्रारम्भिक वालविकास सहजकर्ता र कर्मचारीहरुको लागी पालिकाबाट उपलब्ध गराउँदै आएको थप पारिश्रमिक र गा.पा. अनुदानमा कार्यरत प्रारम्भिक वालविकास सहजकर्ताको हाल खाइपाई आएको तलव भत्तालाई निरन्तरता दिइनेछ ।

११. लामो समय सम्म प्रसूति विदामा बस्नुपर्ने कारणले हुने पठनपाठन अवरोधलाई परिपूरण गर्न उक्त समयावधिका लागि सट्टा शिक्षकको व्यवस्थापन गरिनेछ ।

१२. असल अभ्यासलाई आदानप्रदान तथा अनुशरण गर्न शैक्षिक अवलोकन भ्रमणका कार्यक्रम संचालन गरिने कार्यलाई निरन्तरता दिइनेछ ।

१३. छोरी बुहारीहरुलाई उच्च शिक्षा अध्ययनमा प्रोत्साहित गर्न स्नातक तहमा अध्ययनत विद्यार्थीहरुलाई छात्रवृति प्रदान गर्ने  कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१४. सामुदायिक विद्यालयमा अध्ययनरत गरिव तथा जेहेन्दार विद्यार्थीका लागि पोशाक तथा शैक्षिक सामाग्री प्रदान गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१५. विद्यार्थीहरुलाई प्राविधिक शिक्षा अध्ययनका लागि प्रोत्साहित गर्न कक्षा ९-१२ र उच्च शिक्षामा प्राविधिक विषय अध्ययन गर्ने विद्यार्थीहरुको लागि छात्रवृति प्रदान गरिनेछ ।

१६. युवाहरुलाई सरकारी सेवामा आकर्षित गरी बढ्दो शैक्षिक बेरोजगारी समस्यालाई न्यूनीकरण गर्न लोक सेवा तथा शिक्षक सेवा आयोगका तयारी कक्षाहरू निःशुल्क रुपमा संचालन गरिनेछ ।

१७. "स्वास्थ्यकालागि खेलकुद राष्ट्रकालागि खेलकुद" भन्ने भनाइलाई आत्मसाथ गर्दै युवाहरुलाई लक्षित गरी पालिका स्तरमा अध्यक्षकप र वडा स्तरमा वडाअध्यक्षकप सहित विभिन्न खेलकुद प्रतियोगिताहरू संचालन गरिनेछ ।

१८. विद्यालय बस संचालन गर्दा विद्यालयलाई परेको आर्थिक व्ययभारलाई कम गर्न इलेक्ट्रिक सवारी बाहेक अन्य वस चालकको हकमा न्यूनतम तलव भत्ता गाउँपालिकाबाट भूक्तान गराउँदै, विद्यालय बस नभएका विद्यालयहरुमा क्रमश बस खरिदको लागि अनुदान प्रदान गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१९. आधारभूत तहमा अध्यापन गर्ने शिक्षकहरुको लागि एकीकृत पाठ्यक्रम तथा आन्तरिक मुल्यांकन सम्बन्धी क्षमता विकास तालिम प्रदान गरिनेछ ।

२०. उत्कृष्ट नतिजा हासिल गर्ने प्रधानाध्यापक, शिक्षक र विद्यार्थीलाई प्रोत्साहन तथा सम्मान गरिनेछ ।

२१. विद्यालयको असल अभ्यास आदान प्रदान गर्न गाउँपालिकास्तरीय शैक्षिक प्रदर्शनी कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाइनेछ ।

२२. गाउँपालिका क्षेत्रभित्र रहेका विद्यालय जाने उमेर समुहका विद्यालय शिक्षाको पहुँचभन्दा बाहिर रहेका सम्पूर्ण विद्यार्थीहरुलाई विद्यालयमा भर्ना हुने वातावरण सिर्जना गर्न आवश्यक कार्य गरिनेछ साथै वडा नं. ४ मा रहेको ज्ञवा बलेटक्सार सामुदायिक सिकाई केन्द्रको कार्यालय व्यवस्थापन गरी शैक्षिक क्रियाकलाप संचालन गर्न प्रभावकारी रुपमा परिचालन गरिनेछ ।

२३. संस्कृत तथा साधारण माध्यमिक विद्यालयमा अध्ययनरत गुरुकुलका विद्यार्थीहरुको दैनिक भोजन, खाजा तथा आवासको लागि आवश्यक व्यवस्थापन गरिनेछ ।

२४. विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्न सूचकको आधारमा विद्यालयहरुको नियमित अनुगमन तथा सुपरीवेक्षण गरी पृष्ठपोषण प्रदान गरिनेछ ।

२५. जनज्योति मा.वि. रिमुवामा अध्ययनरत दृष्टिविहीन विद्यार्थीहरु, रिडीमा रहेको अटिजम पाठशालाका बालबालिकाहरु र अन्य विद्यालयमा अध्ययनरत फरक क्षमता वा अपाङ्गता भएका बालबालिकाहरू लक्षित विभिन्न कार्यक्रमहरू संचालन गरिनेछ ।

२६. आधारभूत तहका विशेष गरी कक्षा १-५ का शिक्षकहरुलाई शिक्षण सिकाई क्रियाकलापमा सहजिकरण गर्नका लागि आवश्यकता अनुसार गणित, विज्ञान र अंग्रेजी विषयका घुम्ती सहजकर्ता शिक्षकहरुको व्यवस्था गरिनेछ ।

२७. नतिजा केन्द्रित हुनेगरी बर्षको कम्तिमा २ महिना प्रत्येक मा.वि.मा आवासीय कक्षा संचालन गर्ने व्यवस्था मिलाइनेछ ।

२८. विद्यार्थीलाई खेल प्रतिको रुचि अभिबृद्धि गर्न र खेलकुदमा थप प्रोत्साहन गर्न सबै माध्यमिक विद्यालयहरुले सेवा प्राप्त गर्ने गरी खेल शिक्षक व्यवस्था गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

२९. क्रिकेट खेलप्रति बढ्दै गइरहेको लोकप्रियतालाई मध्यनजर गरी क्रिकेटको बन्द प्रशिक्षण गर्ने कार्यक्रमलाई शुरु गरिनेछ ।

३०. गाँउपालिकाबाट सञ्चालन गरिने विभिन्न परीक्षा प्रणालीलाई सहज बनाउन प्रश्न बैंकको निर्माण गरिनेछ साथै आवधिक गाँउ शिक्षा योजना लागू गरिनेछ ।

३१. विद्यालयको भौतिक पक्षलाई ध्यान दिँदै भौतिक पूर्वाधार निर्माणको कार्यलाई प्राथमिकता दिइनेछ ।

❖ **स्वास्थ्य**

३२. स्वास्थ्य संस्थाहरुबाट प्रदान गरिने स्वास्थ्य सेवालाई थप प्रभावकारी र गुणस्तरीय बनाइनेछ । थानपति स्वास्थ्य चौकीमा ल्याव सेवालाई विस्तार गरिनेछ ।

३३. सुत्केरी, ज्येष्ठ नागरिक तथा आपांगहरुको स्वास्थ्य परिक्षण तथा दिर्घ रोगबाट ग्रसित नागरिकलाई निःशुल्क औषधी उपलब्ध गराउने लगायतका स्वास्थ्य सेवा प्रदान गर्न संचालित 'घरघरमा स्वास्थ्य सेवा कार्यक्रम' लाई निरन्तरता दिईनेछ।

३४. मानव मष्तिस्कको ८० प्रतिशत विकास बच्चा जन्मेको २ वर्ष भित्रै हुने भएकोले कुपोषणबाट जोगाउन र पोषणको महत्व बुझाउन आमाहरुलाई सुनौलो हजार दिने पोषण सम्बन्धी विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ ।

३५. सुत्केरी तथा अति विपन्न नागरिकहरुलाई निःशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराउनुको साथै सुत्केरी महिलाहरुलाई पोषण प्याकेज वितरण गरिनेछ ।

३६. गर्भवती तथा सुत्केरीहरुलाई निःशुल्क क्याल्सियम चक्की र आइरन चक्की उपलब्ध गराउनुका साथै गर्भवतीहरुको लागि अनिवार्य गर्नुपर्ने रगत तथा पिसाव जाँच निःशुल्क गर्ने व्यवस्था मिलाइनेछ ।

३७. महिला सामुदायिक स्वास्थ्य स्वंमसेविकाहरुको क्षमता अभिवृद्धिको लागि विभिन्न क्रियाकलाप संचालन गर्ने, राम्रो काम गर्नेलाई प्रोत्साहन गर्ने साथै महिला सामुदायिक स्वास्थ्य स्वंमसेविकाहरुको लागि पेन्सन योजनालाइ निरन्तरता दिईनेछ ।

३८. आवश्यकतानुसार सामुदायिक स्वास्थ्य ईकाईहरु स्थापना गर्दै लगिनेछ ।

३९. स्त्री रोग लगायत अन्य समस्याका लागि विशेषज्ञ स्वास्थ्य शिविर संचालन गरिनेछ ।

४०. नसर्ने रोगको स्वास्थ्य समस्यालाई कम गर्न विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ ।

४१. पोषण, प्रजनन स्वास्थ्य लगायत अन्य स्वास्थ्य सम्बन्धी विद्यालय स्वास्थ्य शिक्षा कक्षाहरु सबै विद्यालयमा संचालन गरिने छ। साथै वर्षको १ पटक सबै विधालयमा बिधार्थीको स्वास्थ्य परिक्षण गरिने व्यवस्था मिलाइनेछ ।

४२. एच.आई.भी. संक्रमणलाई न्यूनीकरण गर्न तथा संक्रमितहरुलाई पोषण र शिक्षामा सहयोग तथा सिपमुलक तालिमको लागि विभिन्न कार्यक्रम संचालन गरिनेछ ।

४३. पन्ध्र शैयाको आधारभूत अस्पताल ब्यबस्थापन गरि यसै बर्ष देखि अस्पताल संचालन गर्ने ब्यबस्था मिलाइने छ ।

४४. आयुर्वेद औषधालयको जग्गा प्राप्ती तथा भवन निर्माणका लागि पहल गरिनेछ। साथै योग शिविरहरुको संचालनलाई निरन्तरता दिइनेछ ।

४५. स्वास्थ्य विमा कार्यक्रमलाई थप प्रभावकारी बनाउँदै अति विपन्न नागरिकहरुलाई निःशुल्क स्वास्थ्य बिमा गर्ने ब्यबस्था मिलाइनेछ ।

४६. पूर्ण खोप वडा/गाउँपालिका, पोषणमैत्री स्वास्थ्य संस्था, पोषणमैत्री स्थानीय शासन/तह तथा पूर्ण संस्थागत प्रसुती वडा/पालिका घोषणा गर्ने र घोषणा भैसकेकोलाई सुनिश्चितता गर्ने कार्यलाई निरन्तरता दिईने छ ।

४७. रुरु प्राथमिक स्वास्थ्य केन्द्र रिडीमा सन्चालित आँखा उपचार केन्द्रलाई थप व्यबस्थित गर्दै अन्य वडामा समेत सेवा विस्तार गरिनेछ साथै मोतियाविन्दुको अप्रेशन निःशुल्क गराउने कार्यलाई निरन्तरता दिईने छ ।

४८. गाउँपालिकाका नागरिकहरुलाई उपचारको क्रममा रगत आवश्यक पर्दा रुपन्देही र पाल्पाबाट निःशुल्क रगत उपलब्ध गराउदै आएकोमा चितवन र काठमाण्डौबाट समेत प्राप्त गर्न सक्ने गरी आवश्यक व्यवस्था मिलाइनेछ ।

४९. स्वास्थ्य संस्थाहरुको सेवालाइ ब्यबस्थित गर्न e-Hmis कार्यक्रम बिस्तार गर्ने निति लिइने छ ।

५०. बलेटक्सार स्वास्थ्य चौकीमा गर्भवती महिलाहरुको लागि ग्रामीण भिडियो एक्सरे सेवा प्रारम्भ गर्न आवश्यक व्यवस्था मिलाईनेछ ।

❖ **महिला, बालबालिका, ज्येष्ठ नागरिक, दलित तथा अपाङ्गता सम्बन्धी**

५१. किशोरीहरुको लागि (सेल्फ डिपेन्ड) आत्मरक्षा तालिम सबै माध्यमिक विद्यालयमा दिईने छ।

५२. महिला, बालबालिका, दलित, अल्पसंख्यक, पिछडिएका वर्ग प्रति हुने सबै प्रकारका भेदभाव, हिंसा र शोषणको अन्त्य गर्दै विभेदमुक्त गर्न वडातहबाटै शुरु गरी समग्र रुरुक्षेत्र गाउँपालिकालाई जातीय विभेद तथा छुवाछुत मुक्त घोषणा गर्ने कार्यक्रमलाई अगाडि बढाइनेछ ।

५३. पढ्न पाउने वालवालिकाको नैसर्गिक अधिकारलाई प्राथमिकतामा राखी विद्यालय उमेरका सबै बालबालिकाहरुलाई विद्यालय पहुँचमा पुर्याईनेछ ।

५४. ७० वर्ष नाघेका गाउँपालिका भित्रका सम्पूर्ण ज्येष्ठ नागरिक र (क) वर्गको अपाङ्गता भएका नागरिकहरुका लागि स्वास्थ्य संस्थामा उपलब्ध हुने सबै स्वास्थ्य परिक्षण तथा औषधोपचार पूर्ण रुपमा निःशुल्क गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

५५. आवश्यकता अनुसार ज्येष्ठ नागरिक मिलन केन्द्रको स्थापनालाई निरन्तरता दिइनेछ ।

५६. महिला शसक्तिकरणका लागि सीपमुलक, आयमुलक र चेतनामूलक कार्यक्रमहरु संचालन गरिनेछ ।

५७. गाउँपालिकाको बजेट तथा कार्यक्रमलाई लैंगिक उत्तरदायी बजेट परिक्षण गर्ने व्यवस्था मिलाईने छ ।

५८. गाउँपालिकाका वडाहरुलाई बालबालिकामैत्री वडा घोषणा गर्न कार्यक्रम निरन्तर रुपमा संचालन गरिनेछ ।

५९. स्थानीय रुपमा महिला र पुरुषले गर्ने समान कामको लागि समान ज्यालाको व्यवस्था गर्न आवस्यक पहल गरिनेछ ।

६०. दलित समुदायलाई आत्मनिर्भर हुनेगरी आधुनिक कृषि तथा व्यावसायिक पशुपन्छीपालन कार्यमा अग्रसर बनाईनेछ ।

६१. दलित र गैर दलित समुदायको बीचमा सामाजिक चेतनामूलक कार्यक्रमहरु संचालन गरिनेछ ।

६२. गाउँपालिका भित्र रहेका अनाथ, सडक बालबालिकाहरुको तथ्यांक संकलन गरी उनीहरुको दिगो र उज्ज्वल भविष्यको निमित्त गाउँपालिका आफैले वा अन्य गैरसरकारी संघ संस्थाहरुसंग समन्वय र सहकार्य गरी गुणस्तरीय शिक्षा, स्वास्थ्य लगायत अन्य आधारभूत आवश्यकता परिपूर्तिको लागि आवश्यक पहल गर्ने नीति लिईनेछ ।

६३. अति बिपन्न, सिमान्तकृत, अल्पसंख्यक र लोपउन्मुख समुदायका बालबालिकाको लागि अनिवार्य १२ कक्षा सम्मको अध्यनका लागि प्रोत्साहन गर्न छात्रवृतिका कार्यक्रम संचालन गरिनेछ।

६४. हिसां मुक्त रुरुक्षेत्र गाउँपालिका अभियानलाई निरन्तरता दिई सबै प्रकारका हिंसा विरुद्ध शून्य सहनशीलताको नीति ल्याईनेछ ।

६५. अपाङ्गता भएका नागरिकहरुको दैनिक जीवन सहज तथा सरल बनाउन त्यस्ता व्यक्तिहरुको कृतिम अंग प्रत्यारोपण गर्न अस्पताल र विभिन्न सहयोगी संस्थाहरुसँग समन्वय र सहकार्य मार्फत् कार्यक्रम अगाडि बढाइनेछ ।

६६. ज्येष्ठ नागरिकहरुका लागि स्वास्थ्य बिमा र औषधि उपचारलाई सहज पहुँचयोग्य र सर्वसुलभ बनाउन आवश्यक व्यवस्था मिलाइनेछ ।

६७. विद्यालयस्तरका बालबालिकाहरुको प्रतिभा पहिचान गरी थप प्रोत्साहन गर्ने कार्यक्रमहरु संचालन गरिने नीति लिइनेछ।

६८. उच्च शिक्षामा सहभागिता होस् भन्ने हेतुले स्नातक/स्नाकोत्तर वा अन्य विषयमा उच्च शिक्षा अध्ययन गर्ने विपन्न दलित समुदायका विद्यार्थीलाई छात्रवृती प्रदान गर्ने नीति लिइनेछ।

६९. सबै समुदायका भाषा, कला र संस्कृति संरक्षणका लागि आवश्यक पहल र सहकार्य गरिनेछ ।

७०. दलितहरुका परम्परागत पेशालाई आधुनिकीकरणका लागि मागमा आधारित  पेशागत सामाग्री वितरण कर्यलाई निरन्तरता दिइने छ ।

७१. अपांगता भएका व्यक्तिको माग बमोजिमका सहायता सामाग्रीहरु घरमै पुगेर वितरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

७२. गाउँपालिका भन्दा बाहिर बसोबास गर्ने दिर्घ रोगी ज्येष्ठ नागरिकहरुलाई लक्षित गरी सामाजिक सुरक्षा भत्ता नविकरण गर्न सघन बसोबास भएका र पायक पर्ने अन्य स्थानमा नविकरण क्याम्प संचालन गर्न आवश्यक व्यवस्था गरिनेछ ।

७३. अन्तराष्ट्रिय महिला दिवस लगायत महिला सचेतना सम्बन्धी अन्य कार्यक्रमहरु वडा स्तरमा मनाउने ब्यबस्था मिलाइनेछ ।

## ❖ कला संस्कृति

७४. लोपोन्मुख भाषा, भेषभुषा, संस्कृति, स्थानीय जात्रा, पर्व आदिको संरक्षण र सम्बर्द्धन गर्दै यसको प्रचार प्रसारलाई बढावा दिन थप कार्यक्रम संचालन गरिनेछ ।

७५. यस क्षेत्रमा प्रख्यात जात्रा तथा जाती विशेष कार्यक्रमलाई लक्षित गरी स्थानीयसँगको समन्वयमा मेला महोत्सवको आयोजना गरिनेछ।

७६. सबै जातजातिका भाषा कला संस्कृति र भेषभुषाको संरक्षण गर्दै गित संगित र साहित्यिक कार्यक्रमलाई प्रोत्साहन गरिने छ। यस क्षेत्रमा प्रचलित जाति बिशेष भजन किर्तन, सोरठी नाच, पंन्चे बाजा र सारङ्गीवादनका कार्यक्रम ल्याइनेछ ।

७७. समुदायको सहभागिता र सहयोगमा बृहत महायज्ञ गरी नेपालको चार धाम मध्येको एक रुरुक्षेत्र धाम तथा ऋषि श्रृङ्गिले तपस्या गरेको पवित्र भूमी श्रृङ्गेश्वर धामको ऐतिहासिक, धार्मिकर सास्कृतिक महत्वलाई थप उजागर गर्दै आन्तरिक पर्यटनलाई विस्तारका लागि आवश्यक व्यवस्था गरिनेछ ।

७८. माघे संक्रान्तिको अवसरमा लाग्ने यस क्षेत्रकै ठूलो मेलाको रुपमा रहेको रिडी माघीमेलामा स्थानीय संघसंस्थाको समन्वय र सहकार्यमा धार्मिक महोत्सव तथा जीवन ज्ञान योग शिविर सञ्चालनको लागि आवश्यक पहल गरिनेछ ।

७९. धार्मिक तथा पर्यटकीय क्षेत्रहरुमा नियमित रेखदेख, मर्मत संभार र संरक्षणको लागि आवश्यक व्यवस्था गर्न सम्बन्धीत समितिसँगको समन्वयमा कार्य अगाडि बढाइनेछ ।

## ❖ खानेपानी तथा सरसफाई

८०. खानेपानीको पहुँच नागरिकको घरदैलोमा पुर्याउँदै गाउँपालिकालाई "**एक घर एक धारा**" पूर्ण गाउँपालिका घोषणा गर्न आवश्यक व्यवस्था मिलाईनेछ ।

८१. खानेपानीको मूल, रिर्जभिङ्ग ट्यांकी र धाराको पानीको शुद्धता परिक्षण गर्न खानेपानी परिक्षण ल्याब स्थापना गरी खानेपानीको शुद्धता र गुणस्तरीयता परिक्षण गर्ने कार्य खानेपानी तथा सरसफाई उपभोक्ता समितिसँगको सहकार्यमा अगाडि बढाईनेछ।

८२. गाउँपालिकाको खानेपानी तथा सरसफाई शुद्धता योजना अनुसार थप भएका खानेपानी आयोजनाहरुको विवरण अध्याबधिक गरी नयाँ योजना संचालनको लागि वास प्लानको प्राथमिकीकरणका आधारमा संचालन गरिने व्यवस्था मिलाईनेछ।

८३. जलवायु परिवर्तन संगै देखिएको लामो खडेरी र सुख्खा मौसममा पानीका मूलहरु सुक्ने सम्भावना प्रवल देखिएकोले मूल संरक्षणका कार्यक्रमहरु संचालन गरिने छ ।

८४. स्थानीय टोल समुदायमा **पानी जीवन हो, यसको संरक्षण गरौं** जस्ता अभियान संचालन गरिनेछ ।

८५. लिफ्टिङ्ग पद्धतिबाट खानेपानी सेवा प्रवाह गर्ने खानेपानी उपभोक्ता समितिहरुलाई प्रदान गरिंदै आएको बिद्धुत महसुलमा दिइने अनुदानको कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

८६. रातेडाँडा, जौखोला लगायत सम्भाब्यता भएका स्थानहरुमा डिप बोरिङ्गको कार्य अगाडि बढाइनेछ । डिप बोरिङ्गबाट पानीको संचालन भएका खानेपानी आयोजनाले समुदायस्तरबाटै कम्तिमा २ वटा पानी संकलन हुने पोखरी निर्माण गर्नुपर्ने नीति संचालनमा ल्याइनेछ ।

## *(ख) आर्थिक विकास तर्फ:*

### ❖ कृषि तथा कृषि उत्पादन व्यवस्थापन सम्बन्धी

८७. साझेदारी संस्थाहरूसँगको सहकार्य र समन्वयलाई सुदृढ बनाउँदै, हाल सञ्चालनमा रहेको रुरु कृषि परियोजना मार्फत कृषकहरूको उत्पादन क्षमतालाई अभिवृद्धि गर्दै, कृषि तथा पशुपालन क्षेत्रलाई आधुनिक प्रविधिमैत्री बनाउने र उत्पादित वस्तुको व्यवस्थित बजार पहुँच सुनिश्चित गरिनेछ।

८८. साझेदारी संस्थाहरूसँगको सहकार्य र समन्वयलाई सुदृढ बनाउँदै, हाल सञ्चालनमा रहेको रुरु कृषि परियोजना मार्फत कृषकहरूको उत्पादन क्षमतालाई अभिवृद्धि गर्दै, कृषि तथा पशुपालन क्षेत्रलाई आधुनिक प्रविधिमैत्री बनाउने र उत्पादित वस्तुको व्यवस्थित बजार पहुँच सुनिश्चित गरिनेछ।

८९. कृषियोग्य जमिनको अव्यवस्थित प्रयोगबाट बच्न भू-उपयोग नीतिको प्रभावकारी कार्यान्वयन मार्फत् जमिनको दीर्घकालीन संरक्षण गरिनेछ। कृषि पेशालाई व्यावसायिक र दिगो स्वरूपतर्फ उन्मुख गराउन आवश्यक संरचनात्मक तथा संस्थागत सहयोग पुऱ्याइनेछ।

९०. **कृषकसँग प्राविधिक** कार्यक्रमलाई जनमुखी बनाउँदै कृषकले भोगिरहेका बालीसम्बन्धी समस्याहरूको समाधानका लागि कृषकको घर दैलोमै दक्ष प्राविधिकहरू परिचालन गरिनेछ। समस्या समाधान मात्र होइन दीर्घकालीन सुधारको परामर्श समेत प्रदान गरिनेछ ।

९१. बालीहरूको संरक्षण तथा रोगकीराबाट जोगाउन आवश्यक मात्रामा विषादीको वैज्ञानिक छनोट, खरिद र वितरण गरिनेछ। जैविक विषादीको वितरण प्रक्रिया सहज बनाउँदै वडा कार्यालय, कृषिविकास शाखा तथा प्राविधिकहरूमार्फत् कृषक समक्ष सहजरुपमा उपलब्ध गराइनेछ ।

९२. **"एक वडा एक उत्पादन"** नीति अन्तर्गत प्रत्येक वडाको विशेषतालाई पहिचान गरी त्यसलाई प्रमुख उत्पादनको केन्द्र बनाइनेछ। यस मार्फत् उखु, लिची, सुन्तला, कागती, आलु, मेवा, कफी, आँप र अन्य तरकारीजस्ता क्षेत्रीय बलियता भएका बालीहरूमा आत्मनिर्भरता हासिल गर्दै आर्थिक समृद्धिको आधार तय गरिनेछ।

९३. विभिन्न मौसम र भौगोलिक अवस्था अनुसार आवश्यक उन्नत जातका बिउबिजनको समयमै उपलब्धता सुनिश्चित गरी कृषकको उत्पादन क्षमतामा गुणात्मक रूपान्तरण गरिनेछ।

९४. व्यवसायिक कृषकहरूको श्रमको सम्मान गर्दै उनीहरूको आवश्यकता र माग अनुसार आधुनिक कृषि यन्त्र, उपकरण र सामग्रीहरूमा अनुदानको व्यवस्था गरी वितरण कार्यलाई सहज, वैज्ञानिक र उत्पादकमूलक बनाईनेछ।

९५. गाउँपालिकाभित्र रहेका सम्पूर्ण कृषकहरूको विवरण संकलन गरी उनीहरूको सीप, उत्पादन र पूँजीगत क्षमताको आधारमा कृषक वर्गीकरण प्रणाली लागु गरिनेछ।

९६. कृषकहरुलाई समयमै रासायनिक मल उपलब्ध गराउनका लागि रिडीबजारमा सहकारी संस्थासँगको सहकार्यमा रासायनिक मलको बिक्री तथा भण्डारण व्यवस्थापन प्रभावकारी बनाइनेछ ।

९७. जग्गाभाडामा लिएर खेती गर्दै आएका मेहनती कृषकहरूलाई जग्गा भाडामा अनुदान कार्यक्रम यथावत राख्दै उनीहरूको श्रमको संरक्षण गरिनेछ र भूमिहीन कृषकहरूको आर्थिक सुरक्षामा टेवा पुऱ्याइनेछ।

९८. गाउँपालिकामा निर्माणाधीन कोल्डस्टोरलाई शीघ्र सम्पन्न गरी छिमेकी गाउँपालिकाहरू र निजीक्षेत्रसँगको सहकार्यमा कृषि उपजको दीर्घकालीन भण्डारण, संरक्षण र मूल्य स्थिरता कायम गरिनेछ ।

९९. हाम्रा पूर्वजहरूले जोगाइराखेका रैथाने बालीहरूको संरक्षण र प्रवर्द्धनलाई प्राथमिकता दिइनेछ।रैथाने बालीलाई आधुनिक कृषि प्रणालीसँग जोड्दै जैविक विविधताको संरक्षणमा जोड दिइनेछ ।

१००. उखु खेतीलाई सम्पूर्ण वडामा विस्तार गर्न उखु खेति प्रवर्द्धन कार्यक्रम गरिनेछ र वस्तु विविधिकरण, गुड, खुदोको ब्रान्डीङ्गको माध्यमबाट बजारसँग सीधा सम्पर्क स्थापना गरी किसानलाई लाभदायक मूल्यमा उपज विक्रि गर्न सहजता प्रदान गर्दै उखुमा उत्पादनमा आधारित अनुदान दिने व्यवस्था मिलाईनेछ ।

१०१. अदुवा, बेसार लगायत अन्य मसलाजन्य वालीको खेतीलाई व्यवसायिक स्वरूपमा रूपान्तरण गर्न उन्नत बिउमा अनुदानको व्यवस्था मिलाई बजारीकरणका लागि आवश्यक उपकरण र मेसिनहरूको आपूर्ति गरिनेछ।

१०२. माटोको गुणस्तर अनुसार बालीको छनोट, मलखादको मात्रा निर्धारण र उत्पादनमा बृद्धि गर्न माटो परीक्षण सेवा सबै कृषकलाई निःशुल्क प्रदान गरिनेछ।

१०३. रुरुक्षेत्रको भू-आकृति र जलवायु अनुरूप कफीखेतीको प्रवर्द्धन गरिनेछ।यस खेतीको व्यावसायिकरण तथा अन्तर्राष्ट्रिय बजार सम्मको पहुँच विकासका लागि आवश्यक संरचना र सहकार्यको व्यवस्था गरिनेछ।

१०४. वन्यजन्तुबाट कृषि क्षेत्रमा हुने क्षति न्यूनीकरण गर्न वैज्ञानिक उपायहरू अवलम्बन गर्दै वन्यजन्तु नियन्त्रण कार्यक्रमहरू सञ्चालन गरिनेछ।

१०५. अकबरे खुर्सानीजस्ता उच्च मूल्यका बालीलाई व्यवसायिक खेती गर्न प्रोत्साहित गरि यसमार्फत कृषकको आम्दानीमा प्रत्यक्ष वृद्धिहुने गरी आवश्यक नीति लिइनेछ ।

१०६. कृषि तथा पशुजन्य उत्पादनको विक्रि वितरणलाई व्यवस्थित, पारदर्शी र सशक्त बनाउँदै सहकारीहरूको माध्यमबाट सामूहिक बजार व्यवस्थापन प्रणाली स्थापना गरिनेछ।

१०७. स्थानीय उत्पादनहरूको बजारीकरण प्रवर्द्धन गर्न आवश्यकता अनुसार कोसेलीघरहरू, सङ्कलन केन्द्रहरू स्थापना गरी कृषकलाई बजारमा सहज पहुँच दिने संरचना तयार गरिनेछ।

१०८. स्थानीय उत्पादनहरूको प्रचार, कृषकको हौसला वृद्धि र उपभोक्ता सम्म सम्पर्क विस्तार गर्न कृषि मेला तथा प्रदर्शनीहरू आयोजना गरिनेछ।

१०९. सिचाइको पहुँच नपुगेका क्षेत्रमा सामुदायिक तथा लिफ्टिङ्ग सिचाई प्रणालीहरू स्थापना गरिनेछ। आवश्यकता अनुसार सिंचाई लिफ्ट आयोजनालाई अनुदानको व्यवस्था गरिनेछ ।

११०. कृषि क्षेत्रमा लागेर कृषि उत्पादनमा उल्लेखनीय योगदान गर्ने प्रगतिशील ठूला कृषकहरूलाई सार्वजनिक रूपमा सम्मान गरी कृषकलाई प्रोत्सहान गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१११. कृषिमा लगानी बृद्धि गर्नका लागि बैंकबाट ऋण लिई व्यवसायिक कृषि तथा पशुपालन गरेका कृषकलाई ऋणमा ब्याज अनुदान प्रदान गर्ने कार्यलाई निरन्तरता दिईनेछ।

११२. कृषकको सहज सेवा प्रासिका लागि समय समयमा कृषि घुम्ती शिविरहरू सञ्चालन गरी कृषकलाई प्रत्यक्ष सेवा, जानकारी र सहजीकरण गरिनेछ ।

११३. कृषक र प्राविधिकहरूको सीप अभिवृद्धिका लागि आन्तरिक अवलोकन भ्रमण, व्यवहारिक तालिम र कार्यशाला तथा नयाँ प्रविधि प्रयोग गर्ने वातावरण सिर्जना गरिनेछ ।

११४. स्वस्थ कृषि उत्पादन गर्न रासायनिक मल तथा विषादीको बढ्दो प्रयोगलाई निरुत्साहित गर्दै प्राङ्गारिक मल र स्थानीय स्तरको जैविक विषादीको प्रयोगलाई प्रोत्साहन गरिनेछ साथै जंगली वन्यजन्तुबाट कृषि बालीको संरक्षण गर्नका लागि हेरालुको व्यवस्था गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

११५. कृषकहरुले मौसम अनुसार उत्पादन गर्ने आफ्नो उत्पादन आफै विक्री गर्न सक्ने गरी मुख्य सडक क्षेत्रमा आवश्यकता अनुसार कृषि उपज विक्री संरचनाहरु निर्माण गरिनेछ ।

११६. कृषकहरुको आयआर्जनसँग सम्बन्धत गरिवसँग विश्वेश्वर कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ ।

## ❖ पशुपालन तथा पशु स्वास्थ्य सम्बन्धी

११७. पशुपालक किसानलाई गुणस्तरीय सेवा पुर्याउने उद्देश्यले प्राविधिक टोलीद्वारा गोठमै पुगेर पशुको उपचार, परामर्श र निःशुल्क औषधि वितरणको व्यवस्था गरिनेछ।

११८. पशुधनको दीर्घकालीन सुधार र उत्पादन क्षमताको वृद्धि सुनिश्चित गर्न निःशुल्क कृत्रिम गर्भाधान कार्यक्रमलाई निरन्तरता दिइनेछ।

११९. पशु स्वास्थ्यको वैज्ञानिक मूल्याङ्कनका लागि गोबर परीक्षण, दुग्ध परीक्षण, उपचार तथा औषधि वितरण सेवा दक्ष प्राविधिक द्वारा निःशुल्क रूपमा उपलब्ध गराइनेछ।

१२०. पशुपालनलाई सफा, सुरक्षित र दिगो बनाउँदै आधुनिक गोठ तथा खोर सुधार कार्यक्रम र प्राङ्गारिक मल उत्पादनको अभ्यासलाई विस्तार गरिनेछ।

१२१. पशुलाई पोषणयुक्त राम्र स्थानीय स्रोतको प्रभावकारी उपयोग गरी पोषण युक्त डाले घाँस र भुइ घाँस उत्पादनमा कृषकलाई उत्प्रेरित गरिनेछ ।

१२२. व्यावसायिक प्रजनन प्रणालीलाई बलियो बनाउँदै उन्नत जातका बाख्राका बोका र राँगाको प्रवर्द्धन गरिनेछ।

१२३. सामाजिक समाबेशीलाई आत्मसाथ गर्दै अति विपन्न वर्गका किसानहरूलाई लक्षित गरी बाख्रा, बंगुर, माछा तथा कुखुरा पालन कार्यक्रममा अनुदानको व्यवस्था गरिनेछ।

१२४. जनस्वास्थ्य र पशु कल्याणलाई ध्यानमा राख्दै सामुदायिक कुकुरको नियन्त्रणका लागि बन्ध्याकरण कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१२५. सुक्खा समयमा हुने घाँसको कमीको समाधान स्वरूप साइलेज उत्पादनमा कृषकलाई आवश्यक बीउ र उपकरणको उपलब्धता सुनिश्चित गरी प्रोत्साहन गरिनेछ ।

१२६. पशुमा लाग्ने महामारी जन्य रोगहरूको रोकथामका लागि गाई, भैंसी, बाख्रा, सुँगुर, कुखुरा तथा कुकुरमा आवश्यक खोपहरू सिधैं गोठमै पुर्याई लगाइनेछ।

१२७. पशुमा देखिने बाझोपन समस्याको स्थायी समाधान गर्न प्राविधिक तथा विज्ञ टोलीद्वारा गोठमै सेवा उपलब्ध गराउने कार्यको निरन्तरता गरिनेछ।

१२८. परिश्रम अनुसार प्रतिफल सुनिश्चित गर्न पशुपालकको उत्पादन क्षमतालाई आधार मानेर अनुदान प्रदान गरिने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१२९. पशुमा देखा पर्ने रोगहरूको समयमै पहिचान गर्न नमुना सङ्कलन गरि प्रयोगशालामा परीक्षण गरिने र आवश्यक नियन्त्रण कार्यहरू तुरुन्त अघि बढाइनेछ।

१३०. उत्पादन सम्भाव्यताका आधारमा गाउँपालिकाका विभिन्न क्षेत्रहरुलाई कृषि उत्पादन विशेष पकेट क्षेत्रको रुपमा विकास गर्ने, कृषि क्षेत्रमा आत्मनिर्भर बन्न सहयोग पुर्याउने मेहनति कृषकहरुलाई दुध, मासु र अण्डामा दिईदै आएको अनुदानलाई निरन्तरता दिंदै निर्यात प्रवर्द्धन गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

१३१. व्यवसायिक पशुपालनमा सहुलियत र प्रविधिको पहुँच विस्तार गर्न आवश्यक उपकरण तथा सामग्री अनुदानमा प्रदान गरिनेछ ।

१३२. सेवा पहुँच सबै तहसम्म पुर्याउन गाउँपालिकाका विभिन्न स्थानमा पशु स्वास्थ्य शिविरहरू सञ्चालन गरिनेछ।

१३३. कृषक तथा प्राविधिकको ज्ञान, सीप र अनुभव सुदृढ गर्न व्यावसायिक फर्महरूको अवलोकन भ्रमण तथा दक्षतामूलक तालिमको व्यवस्था गरिनेछ।

१३४. बाख्राको स्रोत केन्द्र निर्माणको लागि वडा नं. १, २ र ६ मा विशेष कार्यक्रम संचालन गरिनेछ ।

१३५. कृषि, पशुपन्छी तथा मत्स्य व्यवसायमा हुने जोखिमहरुको आर्थिक सुरक्षण गर्न बाली तथा पशुधन बीमा कार्यक्रम सञ्चालन गर्न आवश्यक पहल गरिनेछ ।

### ❖ बैक, वित्तीय संस्था तथा सहकारी सम्बन्धी

१३६. बैंक तथा लघुवित्त संस्थाहरुको सहयोग र समन्वयमा वित्तीय साक्षरता अभिवृद्धि हुने कार्यक्रमहरु नियमित रुपमा संचालन गरिनेछ ।

१३७. बैंक तथा वित्तीय संस्थाहरुको सामाजिक उत्तरदायित्व अन्तर्तगतका कार्यक्रमलाई साझेदारी अवधारणामा संचालन गर्न आवश्यक पहल गरिनेछ ।

१३८. स्थानीय स्रोतको उपयोग, सेवा पहुँच र आर्थिक सशक्तीकरणमा पालिकासँग सहकार्य गर्दै सहकारी संस्थालाई साझा कार्यक्रम सञ्चालन गर्न प्रोत्साहित गरिनेछ ।

१३९. सहकारी संस्थामा शुसासन र पारदर्शिता कायम गर्दै संस्थाका संचालक, लेखा सुपरिवेक्षण समितिका पदाधिकारी र व्यवस्थापकलाई थप प्रतिष्पर्धी र प्रविधिमैत्री बनाउन आवश्यक तालिम तथा सहकारी शिक्षा प्रदान गरिनेछ।

१४०. लामो समयदेखि निष्क्रिय रहेका सहकारी संस्थाहरूको कानूनी प्रक्रिया अनुसार खारेजी गर्दै एउटै उद्देश्यमा आधारित साना सहकारी संस्थाहरूलाई आवश्यकतानुसार एकीकरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

१४१. बहुउद्देश्यीय र उत्पादनमूलक सहकारी संस्थालाई थप प्रबर्द्धन गर्न उत्पादन र बजारीकरणमा प्रोत्साहनका कार्यक्रम अगाडि ल्याइनेछ ।

### ❖ लघु, घरेलु, साना उधोग तथा वाणीज्य सम्बन्धी

१४२. जातजाती विशेष संस्कार र प्रचलन संरक्षणसँगै आर्थिक समृद्धिमा समेत योगदान दिन विभिन्न समुदायहरूसँगको सहकार्यमा जातीय संस्कार पहिचान स्वरूप उत्पादन हुने स्थानीय सगुनको ब्रान्डिङ्ग कार्य अगाडि बढाइनेछ ।

१४३. रोजगारी सिर्जना र उत्पादन वृद्धि गर्न स्थानीय स्तरमा उपलब्ध कच्चा सामग्रीको उपयोग गर्दै बजारको मागअनुसार लघु उद्यम व्यवसाय प्रवर्द्धन गर्न गाउँपालिकामार्फत् एकीकृत सेवा प्रणालीको व्यवस्था गरिनेछ।

१४४. परम्परागत सीपमा आधारित स्थानीय जनशक्तिलाई आवश्यक तालिम, उपकरण र प्रविधिको पहुँच दिलाई आधुनिक उद्यमसँग जोड्ने व्यवस्था गरिनेछ ।

१४५. गुणस्तर, नापतौल र मूल्यमा एकरूपता ल्याउन साथै उपभोक्ताको हित र विश्वास संरक्षण गर्न मासिक रूपमा बजार अनुगमन तथा निरीक्षण गरिनेछ ।

१४६. गुणस्तरीय वस्तु सेवा प्रवाह र उपभोक्ता अधिकारको प्रत्याभूति गर्न संघीय तथा प्रादेशिक निकायहरूसँग आवश्यक समन्वय गरी नापतौल तथा गुणस्तरका मापदण्डमा एकरूपता कायम गरिनेछ।

१४७. स्थानीय स्तरमा लघु उद्यमशीलताको विकासमार्फत आर्थिक सशक्तीकरण सुनिश्चित गर्न लघु उद्यम कार्यक्रमलाई प्रभावकारी रूपमा अगाडि बढाइनेछ।

## ❖ पर्यटन सम्बन्धी नीति

१४८. मदन भण्डारी राजमार्ग अन्तर्गत रुरुक्षेत्र गाउँपालिकाभित्र रहेका अग्ला पर्खालहरूमा प्लास्टर गराई स्थानीय संस्कृति र पहिचान झल्कने चित्रहरू अंकित गरी पर्यटकीय गन्तव्यलाई आकर्षक बनाउनेछ।

१४९. मुस्ताङको मुक्तिनाथ र दामोदरकुण्डबाट उत्पत्ति भई हाम्रो गाँउपालिका हुँदै बग्ने कालीगण्डकी नदीको शालग्राम रिडीको शालग्राम मन्दिरमा स्थापना गरी धार्मिक तथा सांस्कृतिक प्रचार प्रसारलाई प्रवर्द्धन गरिनेछ।

१५०. रिडीमा गंगा स्नान गर्न धार्मिक पर्यटकहरूका लागि सुव्यवस्थित कुण्ड निर्माण गर्ने कार्यलाई अगाडि सारिनेछ ।

१५१. कालीगण्डकी गाँउपालिका, स्याङ्जा र रुरुक्षेत्र गाँउपालिकाको साझेदारीमा रिडीमा जिपलाइन निर्माण गरी स्थानीय संघ संस्थाहरुसँगको सहकार्यमा संचालन गरिनेछ।

१५२. पर्यटकहरुको आवागमनलाई सहज बनाउन गाउँपालिकाभित्रका मुख्य सडक मार्गहरूमा सु—स्पष्ट संकेतसहितको जानकारी बोर्डहरू स्थापना गरिनेछ ।

१५३. कालीगण्डकी नदीमा पाइने शालग्रामको ऐतिहासिक र धार्मिक महत्व उजागर गर्न शालिग्राम महोत्सवको आयोजना गरिनेछ।

१५४. स्थानीय संस्कार, संस्कृती, भेष—भूषा र परम्परागत पहिचानको संरक्षण र प्रवर्द्धन गर्न विभिन्न जात्रा र महोत्सवहरूको आयोजनालाई निरन्तरता दिइनेछ।

१५५. मुख्य बजार क्षेत्रहरूमा सौन्दर्यीकरण तथा रात्रीको समयमा सुरक्षा संवेदनशीलता ध्यान दिँदैं स्ट्रिट लाइट, मास्क लाइट तथा सिसिटिभी क्यामेरा जडान गरिनेछ।

१५६. रुरुक्षेत्र भित्रका प्रमुख धार्मिक पर्यटकीय स्थलहरूमा समुचित पूर्वाधार निर्माण, मर्मत र नियमित रेखदेख मार्फत एकिकृत पर्यटकिय गन्तव्यको रूपमा विकास गर्ने नीति लिइनेछ ।

१५७. गाउँपालिकामा पर्यटन व्यवसायको विकास र प्रवर्द्धन गर्न होटल व्यवसायहरूसँगको सहकार्यमा पर्यटन सम्मेलनको आयोजना गरिनेछ।

१५८. रिडीमा सञ्चालित गंगा आरतीलाई थप व्यवस्थित र नियमित गर्दै निरन्तरता दिइनेछ ।

१५९. धार्मिक क्षेत्र आसपासमा शाकाहारी होटल सञ्चालन गर्ने व्यवसायीलाई प्रोत्साहन गर्ने कार्यक्रम अगाडि सारिनेछ ।

१६०. रुरुक्षेत्रमा उत्पादन हुने स्थानीय वस्तुलाई मायाको चिनोको रुपमा विकास गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

## ❖ रोजगार सम्बन्धी

१६१. अन्तर्राष्ट्रिय श्रमिक दिवसको अवसर पारेर मे १ मा श्रमिकहरूसँग श्रमको सम्मान स्वरूप विशेष कार्यक्रम आयोजना गरीश्रमिक प्रतिको सम्मान र सामाजिक मूल्यमा अभिवृद्धि गरिनेछ।

१६२. पालिका क्षेत्रभित्र रहेका बेरोजगार युवाहरूको अद्यावधिक अभिलेख तयार गरी उनीहरूको अवस्था विश्लेषण गरी लक्षित कार्यक्रम निर्माण गरिनेछ।

१६३. बेरोजगार युवाहरूलाई स्थानीय विकास निर्माणका कार्यहरूमा सहभागी हुन पाउने अवसर सुनिश्चित गर्ने नीति अवलम्बन गरिनेछ ।

१६४. युवाहरूको आवश्यकता र रुचिको आधारमा विभिन्न सिपमूलक तालिम, गोष्ठी तथा क्षमता विकास कार्यक्रम सञ्चालन गरी रोजगारी र उद्यमशीलतामा अग्रसर बनाइनेछ ।

१६५. युवाहरूलाई व्यवसायिक कृषि र पशुपालनतर्फ आकर्षण बढाउन विभिन्न प्रेरणादायी कार्यक्रम र सहुलियतपूर्ण नीति लागू गरी उत्पादनमूलक कार्यमा लगाइनेछ ।

## *(ग) पूर्वाधार विकास तर्फः*

### ❖ सडक पूर्वाधार र विकासः

१६६. यातायात गुरुयोजना (MTMP) र आवधिक योजनामा आधारित प्राथमिकताका सडकहरुमा बजेट विनियोजन गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

१६७. सबै वडालाई पालिकाको केन्द्रसँग जोड्ने वडा पहुँचमार्ग यसै बर्प सम्पन्न हुने गरी कार्य गर्न आवश्यक व्यवस्था गरिनेछ ।

१६८. जोखिमयुक्त स्थानमा आवश्यक सावधानि अपनाउने संकेत तथा कोडहरुको प्रयोग गरी हुन सक्ने जोखिमलाई न्युनिकरण गर्न आवश्यक व्यवस्था गरिनेछ ।

१६९. गाँउपालिकामा रहेको ब्याकुलोडरलाई स्वचालित रुपमा संचालन गर्नका लागि बार्षिक योजना बनाई सो बमोजिम कार्य गर्ने वातावरण मिलाइनेछ ।

१७०. गाँउपालिकाका प्रमुख सडकहरुको नाली नियमित रुपमा सफाई तथा मर्मत गर्ने नीति लिईनेछ ।

१७१. स्तरोन्नती भएका सडकहरुको लागि प्राथमिकताका आधारमा DPR तयार गरी कालोपत्रे गर्ने नीति अगाडि सारिनेछ ।

१७२. **नालीनै सडक संरक्षणको मेरुदण्ड** हो भन्ने अभियानलाई सार्थकता दिँदै सडक निर्माण तथा स्तरोन्नती गर्दा नाली निर्माणको कार्यलाई प्राथमिकतामा राखिनेछ ।

१७३. गाउँपालिकाभित्र निर्माण हुने सडक तथा भवनमा पालिकाको ब्याकुलोडर र टयाक्टरको प्रयोगलाई प्राथमिकतामा राखिनेछ ।

### ❖ भवन तथा सहरी विकासः

१७४. सामुदायिक भवन, शैक्षिक संस्था, स्वास्थ्य चौकी लगायतका नयाँ संरचनाहरु भूकम्प प्रतिरोधात्मक, अपाङ्गमैत्री र बातावरणमैत्री हुने गरी निर्माण गरिनेछ ।

१७५. निर्माण कार्यमा राष्ट्रिय भवन संहिताको पूर्ण पालना गर्दै नयाँ भवनको नक्सा स्वीकृति तथा पुराना घरको अभिलेखिकरणलाई थप व्यवस्थित गर्न आवश्यक जनशक्तिको व्यवस्थापन गरिनेछ ।

१७६. नागरिकको स्वस्थ जीवनयापनको लागि उपर्युक्त स्थानहरुमा खुल्ला ब्यायामशालाको निर्माण कार्य थप विस्तार गरिनेछ ।

❖ **उर्जा र संचार सम्बन्धीः**

१७७. पूर्ण रुपमा पुराना काठका पोल विस्थापित गरी स्टिल पोलले प्रतिस्थापन गर्ने नीति लिइनेछ ।

१७८. बजार क्षेत्रहरुमा पुराना बिद्युतीय तारलाई नयाँ ABC तारले प्रतिस्थापन गरिनेछ ।

१७९. आवश्यकता अनुसार साझेदारीमा विद्युतीय चुलो वितरण कार्यलाई निरन्तरता दिइनेछ ।

१८०. पुराना संरचनाहरुको स्थायित्व कायम गर्न वार्षिक मर्मत संभार योजना लागू गर्ने नीति लिइनेछ ।

❖ **मर्मत संभार तथा हेरचाह प्रणालीः**

१८१. मुख्य सडकमा सडकको मर्मत संभार गर्नको लागि लेन्थ वर्कर र आकस्मिक मर्मतको लागि मर्मत संभार कोषको स्थापना गरिनेछ ।

१८२. प्रमुख पूर्वाधारहरुको समयमै निरीक्षण र सुधार, सुझाव दिने प्रणालीको विकास गरिनेछ ।

१८३. सबै योजना कार्यान्वयनमा स्थानीय टोल विकास संस्था, निर्माण व्यवसायी र प्राविधिक शाखासँगको सहकार्यमा अघि बढाइनेछ ।

१८४. पूर्वाधार निर्माणको स्थलगत निरीक्षण गरी प्रगति प्रतिवेदनलाई त्रैमासिक समीक्षा गर्ने नीति लिइनेछ ।

१८५. संघीय सरकार र प्रदेश सरकार अन्तर्गतका कार्यालयबाट संचालन हुने योजनाहरुको अनुगमन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१८६. पालिकास्तरीय अनुगमन टोलीमा सरोकारवालाहरुको सहभागिता हुने कार्यलाई अगाडि बढाइनेछ ।

## *(घ) वन, वातावरण तथा विपद् व्यवस्थापन तर्फः*

❖ **वन सम्बन्धी नीतिः**

१८७. नदि उकास, नाङ्गा डाँडा तथा बाँझो जमिनमा आयमुलक प्रजातिका बोट विरुवाको रोपण गर्न स्थानीय संघ संस्था तथा समुदाय संग सहकार्य गरी हरियाली प्रवर्धन गरिनेछ ।

१८८. वनजंगललाई आगलागी तथा डढेलो नियन्त्रण गर्न अग्नि रेखा निर्माण गरिनेछ।

१८९. वन, वन्यजन्तु, जलाधार तथा प्राकृतिक स्रोतको संरक्षण तथा व्यवस्थापन सम्बन्धी आवश्यक कार्यक्रम स्थानीय संघ/संस्था, टोल विकास संस्था परिचालन गरी गरिनेछ ।

१९०. रैथाने वन तथा विरुवाको संरक्षण एवं मुल्यवान प्रजातिका बोटबिरुवाको संरक्षण गरिनेछ ।

१९१. सामुदायिक वनको संस्थागत विकासका लागि आवश्यक नीति कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

१९२. पालिका क्षेत्र भित्र पर्ने संघीय तथा प्रादेशिक सडकको दायाँ बाँया आयमुलक प्रजातिका बोट विरुवाको रोपण गर्ने कार्यलाई प्रथमिकता दिई हरियाली क्षेत्रको विस्तारमा जोड दिइनेछ ।

१९३. पालिका क्षेत्र भित्र भएका सार्वजनिक जग्गाको नापि र मालपोत कार्यालयसँग समन्वय गरी छानविन गरिनेछ ।

१९४. बस्तीको नजिक रहेका, बस्तीलाई जोखिम पार्ने खालका निजी रुखहरुलाई कटानको लागि गाँउपालिकाबाट आवश्यक कार्यविधि निर्माण गरी कार्यान्वयन गरिनेछ ।

१९५. सार्वजनिक स्थलमा वर, पिपल र शमीका विरुवाहरु रोपणको कार्यलाई निरन्तरता दिइनेछ ।

❖ **वातावरण सम्बन्धी नीतिः**

१९६. विकास निर्माणका कार्य गर्दा वातावरणमैत्री विकासमा जोड दिइनेछ।जलवायु अनुकूलनका कार्यक्रम संचालन गरिनेछ ।

१९७. वातावरण संरक्षणका लागि सार्वजनिक पाटी, पौवा, पोखरी तथा चौताराहरुको संरक्षण गरिनेछ ।

१९८. धार्मिक स्थल, बजार क्षेत्र, टोल वा अन्य सार्वजनिक क्षेत्रमा फोहोरमैला फाल्न पूर्ण रुपले प्रतिवन्ध लगाइ फोहोरमैला व्यवस्थापन प्रणालीलाई प्रभावकारी वनाइनेछ साथै फोहोरलाई मोहोरमा परिणत गरी गाउँपालिकाको आन्तरिक आयमा मद्दत पुर्याउने बारे आवश्यक अध्ययन गरिनेछ ।

१९९. बलेटक्सार र रिडीमा रहेको ल्याण्डफिल्ड साइडमा कुहिने र नकुहिने गरी फोहोरको बर्गिकरण तथा ब्यवस्थापन गर्ने व्यवस्था मिलाइनेछ जसको लागि बलेटक्सार, रानीबास र रिडी बजार क्षेत्रका घरहरुलाई ५०प्रतिशत अनुदानमा कुहिने र नकुहिने फोहोर संकलन गर्ने डस्टबिन उपलब्ध गराई कुहिने र नकुहिने फोहोर हप्ताको १/१ पटक फरक दिनमा र सिसाजन्य फोहोर महिनाको १ पटक संकलन गर्ने व्यवस्था मिलाइनेछ ।

२००. बातावरण संरक्षण, जलबायु परिवर्तन लगायतका विषयहरुमा सचेतनामुलक कार्यक्रमहरु संचालन गरी स्थानीयलाई थप जिम्मेवारी बनाउने नीति लिइनेछ ।

२०१. पूर्वाधार आयोजनाहरुको कार्यान्वयन गर्दा त्यस्ता आयोजनाहरुले वातावरणमा पार्ने असर न्यूनीकरणको लागि आवश्यकता अनुसार प्रारम्भिक वातावरणीय परीक्षण (IEE) र वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन गरिनेछ ।

२०२. पानीको मुहान संरक्षणको लागि आवश्यकता अनुसार पोखरी निर्माणको कार्यलाइ निरन्तरता दिइनेछ र त्यसरी पोखरी निर्माण गर्ने जग्गाको छनौट गर्दा पालिका स्तरिय अनुगमन समिति सहित सरोकारवालाको सहभागितामा छनौट गर्ने व्यवस्था मिलाइनेछ ।

२०३. ढुङ्गा, गिट्टी, वालुवा जस्ता नदीजन्य पदार्थ र अन्य प्राकृतिक स्रोतहरुको अनाधिकृत एंव अवैज्ञानिक दोहनलाई निरुत्साहित गरिनेछ ।

२०४. प्लास्टिक जन्य फोहोरको असर तथा व्यवस्थापनको वारेमा विद्यार्थीलाई विद्यालय शिक्षामै सचेतनामूलक कार्यक्रमको व्यवस्था मिलाइनेछ ।

❖ **विपद् व्यस्थापन सम्बन्धी नीतिः**

२०५. विपद् जोखिम न्यूनिकरणको लागि जोखिम क्षेत्र, बस्तीको नक्साङ्कन गरी आवश्यक व्यवस्था मिलाइनेछ ।

२०६. प्राकृतिक तथा गैर प्राकृतिक विपद् जोखिम न्यूनिकरण गर्न विपद् पुर्व तयारी तथा प्रतिकार्य योजना अद्यावधिक गरी कार्यान्वयन गरिनेछ ।

२०७. विपद् पूर्व तयारीको लागि गाँउपालिकामा रहेको आपत्कालिन कार्य संचालन केन्द्र, वडा कार्यालय, टोल विकास संस्थाहरु तथा प्रहरी चौकीमा आवश्यक विपद् सामाग्रीहरुको व्यवस्था मिलाइनेछ ।

२०८. भूकम्पीय जोखिम न्यूनीकरणको लागि भूकम्प प्रतिरोधी भवन तथा संरचना निर्माण कार्यलाई प्राथमिकता दिइनेछ ।

२०९. प्राकृतिक तथा गैर प्राकृतिक विपद्का कारण धनजनको क्षति पुगेका व्यक्तिहरुलाई गाउँपालिकाबाट प्रदान गरिने सहायता छिटो छरितो रुपमा उपलब्ध गराइ पुन निर्माण र पुन स्थापनाको कार्यमा सहयोग गरिनेछ साथै विपद् सहायताको वडागत विवरण चौमासिक रुपमा सार्वजनिक गर्ने व्यवस्था मिलाइनेछ ।

२१०. विपद् व्यवस्थापन लगायतका कार्यहरुमा स्थानीय समुदाय, नगर प्रहरी, स्थानीय प्रशासन, सुरक्षा निकायहरु, स्काउट लगायतका संघ संस्थाहरुसँग समन्वय र सहकार्य गरिनेछ ।

२११. रेडक्रससँग आवश्यक समन्वय गरी रेडक्रसलाई विपद् व्यवस्थापन कार्यमा अग्रपंतिमा राखिनेछ ।

२१२. सशस्त्र प्रहरी बल (APF) सँग आवश्यक समन्वय गरी नगर प्रहरी, पालिका भित्रका स्थानीय युवा र कक्षा (८-१२) का विद्यार्थीलाई विपद् व्यवस्थापन सम्बन्धी तालिमको व्यवस्था गरिनेछ ।

२१३. बर्षातको समयमा रिडी खोलामा जम्मा भएको नदीजन्य पदार्थले बजार क्षेत्रमा हुने जोखिमलाई न्यूनीकरण गर्न जिल्ला विपद् व्यवस्थापन समितिसँग आवश्यक समन्वय गरी जोखिम न्यूनीकरण गरिनेछ ।

२१४. नगर प्रहरी र एम्बुलेन्स सेवालाई एकिकृत रुपमा आपतकालिन सेवा संचालन केन्द्रमा राखि दमकल संचालनको लागि छिमेकी स्थानीय तहहरुसँग समेत साझेदारीको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

## *(ङ) सुशासन तथा संस्थागत विकास तर्फः*

२१५. **सबल, सक्षम र सुशासनयुक्त स्थानीय सरकारको** नीति अवलम्बन गर्दै भष्ट्राचारमा शून्य सहनशीलताको नीति लिई नागरिक केन्द्रित सेवा प्रवाहको व्यवस्था मिलाइनेछ।

२१६. गाउँपालिकाको सुशासन, आर्थिक तथा सामाजिक विकास तथा सेवा प्रवाह लगायतका विषयहरुलाई अन्तराष्ट्रिय गुणस्तर चिन्ह ISO Certify प्राप्त गर्नको लागि आवश्यक पहल गरिनेछ ।

२१७. गाउँपालिकाको नीति तथा कार्यक्रमलाई प्रभावकारी रुपमा सम्पादन गर्न, कर्मचारीलाई जवाफदेही बनाउन, कार्य सम्पादन मूल्याङ्कनलाई वस्तुनिष्ठ बनाउन अध्यक्षसँग प्रमुख प्रशासकीय अधिकृत र प्रमुख प्रशासकीय अधिकृतसँग शाखा प्रमुखहरुको कार्य सम्पादन करार सम्झौता गरिनेछ साथै शाखा प्रमुखले आफू मातहतका कर्मचारीसँग कार्य सम्पादन करार सम्झौता गरी कार्ययोजना अनुसार नीति तथा कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने व्यवस्था मिलाईनेछ ।

२१८. गाउँपालिकाको गतिविधिहरुलाई डिजिटल सूचना पाटी,मोबाईल एप्स, सामाजिक सञ्जाल, एस.एम.एस. तथा वेबसाईट मार्फतसार्वजनिक गरीनागरिकको सूचनाको हकलाई सुनिश्चित गराउँदैगाउँपालिकाको कार्यलाई पारदर्शी बनाउँदै नागरिकहरुको घरघरमा सूचना प्रवाह हुने व्यवस्था मिलाइनेछ।

२१९. बढ्दो बसाई सराईलाई न्यूनिकरण गर्न आवश्यक अनुसन्धान तथा कार्यक्रमहरु संचालन गरिनेछ ।

२२०. गाउँपालिका तथा वडा कार्यालयमा नागरिक सहायता कक्ष संचालन गरी नागरिकलाई सहज र सुलभ रुपमा सेवा उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।

२२१. गाउँपालिकाको नगर प्रहरीलाई विपद् व्यवस्थापन, बजार अनुगमन, सार्वजनिक जग्गा अतिक्रमण रोक्न, गाउँपालिकाका विभिन्न नीति तथा कार्यक्रमहरुलाई कार्यान्वयन गर्न, न्यायिक समितिबाट भएका फैसलाहरु कार्यान्वयन गर्न तथा अन्य तोकिएका कार्यहरु सम्पादनको लागि परिचालन गरिनेछ ।

२२२. **स्थानीय सरकार घरघरमा** कार्यक्रम संचालन गरी मृत्युदर्ता, 'क' र 'ख' वर्गमा पर्ने नागरिकको अपाङ्गता परिचय पत्र, तथा स्वास्थ्य सेवालाई नागरिकको घरघरमा उपलब्ध गराईनेछ साथै सामाजिक सुरक्षा भत्ता रकम नागरिकको प्रमुख टोल टोलमा पुऱ्याउन आवश्यक व्यवस्था मिलाईनेछ।

२२३. गाउँपालिकाको कार्यालय तथा अन्तर्गतका कार्यालयहरुबाट संचालन हुने विभिन्न कृयाकलापहरुको बारेमा आम नागरिकलाई सु-सूचित गर्दै पारदर्शिता र जनउत्तरदायी सरकारको भावना जागृत गराउन **सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई** तथा **जनतासँग स्थानीय सरकार** रेडियो कार्यक्रम संचालन गरिनेछ ।

२२४. रु १० लाख वा सो भन्दा माथिका सबै योजनाहरु EBID मार्फत गर्ने व्यवस्था मिलाईनेछ । १० लाख भन्दा साना योजनाहरु वडामा गठन भएका टोल विकास संस्था वा अन्य संस्थाहरु मार्फत संचालन गरिनेछ ।

२२५. गाउँपालिकाको नीति तथा कार्यक्रमलाई तोकिएको समयमै कार्यान्वयन गर्न शाखा प्रमुखले भाद्र मसान्त भित्र कार्ययोजना निर्माण गरी कार्यपालिकामा पेश गर्ने व्यवस्था मिलाइनेछ ।

२२६. गाउँपालिकाबाट नागरिकलाई उपलब्ध गराईने सबै किसिमका सेवा प्रवाहमा वडास्तर देखि नै फाइलहरुको अवस्थाको बारेमा जानाकारीको लागि फाइल ट्र्याकिङ सिस्टम लागू गरिनेछ ।

२२७. शाखा प्रमुख तथा कर्मचारीहरुले दैनिक रुपमा सम्पादन गरेको कार्यलाई online system मा प्रविष्ट गर्ने व्यवस्था मिलाई कार्य सम्पादनको मापन गर्ने व्यवस्था मिलाईनेछ ।

२२८. गाउँपालिकाबाट संचालन भएका विभिन्न योजनाहरुको नियमित अनुगमन गर्ने व्यवस्था मिलाउँदै योजनाहरुको अनुगमन प्रतिवेदन कार्यपालिकामा छलफल गर्ने व्यवस्था मिलाईनेछ ।

२२९. टोल विकास वा अन्य संस्था मार्फत योजना संचालन गर्दा सार्वजनिक भेला गरी योजनाको जानकारी दिने, सार्वजनिक परिक्षण, सार्वजनिक सुनुवाई जस्ता कार्यक्रम गरी टोल विकास संस्थाको लेखापरिक्षण गर्ने व्यवस्था मिलाईनेछ ।

२३०. **जनतासँग जनप्रतिनिधि कार्यक्रम**मार्फत विभिन्न वडाहरुमा प्रत्येक महिना नागरिक भेटघाट कार्यक्रम संचालन गर्दै आम नागरिकको चासो, गुनासो र प्रतिकृयाहरु सम्बोधन गरी नागरिकको नजिकको जनउत्तरदायी स्थानीय सरकार बनाईनेछ।

२३१. स्थानीय विवाद स्थानीयस्तरमै निरुपण गरी **सुखी र खुसी नागरिक** बनाउन तथा न्यायसेवा छिटो छरितो बनाउन टोलटोलमा कानूनी साक्षरता कार्यक्रम संचालन गर्दै वडास्तरमा रहने मेलमिलाप केन्द्रहरुलाई व्यवस्थित रुपमासंचालन गरिनेछ।

२३२. **हाम्रो र राम्रो पूर्वाधार** भन्ने अभियान संचालन गरी सार्वजनिक संरचनाहरुको संरक्षणमा **टोलविकास संस्था**हरुलाई परिचालन गर्न आवश्यक व्यवस्था मिलाईनेछ।

२३३. वडा कार्यालयको सहयोगी संस्थाको रुपमा गठन भएको टोल विकास संस्थाको क्षमता अभिवृद्धि सम्बन्धी विभिन्न कार्यक्रमहरु संचालन गर्दै आगामी आ.व. देखि वडामा हुने साना खालका विकास निर्माणका कार्यहरु टोल विकास संस्था मार्फत गर्ने व्यवस्था मिलाईनेछ साथै टोल विकास संस्थाले कुनै पनि क्रियाकलापहरु संचालन गर्दा अनिवार्य रुपमा वडा कार्यालयहरुसँग सम्पर्क तथा समन्वय गर्नुपर्नेछ ।

२३४. गाउँपालिकाबाट सम्पादित हुने हरेक कार्यहरुमा अधिकतम सूचना प्रविधिको प्रयोग गरी **विधुतीय सुशासनको** नीति अवलम्बन गर्दै सेवा प्रवाहलाई प्रविधि मैत्री बनाउँदै लगिनेछ।

२३५. नागरिक मैत्रीसेवा प्रवाह सुनिश्चितताको लागि गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालय, स्वास्थ्य संस्था र शैक्षिक संस्थाहरुमा विद्युतीय हाजिरीलाई नियमितता दिईनेछ ।

२३६. गाउँपालिकाको कार्यालय तथा वडा कार्यालयबाट राजश्व संकलनमा अनलाईन प्रविधिको प्रयोग गरी राजश्व संकलन गर्ने व्यवस्था मिलाई राजश्व संकलनमा पारदर्शिता कायम गरिनेछ।

२३७. गाउँपालिकाको राजश्व भुक्तानीलाई नागरिकको सहजताको लागि मोबाइल एप्स तथा अनलाईन मार्फत भुक्तानी गर्ने प्रणालीको विकास गरिनेछ।

२३८. सार्वजनिक खर्चलाई उत्पादनमूलक बनाउन आन्तरिक नियन्त्रण प्रणाली प्रयोग गरिनेछ ।

२३९. सुशासन कायम गर्नको लागि आफ्नो पदीय आचरण र मर्यादामा रहनपदाधिकारी तथा कर्मचारीहरुको आचार संहिता पूर्णतः लागू गरिनेछ।

२४०. गाउँ कार्यपालिकाको कार्यालयबाट सम्पादन गरेका विभिन्न कार्यहरु आमनागरिकलाई जानकारी गराउन गाउँपालिकाको वेभसाईटमा पालिका खबर news portal विकास गर्दै मासिक प्रगती विवरणहरु सार्वजनिक गर्दै हरेक कार्यमा पारदर्शिता कायम गरिनेछ ।

२४१. कर्मचारीहरुको योग्यता, क्षमता, कार्यदक्षता,सीप र अनुभवलाई कार्यसम्पादनमा उपयोग गर्न तथा उत्प्रेरित बनाई राख्न आवश्यक मापदण्ड बनाई क्षमता अभिवृद्धि सम्बन्धी तालिम तथा कार्यसम्पादनमा आधारित सुविधा उपलब्ध गराउने नीति लिइनेछ।

२४२. कार्य सम्पादनको आधारमा उत्कृष्ट कर्मचारी छनौट गरी पुरस्कृत गर्ने नीति लिईनेछ साथै सेवाहरुको सूचकको आधारमा उत्कृष्ट वडा कार्यालय छनौट गरी पुरस्कृत गर्ने व्यवस्था मिलाईनेछ ।

२४३. कर्मचारीहरुलाई कार्यानुभवको लागि अन्तरशाखा तथा एक स्थानबाट अर्को स्थानमा जिम्मेवारी दिई खटन पटन गर्ने नीति लिइनेछ।

२४४. गाउँपालिकाको विभिन्न विषयगत शाखा तथा वडा कार्यालयहरुबाट सम्पादित कार्यहरुलाई थप प्रभावकारी बनाउन कर्मचारीहरुकोनियमित प्रगती समिक्षा गरिनेछ ।

२४५. गाउँपालिकाबाट खरिद गरिने वस्तु तथा सेवाहरुलाई खरिद गुरुयोजनाका आधारमा प्रचलित ऐन, नियम, कानून बमोजिम पारदर्शी रुपमा खरिद गर्ने व्यवस्था मिलाइनेछ।

२४६. सुशासन र आर्थिक अनुशासन कायम गर्न अघिल्लो महिनामा भए गरेका क्रियाकलाप र आर्थिक कारोबारको बारेमा कार्यपालिकाको बैठकमा छलफल तथा समिक्षा गर्ने व्यवस्था मिलाईने छ।

२४७. गाउँपालिकाको सम्पत्तीतथा सार्वजनिक सम्पत्तीलाई कम्प्युटराईज अभिलेख तयार गरी त्यसको उचित उपयोग, संरक्षण तथा संवर्द्धन गरिनेछ।

२४८. नागरिकको सुविधालाई ध्यानमा राखी एकीकृत घुम्ति सेवा संचालन गरिनेछ।

२४९. जनप्रतिनिधि र कर्मचारीहरुको क्षमता विकासका लागि आवश्यक तालिम तथाअध्ययन अवलोकन भ्रमणका कार्यक्रम राखिनेछ।

२५०. न्यायिक समितिको क्षमता अभिवृद्धि गरी सामाजिक विवादहरुलाई मेलमिलापको माध्यमबाट समाधान गर्नेकार्य गरिनेछ ।

२५१. गाउँपालिका क्षेत्र भित्रका लब्ध प्रतिष्ठित तथा विद्वत वर्गकोसहयोग लिने र कार्य अनुभव आदान प्रदान गरी प्राप्त पृष्ठपोषणलाई गाउँपालिकाको समृद्धि र वृहत्तर विकासमा समाहित गर्दै लगिनेछ।

२५२. विभिन्न सामाजिक संघ/संस्था, कृषक, विद्यार्थी, खेलाडी, उपभोक्ता समिति, टोल विकास संस्थालाई कार्य सम्पादनको मूल्यांकन गरी प्रोत्साहन स्वरुप पुरस्कार दिने व्यवस्था मिलाइनेछ।

२५३. गाउँपालिका क्षेत्र भित्र कार्यक्रम सञ्चालन गर्ने सरकारी, गैरसरकारी, सामुदायिक संस्था, दातृ निकायएवंसरोकारवाला संस्थाहरुले गाउँपालिकाको समन्वयमा कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ।

२५४. करार सेवामा कार्यरत शिक्षक, विद्यालय कर्मचारी तथा गाँउ कार्यपालिकाको कार्यालय र अन्तर्गतका कार्यालयहरुमा कार्यरत कर्मचारीहरुको सामाजिक सुरक्षा कोषमा आवद्धता गराउनको लागि आवश्यक बजेट विनियोजन गर्ने व्यवस्था मिलाईनेछ।

२५५. संघीयता तथा विकास प्रशासनको अनुभव आदान-प्रदान गर्न देश तथा विदेशका निकायहरुसँग भगिनी सम्बन्ध कायम गर्ने नीति लिइनेछ।

२५६. गाउँपालिकाको समानुपातिक विकासका लागि वडाको भूगोल, जनसंख्या, सेवा प्रवाहर आन्तरिक आम्दानीको आधारमा आवश्यक बजेट विनियोजन गर्ने व्यवस्था मिलाईनेछ।

२५७. गाउँपालिकाको वास्तविक वस्तुस्थितिको आधारमा योजना तथा कार्यक्रम तर्जुमा गर्न गाउँपालिकाको डिजिटल प्रोफाईल निर्माण गरिनेछ।

२५८. गाउँपालिकामा भू–उपयोग नीति सहितको दीर्घकालीन एकिकृत शहरी विकास योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।

२५९. सूचनाको पहुँच नागरिकस्तरसम्म पुऱ्याउन स्थानीय संचार माध्यमहरुसँग समन्वय गर्दै संचार संस्थाहरुसँग सहकार्य गरिनेछ।

२६०. गाउँपालिका क्षेत्रभित्र भ्रमण गर्ने आन्तरिक तथा बाह्य पर्यटकहरुलाई आकर्षण गर्न एग्रो टुरिजम, होमस्टे जस्ता विभिन्न क्रियाकलापहरु सञ्चालन गरिनेछ।

२६१. गाउँपालिकाका कृषक, विपन्न नागरिक,असहाय नागरिकहरुको तथ्याङ्क संकलन गरी अनुदान तथा आर्थिक सहायताका कार्यक्रमहरु व्यवस्थित रुपले संचालन गरिनेछ।

२६२. शिक्षा,स्वास्थ्य, कृषि, पशुपालनउद्योग, सौर्य उर्जा, विद्युत आदि क्षेत्रसँग गाउँपालिकाको हित अनुकूल सार्वजनिक, निजीसाझेदारी (PPP) मा काम गर्ने नीति लिईनेछ।

२६३. जनता, राजनीतिक दल, जनप्रतिनिधि र कर्मचारीको सुमधुर सम्बन्ध स्थापित गर्दै विधिको शासन मार्फत नागरिक केन्द्रित सेवा प्रवाहको व्यवस्था मिलाउँदै सुशासन कायम गरिनेछ।

२६४. वित्तिय अनुशासन कायम गर्दै असारे विकासलाई निरुत्साहित गर्न बैशाख महिनापछि कुनै पनि योजनाको सम्झौता नगर्ने नीति लिइने छ।

२६५. गाउँपालिकाबाट उपलब्ध गराउने आर्थिक सहायतालाई पारदर्शी र वास्तविक पिडितलाई उपलब्ध गराउन रोगको वर्गिकरण सहितको कार्यविधि बनाई कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ र यसरी आर्थिक सहायता उपलब्ध गराएका नागरिकको विवरण गाउँपालिकाको वेबसाईट मार्फत सार्वजनिक गरिनेछ।

२६६. गाउँसभा बाट स्वीकृत बजेटतथा कार्यक्रमहरुको नियमानुसार प्रत्येक आर्थिक वर्ष महालेखा परीक्षकको कार्यालयबाट लेखापरिक्षण गराई देखिन आएको बेरुजु सम्परीक्षण गरी आर्थिक अनुशासन कायम गरिनेछ।

२६७. गाउँपालिकामा रहेका सार्वजनिक सम्पत्तीहरुको खोजी गरी त्यस्ता सम्पत्तीको अतिक्रमण, दुरुपयोग गरेको पाईएमा गाउँपालिकामा गोप्य रुपमा सुराकी दिने व्यक्तिलाई यथोचित पुरस्कार दिने व्यवस्था मिलाईनेछ ।

२६८. रिडी बजार र आसपासको क्षेत्रमा छाडा गाईगोरुको व्यवस्थापनका लागि संचालनमा रहेको गौशालालाई आवश्यक अनुदान दिइनेछ ।

यस नीति तथा कार्यक्रम तयारी गर्ने क्रममा सहयोग गर्नुहुने उपाध्यक्ष सहितसम्पूर्ण कार्यपालिका सदस्यहरु, विषयगत समितिका पदाधिकारीहरु, राजनीतिक दल, गाउँपालिकाका विद्वत वर्ग, हामीलाई विभिन्न क्षेत्रबाट रायसुझाव उपलब्ध गराउनु हुने व्यक्तित्वहरु, प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्णराष्ट्रसेवक कर्मचारीहरु, नागरिक समाज, पत्रकार र सम्पूर्ण गाउँपालिकाकाबासी सबैमा हार्दिक धन्यवाद ज्ञापन गर्दै यस नीति तथा कार्यक्रमको कार्यान्वयनमा हरपल साथ सहयोग र सहकार्य गर्नुहुनेछ भन्ने अपेक्षा राख्दै बिदा हुन चाहन्छु। धन्यवाद, नमस्कार। जय रुरुक्षेत्र

यदु ज्ञवाली
अध्यक्ष

**मिति २०८२।०३।०६ गते**

# रुरुक्षेत्र गाउँपालिका
# विनियोजन ऐन, २०८२

रुरुक्षेत्र गाउँपालिका, घिउबेंसी, गुल्मीको आर्थिक बर्ष २०८२/०८३ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन ।

सभाबाट स्वीकृत भएको मितिः २०८२/०३/१०

**प्रस्तावनाः**

रुरुक्षेत्र गाउँपालिका आर्थिक वर्ष २०८२/०८३ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केहि रकम खर्च गर्ने अधिकार र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम रुरुक्षेत्र गाउँपालिकाको गाउँसभाले यो ऐन तर्जुमा गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम रुरुक्षेत्र गाउँपालिकाको विनियोजन ऐन -२०८२ हुनेछ।
(२) यो ऐन २०८२ साल श्रावण १ गते देखी प्रारम्भ हुनेछ ।

२. **आर्थिक वर्ष २०८२/०८३ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः**
आर्थिक वर्ष २०८२/०८३ को निम्ति गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची-१ उल्लेखित चालू खर्च, पूँजीगत खर्च र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रु. ५५ करोड ६६ लाख १९ हजार मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोष खर्च गर्न सकिनेछ ।

३. **विनियोजनः** (१) यस ऐन द्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिईएको रकम आर्थिक वर्ष २०८२/०८३ को निमित्त रुरुक्षेत्र गाउँपालिका, वडा समिति, र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त विनियोजन गरिनेछ ।
(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा अपुग हुन देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शिर्षकबाट नपुग हुने शिर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शिर्षकबाट अर्को शिर्षकको जम्मा रकमको २५% मा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शिर्षकमा सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजीगत खर्च शिर्षकमा बाहेक अन्य चालू खर्च शिर्षक तर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ विनियोजन रकम व्याज भुक्तानी खर्च शिर्षक बाहेक अन्यत्र सार्न सकिने छैन ।
तर चालू तथा पूँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।
(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शिर्षकबाट सो शिर्षकको जम्मा स्वीकृति रकमको २५% भन्दा बढ्ने गरी एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनुपर्नेछ।

**अनुसूची -१**

दफा २ सँग सम्बन्धित

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

संचित कोषबाट विनियोजन हुने रकम

| क्र.सं. | आम्दानी शिर्षक | प्रस्तावित बजेट | क्र.सं. | खर्च शिर्षक | |
|---|---|---|---|---|---|
| १ | वित्तीय समानीकरण अनुदान (नेपाल सरकार) | ८ करोड ४१ लाख | १ | संचालन खर्च | ८ करोड ८ लाख ५१ हजार |
| २ | राजश्व बाँडफाँड (नेपाल सरकार) | ७ करोड २३ लाख ७६ हजार | २ | पूर्वाधार विकास | २ करोड ७६ लाख |
| ३ | वित्तीय समानिकरण अनुदान प्रदेश सरकार | ५७ लाख ३७ हजार | ३ | आर्थिक विकास | १ करोड ३० लाख |
| ४ | राजश्व बाँडफाँड प्रदेश सरकार | ८४ लाख ७५ हजार | ४ | वन वातावरण तथा विपद् व्यवस्थापन | ३५ लाख |
| ५ | आन्तरिक आम्दानी<br>गाउँपालिकाको राजश्व आम्दानी -१ करोड ६० लाख<br>गाउँपालिकाको अल्या आम्दानी - २ करोड ६२ लाख ३१ हजार | ४ करोड २२ लाख ३१ हजार | ५ | सामाजिक विकास | ३ करोड ९९ लाख ६८ हजार |
| ६ | सशर्त अनुदान (नेपाल सरकार | ३० करोड ३२ लाख | ६ | वित्तिय व्यवस्थापन (समपुरक अनुदान तर्फ) | ४ करोड ४२ लाख |
| ७ | सशर्त अनुदान (प्रदेश सरकार) | १ करोड ३५ लाख | ७ | सशर्त अनुदान नेपाल सरकार | ३० करोड ३२ लाख |
| ८ | विशेष अनुदान (नेपाल सरकार) | ९० लाख | ८ | सशर्त अनुदान (प्रदेश सरकार) | १ करोड ३५ लाख |
| ९ | विशेष अनुदान ( ) | १८ लाख | ९ | विशेष अनुदान (नेपाल सरकार) | ९० लाख |

# रुरुक्षेत्र गाउँपालिकाको

# आर्थिक वर्ष २०८२/०८३ को बजेट वक्तव्य

**रुरुक्षेत्र गाउँपालिकाका अध्यक्षज्यू, गाउँसभाका सचिव, गाउँसभाका सदस्यहरु, राष्ट्रसेवक कर्मचारी, संचारकर्मी मित्रहरु,**

नेपालको संविधानले प्रत्याभूत गरेको सहकारीता, सह अस्तित्व र समन्वयको मर्मलाई आत्मसात् गरी रुरुक्षेत्र गाउँपालिकाले आफ्ना विभिन्न कृयाकलापहरु संचालन गरेको छ । स्थानीय सरकारले जनताको प्रत्यक्ष सरोकारका विषयहरुमा बजेट निर्माण तथा कार्यान्वयन गर्ने संवैधानिक अधिकार अन्तर्गत तयार गरिएको स्थानीय सरकारको बजेटको आफ्नो छुट्टै महत्व र विशेषता रहेको छ । हाम्रो स्थानीय सरकारको सिमित स्रोत साधन हुँदाहुँदै पनि नागरिकका अपेक्षानुसार पूर्वाधार निर्माण तथा सेवा प्रवाहमा अधिकतम परिचालन गरी नागरिकलाई सन्तुष्ट बनाउन विभिन्न प्रयासहरु गरेका छौं । गाउँपालिकाका हालसम्मका विभिन्न योजना तथा कार्यक्रमहरु कार्यान्वयनमा सहयोग पुऱ्याउने, चासो गुनासो व्यक्त गर्नुहुने सम्पूर्ण नागरिकहरुप्रति हार्दिक आभार व्यक्त गर्दै सम्मानित यस सभामा आ.व. ०८२/०८३ को बजेट तथा कार्यक्रम प्रस्तुत गरिरहँदा सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रति हार्दिक श्रद्धासुमन व्यक्त गर्दछु । रुरुक्षेत्र गाउँपालिकाको उपाध्यक्ष एवं बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको हैसियतले आर्थिक वर्ष ०८२/०८३ को बजेट तथा कार्यक्रम यस सम्मानीत सभामा प्रस्तुत गर्न पाउँदा म अत्यन्त गौरवान्वित भएको छु ।

गाउँपालिकाको सिमित श्रोत साधनलाई अधिकतम परिचालन गरी स्वास्थ्य, शिक्षा, कृषि, पूर्वाधार निर्माण, रोजगार, विपद् व्यवस्थापन, सेवा प्रवाह र सुशासन लगायतका क्षेत्रहरुलाई प्राथमिकतामा राखी नीति तथा कार्यक्रम र बजेटको तर्जुमा गरिएको छ।

सम्मानित यस सभाबाट प्राप्त महत्वपूर्ण सुझाव सहित पारीत नीति तथा कार्यक्रमको उद्देश्य, प्राथमिकतालाई आत्मसाथ गरी स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिले निर्धारण गरेको सिमामा रही बजेट तर्जुमा गरिएको छ । बजेट तर्जुमा गर्दा मूलतः नेपालको संविधान, प्रचलित कानुनहरु, संघीय तथा प्रदेश सरकारबाट प्राप्त मार्गदर्शन, गाउँपालिकाले पारित गरेको नीति तथा कार्यक्रम, आवधिक योजना, मध्यमकालिन खर्च संरचना, दिगो विकासका लक्ष्य, विगतका वर्षहरुको अनुभवलाई आत्मसाथ गरिएको छ । **सुखी र समृद्ध रुरुक्षेत्र** निर्माणको महान अभियानमा एकजुट भई अघि बढ्नका लागि गाउँपालिकाका सम्पूर्ण नागरिकहरु, राजनीतिक दलहरु, जनप्रतिनिधिहरु, नागरिक समाज, पत्रकार, राष्ट्रसेवक कर्मचारी, विभिन्न संघ संस्थाहरुलाई हार्दिक अपिल गर्दछु ।

**बजेटको सोंच, लक्ष्य, उद्देश्य र अपेक्षित उपलब्धिहरुः-**

**(क)** **सोंच** : "रुरुक्षेत्र समृद्धिको आधार : कृषि, पर्यटन र स्वरोजगार"

**(ख)** **लक्ष्य :** "स्वास्थ्य, शिक्षा, कृषि र पूर्वाधार निर्माणको क्षेत्रमा समुचित विकास गरी गाउँपालिकाको आर्थिक अवस्थामा सुधार ल्याउने"

**(ग)** **उद्देश्यहरु :**

- कृषिमा आत्मनिर्भर हुने,
- नागरिकको स्वास्थ्यलाई उच्च प्राथमिकता दिने,
- प्राकृतिक तथा गैर प्राकृतिक विपद्हरुको रोकथाम, नियन्त्रण तथा न्यूनीकरणमा विशेष ध्यान दिने,
- शिक्षामा सबै बालबालिकाको समान पहुँच र गुणस्तरीय शिक्षाको सुनिश्चित गर्ने,
- गाउँपालिकामा पूर्वाधारहरु निर्माण गरी नागरिकलाई विकासको अनुभूत गराउने,
- एक घर एक धारा अभियान संचालन गरी खानेपानीका आयोजनाहरु संचालन गर्ने र सरसफाईमा नागरिकको सहज पहुँच पुर्याउने,
- जनतालाई केन्द्रमा राखी चुस्त दुरुस्त र प्रभावकारी र प्रविधिमैत्री सेवा प्रवाह गर्ने,
- स्वरोजगार र रोजगारी वृद्धि गर्ने,
- गाउँपालिकाको आर्थिक, भौतिक तथा सामाजिक पूर्वाधार विकास गरी खुसी, सुखी, समृद्ध र समुन्नत गाउँपालिका बनाउने
- गाउँपालिकामा पर्यटन पूर्वाधारहरु निर्माण गरी पर्यटनमा टेवा पुऱ्याउने,
- सुशासनयुक्त गाउँपालिका निर्माण गर्ने,

**(घ) अपेक्षित उपलब्धिहरु :**

- सडक निर्माण गुरुयोजना तथा मापदण्ड बमोजिम २ वर्ष भित्र सबै वस्ती सडक सञ्जालबाट जोड्ने र गाउँपालिकाका सडकहरुको स्तरोन्नती गरिने,
- वडा कार्यालयलाई नागरिक सेवाकेन्द्रको रुपमा विकास गर्दै नागरिकले अनुभुत हुने गरी सेवा प्रवाह गरिने,
- जनउत्तरदायी स्थानीय सरकारको अनुभूत गराउन **जनतासँग स्थानीय सरकार** कार्यक्रम संचालन गरिने ।
- जनताको चासो गुनासोलाई संबोधन गर्न र गुनासो गर्ने प्रणालीलाई व्यवस्थित गर्न २४ सैं घण्टा गुनासो सुनुवाई प्रणालीलाई प्रभावकारी रुपमा संचालन गर्ने,
- स्थानीय सरकारको जवाफदेहिता, पारदर्शिता, प्रभावकारिता र भ्रष्टाचारमुक्त शासन सुनिश्चित गर्न विभिन्न रेडियो, पत्रिका, वेभसाईट, सामाजिक सञ्जाल र एसएमएस मार्फत सूचना प्रवाहमा जोड दिइने ।
- गाउँपालिकाको सेवाप्रवाहलाई नागरिकमैत्री बनाउन क्षतीपूर्ति सहितको नागरिक वडापत्र लागू गरिने ।
- कर्मचारीको स्पष्ट कार्यविवरण तोकी जिम्मेवार बनाई जनउत्तरदायी र पारदर्शीता कायम गरिने ।
- नागरिकको सुरक्षित तथा भूकम्प प्रतिरोधी घर निर्माणको लागि नक्सा पास गरेर मात्र भवन निर्माणकार्य अघि वढाइने ।
- गाउँपालिकाको सर्वागीङ्ण विकासको लागि सामाजिक समावेशीकरणको नीति लागु गरिने।
- प्रमुख प्रशासकीय अधिकृतले अध्यक्षसँग र शाखा प्रमुख तथा वडा सचिवहरुले प्रमुख प्रशासकीय अधिकृतसँग विभिन्न सूचकहरुको आधारमा कार्य सम्पादन करार सम्झौता गरी सम्पादित कार्यको आधारमा कर्मचारीको कार्य सम्पादन मूल्याङ्कन गरिने ।
- विद्यालयको गुणस्तर कायम गर्न प्रधानाध्यापकले गाउँपालिकासँग कार्य सम्पादन करार सम्झौता गरी शिक्षामा गुणस्तर कायम गरिने ।
- गाउँपालिकामा सुशासन कायम गर्दै नागरिक मैत्री प्रभावकारी सेवा प्रवाहको लागि कर्मचारीको कार्य सम्पादन मूल्याङ्कन गरी कर्मचारीलाई प्रोत्साहन गरिने ।
- स्थानीय उत्पादनलाई प्रोत्साहन गरी कृषि र पशुपालनमा आत्मनिर्भर बनाईने

- कृषि उत्पादन वृद्धि गर्दै कृषकलाई उत्प्रेरित गर्नको लागि कृषकलाई उत्पादन तथा मागमा आधारित अनुदान दिने ।
- व्यवसायीक कृषकहरुलाई ऋणमा अनुदान दिइने ।
- संघीय तथा प्रदेश सरकार, दातृ संस्था, गैरसरकारी संस्थासँगको समन्वय र सहकार्यमा आयमूलक, सिपमुलक र स्वरोजगारका कार्यक्रमहरु सञ्चालन गरिने
- कृषि, पशुपालन, पूर्वाधार निर्माण, विद्युत सेवा, पर्यटन उद्योग स्थापना लगायतका क्षेत्रहरुमा सरकारी नीजि तथा गैर सरकारी संस्थासँग लागत साझेदारीका कार्यक्रम संचालन गरिने ।
- नगर प्रहरीलाई सार्वजनिक सम्पत्तिको संरक्षण, स्थानीय सरकारको नीति, निर्णय, मापदण्ड र कानूनको कार्यान्वयनमा परिचालन गर्ने।

**(ङ) बजेटका मुख्य प्राथमिकताहरु**

- कृषि तथा पशुपालन
- खानेपानी तथा सरसफाई
- गुणस्तरीय र सर्भसुलभ स्वास्थ्य सेवा,
- शिक्षामा सबै बालबालिकाको पहुँच पुऱ्याई गुणस्तरीय र प्रविधिमैत्री शिक्षा प्रदान गर्ने,
- गाउँपालिकाका सडकहरुलाई स्तरोन्नती गर्ने,
- क्रमागत रुपमा संचालनमा रहेका आयोजनाहरुको निर्माण कार्य पुरा गर्ने,
- रोजगारी र स्वरोजगारी सिर्जना गरी आयआर्जनमा वृद्दि गरिने,
- पूर्वाधार निर्माण र पर्यटन विकासका कार्यक्रम संचालन गर्ने,
- गाउँपालिकाको सर्वाङ्गीण विकासको लागि सामाजिक समावेशीकरणको नीति लिने,
- गुणस्तरीय र प्रभावकारी सेवा प्रवाह गर्ने।

४. **वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा अवलम्वन गरिएका प्रमुख नीति तथा आधारहरुः—**

**(क) समग्र नीति तथा आधारहरु** : राज्यका निर्देशक सिद्धान्त, मौलिक हक, सङ्घीयता कार्यान्वयन, गरीवी न्यूनिकरण, आर्थिक तथा वित्तीय आत्मनिर्भरता, दिगो विकास लक्ष्य, आवधिक योजना, मध्यमकालिन खर्च संरचना, लैङ्गिक उत्तरदायीत्व सम्बन्धी नीति आदि।

**(ख) क्षेत्रगत नीति तथा आधारहरुः**

(१) **आर्थिक क्षेत्र** : उत्पादन वृद्धि, रोजगारी, व्यवसाय प्रवर्द्धन, सहकारिता विकास, उत्पादनमा अनुदान, उद्यमशिल नागरिक बनाई गरिवी हटाउने।

(२) **सामाजिक विकास** :गुणस्तरीय शिक्षा, शिक्षामा सबै बालबालिकाको पहुँच, समावेशी विकास, भेदभाव तथा छुवाछुत रहित समाज, स्वास्थ्य सेवामा सबैको पहुँच, सवैका लागि खानेपानी तथा सरसफाई, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक, अपाङ्गमैत्री सेवा आदि ।

(३) **पूर्वाधार क्षेत्र** : यातायात पहुँच, , वातावरण मैत्री, सेवा प्रवाहमा सरलता, आवास विहिनका लागि आवास योजना, दिगो पूर्वाधार उपयोग, उर्जा, विद्युत्, सञ्चार र सूचनामा पहुँच।

(४) **वन वातावरण तथा विपद् व्यवस्थापन** : वन, जैविक विविधता संरक्षण, वातावरणमैत्री विकास तथा शासन, जलवायू परिवर्तन अनुकूलन, फोहर मैला व्यवस्थापन, हरियाली वातावरण निर्माण, प्रकोप नक्साङ्कन तथा विपद् व्यवस्थापन आदि ।

(५) **संस्थागत विकास, सेवा प्रवाह र सुशासन** :आवश्यकतानुसार कानून निर्माण, दरवन्दी तथा पदपूर्ति, पदाधिकारी तथा कर्मचारीको क्षमता विकास, विद्युतीय शुसासन, पारदर्शिता, नागरिकमैत्री सेवाप्रवाह, सञ्चार माध्यमको उपयोग, सेवामा नागरिकहरुको पहुँच, प्रशासनीक तथा वित्तीय सुशासन ।

**गाउँपालिकाले चालु आर्थिक वर्षमा सम्पादन गरेका मुख्य उपलब्धीहरु**

**चालु आ.व. को हालसम्मका प्रमुख उपलब्धिहरुको संक्षिप्त विवरण**

**क) भौतिक उपलब्धीः**

१. गाँउपालिकाका ६ वटै वडा कार्यालयहरु आफ्नै सुविधासम्पन्न भवनबाट सेवा सुचारु गर्ने व्यवस्था मिलाइएको ।

२. रानीबास-टाहाटिम-उल्लिखोला मोटरबाटो कालोपत्रे तथा स्तरोन्नती, चौतारा-नेटा-लोक्मा-देउराली मोटरबाटो कालोपत्रे तथा स्तरोन्नती, ज्ञवा मा.वि. पहुँचमार्ग ढलान सहित स्तरोन्नती, बासुलि पोखरी-तिलहार गैरा सडक ढलान सहित स्तरोन्नती, धोविघाट-काउले-खिवा सडक स्तरोन्नती, स्वामिकारुख-रातामाटा र राष्ट्रिय मा.वि पहुँचमार्ग सडक ढलान सहित स्तरोन्ती, (चौतारा-बम्घाकोट, काउले-निवाखर्क, चौतारा-रास्लुङ) सडकलाई एकिकृत रुपमा ठेक्का गरी ढलान सहित स्तरोन्नती, सडक बोर्डसँगको साझेदारीमा एक्लेपिपल-भट्कुवा सडक खण्डको दाह्रेगौंडा क्षेत्रमा ढलान सहित स्तरोन्नती लगायत विभिन्न मोटरबाटोहरुको स्तरोन्नती कार्य गरिएको ।

३. वडा नं. ५ को पागामा उपल्लो कुलो सिंचाई योजना निर्माण लगायत विभिन्न सिंचाई योजनाहरु सम्पन्न गरिएको ।

४. बर्षातको समयमा अवरुद्ध हुने सडकहरुमा आवश्यकता अनुसार नाली कटान तथा ढलान गरी सडकलाई नियमित संचालन हुने व्यवस्था मिलाइएको ।

५. गाँउपालिकाको वडा नं. १ मा १५ सैयाको अस्पताल भवन निर्माण कार्य अन्तिम चरणमा रहेको ।

६. कृषि उत्पादन चिस्यान केन्द्रको रुपमा प्रयोग गर्ने गरी कोल्डस्टोर निर्माणलाई प्राथमिकता दिई निर्माण कार्य भैरहेको ।

७. पवित्र धार्मिक स्थल रिडीमा सवदाहघाट निर्माण भैरहेको त्यस्तै अर्घाखाँची जिल्लाको छत्रदेव गाँउपालिका र रुरुक्षेत्र गाँउपालिकाको संयुक्त लगानीमा मलामीहरुको लागि थप आश्रय स्थलको निर्माण कार्य भैरहेको ।

८. पवित्र धार्मिक स्थल रिडीमै ऐतिहासिक धार्मिक क्षेत्र रुरुक्षेत्र पुर्वाधार निर्माण अन्तर्गत मन्दिर, गुम्बा र पार्क निर्माण भैरहेको।

९. गाँउपालिकाको वडा नं. १ र २ जोड्ने गोलपोखरी-बेसिकाचौर झोलङ्गे पुल निर्माण सम्पन्न भई सञ्चालनमा आएको ।

१०. भरतपुर महानगरपालिका र रुरुक्षेत्र गाँउपालिकाको लागत साझेदारीमा श्रृङ्गेश्वर तपोभूमिमा मन्दिर लगायत पूर्वाधार निर्माण कार्य सम्पन्न भएको साथै यस आर्थिक बर्षमा पनि सोहि महानगरपालिकासँगको साझेदारीमा धार्मिक क्षेत्र रिडीमा लामाचौपारी विश्रामस्थल तथा विष्णु मुर्ती निर्माण योजना अन्तर्गत फल्चा र विष्णु मुर्ती निर्माण कार्य भैरहेको ।

११. श्रृङ्गेश्वर तपोभूमिमा एकिकृत पर्यटकीय पूर्वाधार निर्माण अन्तर्गत खुल्ला व्यायामशाला, वाल उद्यान, प्रतिक्षालय लगायतका पूर्वाधार निर्माणका कार्य सम्पन्न गरिएको ।

१२. गाँउपालिकामा उद्योगहरु स्थापना गर्ने उद्धेश्यले औद्योगिकग्राम निर्माणको कार्य सञ्चालनमा रहेको ।

१३. शैक्षिक पूर्वाधार निर्माण अन्तर्गत जनबोध मा.वि. मा भवन निर्माण लगायत अन्य विद्यालयमा पनि पूर्वाधार निर्माणका कार्य सञ्चालनमा रहेको ।

१४. एक घर एक धारा अभियान अन्तर्गत गाँउपालिकाको WASH योजना अद्यावधिकको साथै रुरुक्षेत्र बृहत् खानेपानी योजना निर्माण अन्तिम चरणमा रहेको ।

१५. उखु खेती गर्ने कृषकहरुलाई प्रोत्साहन गर्दै स्थानीय रोजगारी सिर्जना तथा बजारीकरण गर्ने उद्देश्य लिई वडा नं. ४ को दार्सिङबासमा गुण खुदो उद्योग स्थापना गरी संचालन गरिएको ।

## ख) आर्थिक तथा सामाजिक उपलब्धीः

१. गाउँपालिकामा बसोबास गर्ने नागरिकहरुको शान्ति सुरक्षा, अमनचयन कायम राख्न तथा अपराध अनुसन्धान प्रभावकारी बनाउन इलाका प्रहरी कार्यालय रिडी र रुरु प्रहरी चौकी रानीबाससँग आवश्यक समन्वय गरिएको ।

२. गाउँपालिकाको नीति तथा कार्यक्रमलाई कार्यान्वयन गर्न, सेवा प्रवाहलाई प्रभावकारी बनाउन, बजार अनुगमनलाई व्यवस्थित गराउने लगायतका विभिन्न कार्यमा सहयोग गर्न नगर प्रहरीलाई कामकाजमा खटाईएको ।

३. गाउँपालिकामा विपद्को घटनामा परेका नागरिक र उपचार लगायतको कार्यको लागि अत्यन्त आर्थिक अवस्था कमजोर भएका नागरिकहरुलाई आर्थिक सहायता उपलब्ध गराई नागरिकप्रति संवेदनशिल भएको ।

४. नागरिकको स्वास्थ्यमा ख्याल गर्दै डा. सहितको सेवा प्रत्येक स्वास्थ्य चौकीमा उपलब्ध गराउनुको साथै जेष्ठ नागरिकहरुलाई घरघरमा स्वास्थ्य सेवा उपलब्ध गराईएको ।

५. स्थानीय तह स्थापना दिवसको अवसरमा रक्तदान कार्यक्रम सन्चालन गरी १०५ पिन्ट रगत संकलन गरिएको ।

६. प्रसुती भएका महिला तथा असहाय, 'क' वर्गका अपाङ्गता भएका नागरिकहरुको उपचारका लागि निःशुल्क दुई ओटा एम्बुलेन्सको व्यवस्था मिलाईएको ।

७. नागरिकको स्वास्थ्यमा संवेदनशील बन्दै उपचारको लागि निःशुल्क रगत तथा मोतियाविन्दुको निःशुल्क शल्यक्रियाको व्यवस्था गरिएको ।

८. कक्षा ६ देखि १२ कक्षा सम्मका छात्राहरुको रक्तअल्पता परिक्षण गरिएको ।

९. बिद्यालयमा अध्ययनरत सम्पूर्ण बिद्यार्थीहरुको मुटु, बाथरोग तथा जन्मजात मुटुरोगको स्कृनिङ्ग गर्ने कार्य गरिएको साथै समुदाय तथा विद्यालयहरुमा मानसिक स्वास्थ्य समस्यालाई कम गर्न सचेतना कार्यक्रम संचालन गरिएको ।

१०. कृषि र पशुपालनमा आत्मनिर्भर गाउँपालिका निर्माणको लागि रु ३ करोड ३३ लाखको लागतमा रुरु कृषि परियोजना संचालन गरिएको ।

११. कृषकसँग प्राविधिक कार्यक्रम सञ्चालन गरी कृषकको खेतबारीमै गएर कृषकको समस्या बुझी कृषि प्राविधिकबाट उचित किसिमको सल्लाह सुझावको व्यवस्था गरिएको साथै जग्गा भाडामा लिएर खेती गर्ने कृषकलाई जग्गा भाडामा अनुदान दिने व्यवस्था मिलाइएको ।

१२. गाई/भैंसी पालक कृषकहरुका गाई/भैंसी उन्नत नश्ल सुधारको लागि निःशुल्क रुपमा कृत्रिम गर्भाधानको व्यवस्थालाई निरन्तरता दिइएको ।

१३. गाउँपालिकाका कृषकहरुलाई आधुनिक र प्रविधिमैत्री कृषिमा आकर्षित गर्नको लागि कृषकको आवश्यकताका आधारमा कृषि यन्त्र तथा प्रविधिहरु वितरण गरिएको ।

१४. पशुपन्छीमा लाग्ने महामारीजन्य रोगको नियन्त्रणको लागि खोरेत, PPR, लम्पी स्किन, रानीखेत, स्वाइनफिभर लगायतका रोग विरुद्धका खोपहरु कृषककै गोठमा पुगरे निःशुल्क लगाइएको साथै मागको आधारमा कृषककै गोठमै गएर निःशुल्क उपचार तथा प्राविधिक परामर्श दिइएको ।

१५. सामुदायिक तथा घर पालुवा कुकुरहरुमा लाग्ने प्राणघातक रोग रेविज विरुद्धको खोप निःशुल्क संचालन गरिएको ।

१६. पशुमा हुने बाँझोपन न्यूनिकरणका लागि दक्ष प्राविधिक (डक्टर) सहित कृषकको गोठ गोठमा पुगि समस्याको पहिचान पश्चात कृत्रिम गर्भाधारण कार्यक्रम सफल भएको ।

१७. गरिबीको रेखामुनी रहेका नागरिकलाई उद्यमशील बनाई उनीहरुको आयआर्जन वृद्धि गर्नको लागि गरिबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम संचालन गरिएको ।

१८. कक्षा १ देखि ८ कक्षासम्म स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक तयार गरी लागु गरिएको ।

१९. सामुदायिक विद्यालयहरुको खेल क्षेत्रमा विकास गर्न गाँउपालिकामा खेल शिक्षकको नियुक्ति गरी पालैपालो प्रत्येक विद्यालयमा पठाइएको ।

२०. गाउँपालिकाका सामुदायिक माध्यमिक विद्यालयहरुमा शैक्षिक गुणस्तरलाई वृद्धि गर्न प्रविधिमैत्री शैक्षिक कृयाकलाप संचालन गरी स्मार्ट शिक्षण विधिलाई निरन्तरता दिइएको ।

२१. गाउँपालिका भित्र रहेका अपाङ्गता भएका व्यक्तिहरुको पहिचान तथा राज्यबाट प्राप्त सेवा सुविधाबाट बञ्चित हुन नपरोस् भन्ने उद्देश्यले अपाङ्गता भएका नागरिकको घरमा गई अपाङ्गता परिचय पत्र र आवश्यक सहायता सामाग्रीहरु वितरण गर्ने कार्य सुरुवात गरिएको ।

२२. गाउँपालिकाको कला संस्कृतिलाई संरक्षण तथा जगेर्ना गर्न र गाउँपालिकाको पर्यटनलाई टेवा पुर्याउने उद्देश्यले पालिका स्तरिय भजन महोत्सव संचालन गरिएको ।

**२३.** खेलाडीहरुलाई उत्प्रेरित गराउन जिल्ला खेलकुद परिषद्सँग समन्वय गरी जिल्ला स्तरीय राष्ट्रपती रनिङ्गसिल्ड प्रतियोगिता यसै गाँउपालिकाको घिउबेंसीमा सम्पन्न गरिएको त्यस्तै अध्यक्ष कप व्याडमिन्टन प्रतियोगिता र विभिन्न वडामा वडाध्यक्ष कप खेलकुद कार्यक्रमहरु संचालन गरिएको ।

## ग) वातावरणीय उपलब्धीः

१. गाउँपालिकामा हरियाली र स्वच्छ वातावरण कायम राख्नको लागि वन संरक्षण तथा बृक्षारोपण कार्यक्रम संचालन गरिएको ।
२. गाउँपालिकामा ठूला योजनाहरु संचालन गर्दा वातावरणीय प्रभाव मूल्याङ्कन गर्ने व्यवस्था मिलाईएको ।
३. खानेपानी मुहान संरक्षणको लागि आवश्यक कार्यहरु गरिएको ।
४. बलेटक्सार, रानीबास र रिडी बजार क्षेत्रमा फोहोर संकलन गरी व्यवस्थापन गर्ने कार्य गरिएको ।

## घ) संस्थागत उपलब्धीः

१. स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कनको नतिजामा लुम्बिनी प्रदेशबाट पहिलो स्थान तथा देशभरका गाउँपालिकाबाट दोस्रो स्थानमा रहन सफल भएको ।
२. स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कनको नतिजामा ९८% प्राप्त गरी लुम्बिनी प्रदेशबाट तेस्रो स्थानमा रहेको ।
३. गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत तथा प्रमुख प्रशासकीय अधिकृत र शाखा प्रमुखहरु बीच कार्य सम्पादन करार सम्झौता गरी कर्मचारीहरुको कार्य सम्पादनको मूल्याङ्कन गर्ने गरिएको ।
४. नागरिकलाई प्रभावकारी सेवा प्रवाह उपलब्ध गराउन रिक्त रहेका विभिन्न पदहरुमा पदपूर्ति गरि स्थानीय रोजगारी सृजना गरिएको साथै स्थानीय निजामती सेवा ऐन, २०८१ जारी भए पश्चात रिक्त पदहरुमा अस्थायी पदपूर्तिको लागि प्रदेश लोकसेवा आयोगमा कर्मचारी सिफारिस गरी पठाईदिन अनुरोध गरिएको ।
५. गाउँपालिकाको नीति तथा कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न, सेवा प्रवाह, विपद व्यवस्थापन, बजार अनुगमन, सार्वजनिक सम्पत्ती संरक्षण, ट्राफिक व्यवस्थापन लगायतका कार्यको लागि नगर प्रहरीको व्यवस्था मिलाईएको ।
६. नागरिकको सुविधालाई मध्यनजर गरी वडास्तरमा विभिन्न ९ वटा सेवाहरु सहित एकीकृत घुम्ति सेवा कार्यक्रम संचालन गरिएको ।
७. गाउँपालिकाको कार्यालय, वडा कार्यालय, स्वास्थ संस्था र विद्यालयहरुमा विद्युत्तिय हाजिरीको व्यवस्था गरी हाजिरीलाई अनलाईन सर्भरमा स्टोरेज तथा अनलाईबाट अनुगमन गर्ने व्यवस्था मिलाउँदै कागजी हाजिरीलाई पूर्ण रुपमा विस्थापित गरिएको ।
८. स्वास्थ्य सेवालाई नागरिकको घरदैलो सम्म पुऱ्याउन महत्वपूर्ण भूमिकामा रहेका महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुलाई प्रोत्सहान गर्न नागरिक लगानी कोषसँग सम्झौता गरी पेन्सन योजनाको शुरुवात गरिएको ।
९. गाउँपालिकाको गतिविधिहरुलाई सबै नागरिकहरु समक्ष पुऱ्याउनको लागि डिजिटल सूचना पाटी, डिजिटल नागरिक वडापत्र, सामाजिक सञ्जाल र वेवसाइटमा सार्वजनिक गर्ने गरिएको।

१०. गाउँपालिकाका सम्पूर्ण गतिविधिहरु नागरिकलाई सु-सूचित गरी जनउत्तरदायी सरकार बनाउन र जवाफदेहीता कायम गर्न प्रत्येक चौमासिकमा प्रगती समीक्षा र सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गरिएको।

११. गाउँपालिकाका विषयगत शाखा र वडा कार्यालयहरुबाट भएका कार्यहरुको समिक्षा गर्ने व्यवस्था मिलाइएको।

१२. गाउँपालिकाको कार्यालय तथा वडा कार्यालयबाट प्रदान गरिने विभिन्न सेवाहरुको बारेमा कार्यालयमा डिजिटल नागरिक वडापत्र संचालनमा ल्याईएको ।

१३. गाउँपालिकाको सबै जनप्रतिनिधि, कर्मचारीहरुलाई सूचना प्रवाह गर्न तथा गाउँपालिकाको सबै घरधुरीमा SMS मार्फत सूचना प्रवाहको लागि नेपाल दुरसंचार प्राधिकरणसँग सम्झौता गरी RURU_ALERT नामक SMS प्रणाली संचालनमा ल्याई नागरिकलाई गाउँपालिकाको तर्फबाट विभिन्न सूचनाहरु सम्प्रेषण गरिएको ।

१४. कार्यालयमा आउने नागरिकहरुको सुविधाको लागि प्रतिक्षालय, शुद्ध पिउने पानीको व्यवस्था र नागरिक सहायता कक्ष संचालन गरिएको ।

१५. नागरिकमैत्री र प्रविधिमैत्री कार्यालय संचालनको लागि आवश्यक व्यवस्था मिलाईएको।

**अब म आगामी आर्थिक वर्षको आय व्ययको विवरण प्रस्तुत गर्न चाहन्छु ।**

आम्दानी (आय) तर्फ

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| | **संघीय सरकार** | |
| १. | वित्तिय समानीकरण अनुदान | ८ करोड ४१ लाख |
| २. | सर्शत अनुदान | ३० करोड ३२ लाख |
| ३. | विशेष अनुदान | ९० लाख |
| ४. | समपुरक अनुदान | ८७ लाख |
| **संघीय सरकारको अनुदान जम्मा : ४० करोड ५० लाख** | | |
| | **प्रदेश सरकार** | |
| १. | वित्तिय समानीकरण अनुदान | ५७ लाख ३७ हजार |
| २. | शर्शत अनुदान | १ करोड ३५ लाख |
| ३. | विशेष अनुदान | १८ लाख |
| ४. | समपुरक अनुदान | ७५ लाख |
| **प्रदेश सरकारको अनुदान जम्मा : २ करोड ८५ लाख ३७ हजार** | | |
| | | |
| | **आन्तरिक आय (राजस्व बाँडफाँड)** | |
| १. | **संघीय सरकारबाट प्राप्त** | **७ करोड २३ लाख ७६ हजार** |
| २. | **प्रदेश सरकारबाट प्राप्त** | **८४ लाख ७५ हजार** |
| ३. | **गाउँपालिकाको आम्दानी** | **१ करोड ६० लाख** |
| ४. | **अ.ल्या.** | **२ करोड ६२ लाख ३१ हजार** |
| | **जम्मा आन्तरिक आय** | **१२ करोड ३० लाख ८२ हजार** |
| | **कुल जम्मा आय : ५५ करोड ६६ लाख १९ हजार** | |

## खर्च (व्यय) तर्फ

चालु खर्च : ३६ करोड ९५ लाख ६९ हजार

पुँजीगत खर्च : १८ करोड ७० लाख ५० हजार

**जम्मा : ५५ करोड ६६ लाख १९ हजार**

**श्रद्धेय सभाध्यक्ष महोदय,**

अब म आगामी आर्थिक वर्षमा गाउँपालिकाले कार्यान्वयन गर्ने प्रमुख कार्यक्रम तथा क्षेत्रगत विनियोजन प्रस्तुत गर्न चाहन्छु ।

**सामाजिक विकास तर्फः**

**शिक्षा**

१. गाउँपालिकाको समग्र शैक्षिक क्षेत्रलाई चलायमान गराउँदै गुणस्तरीय शिक्षा प्रदान गर्न शिक्षा क्षेत्रमा रु. २ करोड ६४ लाख ४२ हजार रकम विनियोजन गरेको छु।

२. शिक्षकहरुको क्षमता विकास गर्दै विभिन्न विषयगत शिक्षकहरुलाई तालिम लगायतका कार्यक्रम संचालन गर्न आवश्यक बजेट व्यवस्था गरेको छु।

३. गाउँपालिकाको समग्र शैक्षिक सुधारगरी प्रधानाध्यापकलाई जवाफदेही बनाउन कार्यसम्पादनमा आधारित प्रधानाध्यापक भत्ता वितरणको लागि रु ४ लाख ८० हजार रकम विनियोजन गरेको छु ।

४. गाउँपालिकाको शैक्षिक गुणस्तर वृद्धि गर्न कक्षा ४, ५, ७ ,८ र ९ को परीक्षालाई पालिकास्तरीय रुपमा संचालन गर्न रु. ७ लाख रकमको व्यवस्था मिलाएको छु ।

५. शिक्षक तथा विद्यार्थीहरुलाई प्रोत्साहन गरी विद्यालयको वृहत्तर हितमा परिचालन गर्न सम्मान कार्यक्रमको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

६. अतिरिक्त क्रियाकलाप संचालन, विभिन्न बैठक संचालन, शैक्षिक कार्यक्रम अनुगमन तथा सुपरिवेक्षण, स्काउट शिक्षा सम्बन्धी तालिमको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

७. छोरी तथा बुहारीहरुलाई उच्च शिक्षा अध्ययनमा सहज र सर्वसुलभ बनाउन छोरी बुहारी छात्रवृत्तिमा आवश्यक रकम विनियोजन गरेको छु ।

८. शैक्षिक क्यालेण्डर प्रकाशन, शैक्षिक अवलोकन भ्रमण लगायतका कार्यक्रमको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

९. गरिब तथा जेहेनदार विद्यार्थीका लागि पोशाक तथा शैक्षिक सामग्री प्रदान गर्न रु. ३ लाख रकम विनियोजन गरेको छु ।

१०. विद्यालयमा निशुल्क पाठ्यपुस्तक, दिवाखाजा, सामुदायिक विद्यालयका छात्राहरुका लागि सेनिटरी प्याड, छात्रवृत्ति जस्ता कार्यक्रमलाई आवश्यक बजेट व्यवस्थापन गरेको छु ।

११. विद्यालयमा अध्ययन गर्ने सबै समूहका बालबालिकाहरुको पहुँच वृद्धि गर्न स्कुल बस संचालन गरेका विद्यालयहरुलाई बस संचालन अनुदानमा रु ९ लाख ७५ हजार र विद्यालयमा नयाँ विद्युतिय गाडि खरिद गर्न रु. ४० लाख रकम विनियोजन गरेको छु ।

१२. गाउँपालिकाको शैक्षिक गुणस्तर वृद्धि गर्न तथा प्रविधि सहितको शिक्षाको लागि इन्टरएक्टिभ स्मार्ट बोर्ड व्यवस्थापन को लागि रु १८ लाख रकमको व्यवस्थापन गरेको छु ।

१३. गाउँपालिकाका युवाहरुलाई सरकारी सेवामा आकर्षण गराउन तथा रोजगारी वृद्धिका लागि लोक सेवा आयोग र शिक्षक सेवा आयोगका तयारी कक्षा संचालनको लागि रु ५ लाख बजेट विनियोजन गरेको छु ।

१४. जिल्लामै संस्कृत अध्यापन गराउने विद्यालयको रुपमा रहेको रुरु संस्कृत तथा साधारण मा.वि.मा आवासिय विद्यालय रुपमा विकास गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।

१५. नमूना विद्यालय, विशेष विद्यालयका क्रमागत विद्यालय भवन निर्माण तथा पूर्वाधार व्यवस्थापन अनुदान उपलब्ध गराउन आवश्यक बजेटको व्यवस्था मिलाएको छु।

१६. विद्यालयहरुमा कार्यरत महिला शिक्षकहरु लामो समय सम्म प्रसुति विदामा रहदा बालबालिकाहरुको सिकाईमा असर पर्ने भएकोले उत्त प्रसुति अवधिभर सट्टा शिक्षक राखि पठनपाठनलाई नियमित गराउन आवश्यक बजेट व्यवस्था गरेको छु ।

१७. अस्थायी दरबन्दीमा कार्यरत प्रारम्भिक बालविकास सहजकर्ता र विद्यालय कर्मचारीहरुको लागि सशर्त अनुदानमा प्राप्त वजेटमा रु १ करोड २७ लाख ७२ हजारमा गाउँपालिका बाट ९० लाख ८० हजार बजेट विनियोजन गरेको छु । साथै गाउँपालिका अनुदानमा कार्यरत स्थानिय स्रोतका शिक्षकहरुको तलबभत्ताको लागि रु ५० लाख ९७ हजार विनियोजन गरेको छु ।

**स्वास्थ्य :**

१. स्वास्थ्य क्षेत्रका विभिन्न कार्यक्रमका लागि रु.१ करोड १३ लाख ८६ हजार रकम विनियोजन गरेको छु।

२. गाउँपालिकाका असहाय तथा आर्थिक रुपले विपन्न नागरिकहरुको स्वास्थ्य उपचारमा सहयोग पुर्याउन निःशुल्क स्वास्थ्य बिमाको लागि आवश्यक रकम बिनियोजन गरेको छु ।

३. गाउँपालिका भित्रका विभिन्न स्वास्थ्य चौकीहरुको व्यवस्थापनका लागि आवश्यक रकम विनियोजन गरेको छु।

४. स्वास्थ्य चौकीहरुमा आम नागरिकहरुको लागि तोकिएका औषधीहरु निःशुल्क वितरण गर्न तथा दिर्घरोगीहरुको निःशुल्क औषधीको लागि आवश्यक रकमको व्यवस्था मिलाएको छु ।

५. गाउँपालिकामा रहेका जेष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरुको स्वास्थ्य परिक्षणका लागि घर घरमा स्वास्थ्य सेवा प्रवाह कार्यक्रमको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

६. गर्भवती महिलाको स्वास्थ्यलाई मध्यनजर गरी नियमित रुपमा स्वास्थ्य संस्थामा स्वास्थ्य परिक्षण गर्ने व्यवस्था मिलाई संस्थागत प्रसुतीलाई प्रेरित गर्दै प्रसुतीको लागि निःशुल्क एम्बुलेन्स सेवाको लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु।

७. स्वास्थ्य चौकीमा सुरक्षित प्रसुती गराउने कार्यमा संलग्न नर्सिङ्ग कर्मचारीहरु प्रोत्साहनको लागि आवश्यक रकमको व्यवस्था गरेको छु ।

८. गम्भिर प्रकृतिको रोगले पीडित गाउँपालिकाका असाहय र विपन्न नागरिकहरुको लागि उपचारमा एम्बुलेन्स सेवा उपलब्ध गराउन आवश्यक रकमको व्यवस्था गरेको छु ।

९. किशोरावस्थामा शारीरिक, मानसिक तथा सामाजिक परिवर्तनको कारण हुनसक्ने असहजताबाट बचाउन विद्यार्थीहरुको लागि **साथी शिक्षा कार्यक्रम** संचालन गर्न आवश्यक रकम विनियोजन गरेको छु।

१०. महिला स्वास्थ्य स्वयंसेविकाहरु आफ्नो सेवामा रहँदा स्वास्थ्य उपचार तथा अवकाश हुँदा आवश्यक प्रोत्साहन गर्न महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका पेन्सन योजना कोषको लागि मासिक १ हजारका दरले आवश्यक पर्ने रकम रु ९ लाख २४ हजार विनियोजन गरेको छु।

११. महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुलाई उत्प्रेरित बनाउन संचार र यातायात सुविधाको लागि रु. ४ लाख ६२ हजार रकम विनियोजन गरेको छु ।

१२. नागरिकहरुलाई सर्वसुलभ स्वास्थ्य सेवा उपलब्ध गराउन घरघरमा स्वास्थ्य सेवा कार्यक्रम संचालनको लागि रु ७ लाख रकम विनियोजन गरेको छु ।

१३. नागरिकहरुलाई गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउन स्त्रीरोग तथा अन्य विशेषज्ञ शिविर सञ्चालनको लागि रु. ७ लाख बजेट विनियोजन गरेको छु ।

१४. मृगौला प्रत्यारोपण गरेका डायलाइसीस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामीहरुलाई मासिक रु ५ हजार औषधी उपचार खर्च उपलब्ध गराउन आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

१५. स्वास्थ्य संस्थाहरुको आवश्यक न्यूनतम मापदण्ड पुरा गरी व्यवस्थित स्वास्थ्य संस्था बनाउन आवश्यक रकम विनियोजन गरेको छु ।

१६. सुत्केरी पोषण प्याकेज कार्यक्रम संचालन, गर्भवती तथा सुत्केरीहरुको लागि क्याल्सियम, पोषण तथा सरसफाइ कार्यक्रम सञ्चालन, बर्थिङ सेन्टर तथा ल्याब सञ्चालन, गाउँघर क्लिनिक संचालन, स्वास्थ्य संस्थाहरुको व्यवस्थापनको लागि आवश्यक औजार तथा सामग्री खरिद, रुरु प्राथमिक

स्वास्थ्य केन्द्रमा पोष्टमार्टम गर्ने व्यवस्थाको लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

१७. आयुर्वेद स्वास्थमा जनचेतना अभिवृद्धि गर्न, आयुर्वेद औषधीहरुको प्रयोगलाई बढावा दिन तेल तथा चुर्ण उत्पादन, योग प्रशिक्षक प्रशिक्षण, बालबालिकाका लागि स्वर्णविन्दु प्राशन लगायतका कार्यक्रम संचालनको लागि आवश्यक रकम विनियोजन गरेको छु ।

१८. एच.आइ.भी.संक्रमितहरुलाई आवश्यक परामर्श औषधी उपचार लगायतका कार्यक्रमहरु संचालन गर्न आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

१९. नागरिकहरुलाई सबै प्रकारका स्वास्थ्य सेवा दिने उद्देश्य अनुरुप आँखा जाँचको लागि वडा नं. १ को रिडी बजारमा आँखा उपचार केन्द्र स्थापना गरिएको हुँदा उपचार केन्द्र संचालनको लागि आवश्यक पर्ने बजेट व्यस्थापन गरेको छु ।

२०. गाउँपालिकाका नागरिकहरुको नि:शुल्क मोतियाबिन्दुको शल्यक्रियाको लागि आवश्यक बजेटको व्यवस्थापन गरेको छु ।

२१. गाउँपालिकाका नागरिकलाई नि:शुल्क रगत उपलब्ध गराउने कार्य, विद्यालय स्वास्थ्य शिक्षा, स्वास्थ्य परिक्षण लगायतका कार्यक्रम संचालनको लागि आवश्यक व्यवस्था मिलाएको छु ।

**खेलकुद तर्फः**

१. राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगितालाई थप प्रभावकारी र व्यवस्थित रुपमा संचालन गरी समग्र खेलकुद क्षेत्रलाई चलायमान गराउन रु ४ लाख रकम व्यवस्थापन गरेको छु ।

२. गाउँपालिकाका खेलाडीहरुलाई थप उत्प्रेरित बनाउन **अध्यक्ष कप खेलकुद** प्रतियोगिता संचालन गर्नको लागि आवश्यक रकमको व्यवस्था गरेको छु।

१. युवा प्रतिभाहरुलाई प्रोत्साहन गर्ने उद्देश्यले खेलकुद प्रवर्द्धनको लागि खेलकुद कार्यक्रम तथा सामाग्री वितरण र क्रिकेट बन्द प्रशिक्षणको लागि आवश्यक वजेट व्यवस्था गरेको छु ।

३. गाउँपालिकाका सामुदायिक विद्यालयहरुमा खेलकुद तथा शारीरिक व्यायाम सम्बन्धी कृयाकलापहरुलाई संचालन गर्न पालीकास्तरीय खेलकुद शिक्षक व्यवस्थापनको लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

**लैंगिक समानता तथा सामाजिक समावेशीकरणः**

२. गाउँपालिकाका सबै नागरिकलाई विद्युत सेवाको सुनिश्चित गर्न न्यूनतम २० युनिट सम्मको विद्युत महशुल गाउँपालिकाबाट भुक्तानी गर्न रु १३ लाख रकम बिनियोजन गरेको छु ।

३. गाउँपालिकामा विभिन्न स्थानमा रहेका सडक बत्तिहरुको महशुल भुक्तानीको लागि समुदाय- टोलविकास संस्थासँग साझेदारी गरी गाउँपालिकाबाट महशुल अनुदानको लागि आवश्यक बजेटको व्यवस्था मिलाईनेछ ।

४. महिला, दलित, आदिवासी जनजाति, एकल नागरिक लगायत लक्षित समूहका कार्यक्रम सञ्चालनको लागि रु २१ लाख ४० हजार विनियोजन गरेको छु ।

५. लैगिक हिंसा विरुद्धको १६ दिने अभियान सञ्चालन,ज्येष्ठ नागरिक मिलन केन्द्र सञ्चालन, तिज गीत सञ्चालन,नारी दिवस सञ्चालन, अपाङ्गता परिचय पत्र वितरण शिविर कार्यक्रम, अपाङ्गता सहायता सामाग्री वितरण लगायताका कार्यक्रम सञ्चालनको लागि आवश्यक रकम विनियोजन गरेको छु ।

६. ज्येष्ठ नागरिकहरुलाई देशका विभिन्न धार्मिक स्थलहरुको भम्रण गराउन ५ लाख बजेट व्यवस्था गरेको छु ।

७. महिलाहरुको जिवन स्तर सुधार गर्न सीप विकास तालिम सञ्चालनको लागि आवश्यक वजेट व्यवस्था गरेको छु ।

८. छुवाछुत मुत्त दिवस र छुवाछुत मुत्त वडा घोषणाको लागि आवश्यक वजेट व्यवस्था गरेको छु ।

९. धार्मिक मेला महोत्सव सञ्चालन तथा साहित्यीक कार्यक्रम सञ्चालनको लागि आवश्यक वजेट व्यवस्था गरेको छु ।

**खानेपानी तथा सरसफाई :**

१. **एकघर एकधारा** कार्यक्रम पूर्ण रुपमा सम्पन्न गरी सबै नागरिकको घरघरमा खानेपानीको सेवा उपलब्ध गराउन २ करोड २० लाख बजेटको व्यवस्था मिलाएको छु।

२. नागरिकहरुको स्वच्छ तथा शुद्ध खानेपानीमा पहुँच पुऱ्याउने उद्देश्यले खानेपानीको परीक्षणको लागि आवश्यक सामग्री खरिद गर्न बजेट व्यवस्थापन गरेको छु ।

३. नागरिकलाई सर्व सुलभ रुपमा खानेपानी उपभोग गर्न समुदायस्तरमा संचालनमा रहेका लिफ्टिङ्ग खानेपानीको विद्युत महशुलमा अनुदान दिई नागरिकले हाल प्रयोग गरिरहेको खानेपानी महशुलमा सहुलियत दिन आवश्यक बजेट व्यवस्था गरेको छु।

**आर्थिक विकास :**

**कृषि तथा पशु विकास**

१. लागत साझेदारीमा **रुरु कृषि परियोजना** संचालनको लागि रकम रू. **५५** लाख विनियोजन गरेको छु ।

२. कृषि तथा पशु विकास सम्बन्धी विभिन्न कार्यक्रमको लागि ६७ लाख रकम विनियोजन गरेको छु।

३. कृषिक्षेत्रसँग सम्बन्धित विकसित नविनतम प्रविधिको बारेमा कृषकलाई जानकारी गराउन तथा कृषकहरुको पिरमर्का, समस्या र गुनासोको सम्बोधन गर्न, कृषि तथा पशु शिविर संचालन गर्दै कृषि उत्पादन वृद्धि गर्नको लागि **आवश्यक रकम** विनियोजन गरेको छु ।

४. गाउँपालिकामा सम्भाव्यता भएका वस्तुहरुमा गाउँपालिकालाई आत्मनिर्भर बनाउने उद्देश्यका साथ **एक वडा एक उत्पादन** कार्यक्रम संचालनको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

५. कृषि उत्पादन वृद्धि गर्नका लागि माटोको अवस्था यकिन गर्न **माटो परिक्षणको** लागि आवश्यक सामग्रीहरु खरिद गर्न बजेट विनियोजन गरेको छु।

६. कृषकहरुको आत्मसम्मानमा वृद्धि गर्ने उद्देश्यले **कृषक सम्मान कार्यक्रमको** लागि आवश्यक रकम विनियोजन गरेको छु ।

७. गाउँपालिकाका कृषकहरुका गाई भैसीहरुको **निःशुल्क कृत्रिम गर्भाधान** कार्यक्रम संचालनको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

८. नि:शुल्क पशु तथा कृषि औषधी वितरणका लागि आवश्यक रकम विनियोजन गरेको छु।

९. व्यवसायिक कृषकहरुलाई दुध, मासु, अण्डा उत्पादनमा प्रेरित गर्न **उत्पादनमा आधारित अनुदानको** लागि रु. २३ लाख रकम विनियोजन गरेको छु ।

१०. कृषकहरुलाई प्रोत्साहन गर्नका लागि विभिन्न संघसंस्थासँग सहुलियत दरको ऋण लगानीको लागि आवश्यक समन्वय गर्दै कृषकको लागि कृषि ऋणमा लाग्ने ब्याजमा अनुदान दिनको लागि आवश्यक व्यवस्था मिलाएको छु।

११. रैथाने बाली प्रर्वधन कार्यक्रम, उखु खेति र कफि खेति प्रवर्धनका लागि आवश्यक वजेट व्यवस्था गरेको छु ।

१२. साइलेज तथा दाना उत्पादन मेसिन अनुदानका लागि आवश्यक वजेट व्यवस्था गरेको छु ।

**उद्योग,वाणिज्य तथा सहकारी र पर्यटन :**

१. गाउँपालिकाका युवा उद्यमीहरुलाई प्रोत्साहन गर्दै उद्यमी बनी आत्मनिर्भर बन्नको लागि मागमा आधारित अनुदानको लागि **युवा उद्यम कार्यक्रम** सञ्चालनको लागि रु १० लाख खर्च हुने व्यवस्था मिलाएको छु ।

२. गाउँपालिकामा लघु उद्यम सम्बन्धी कार्यक्रम संचालन गरी स्वरोजगारी तथा रोजगारी सिर्जना गर्नको लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

३. गाउँपालिकामा लघु उद्योगहरु संचालन तथा व्यवस्थापनको लागि वडा नं. ४ को देउडाँडामा औधोगिकग्राम निर्माणको लागि आवश्यक बजेट व्यवस्थापन गरेको छु ।

४. वित्तिय साक्षरता सहकारी संस्थाको सुदृढीकरण गर्न आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

५. उपभोत्ताहरुले गुणस्तरीय बस्तुहरुको सर्वसुलभ प्राप्त गराउनको लागि नियमित बजार अनुगमन गर्न आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

६. गाउँपालिका भित्रका एतिहासिक तथा धार्मिक पर्यटकिय स्थलको प्रवर्धनका लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

७. वडा नं.६ ठाइनडाँडामा सञ्चालित होमस्टे व्यवस्थापनको लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

**भौतिक पुर्वाधार तर्फः**

१. वडामा रहेका विभिन्न पूर्वाधारहरु निर्माणको लागि वडा मार्फत खर्च हुने गरी २ करोड बजेट विनियोजन गरेको छु ।

२. आ.व. ०८२/०८३ मा वडा पहुँच मार्गहरुलाई कालोपत्रे गर्न ८ करोड ४२ लाख बजेट विनियोजन गरेको छु ।

३. गाउँपालिका भित्रका मुख्य मोटरबाटोहरुलाई बाह्रै महिना सुचारु गराउन तथा गाउँपालिकाको पूर्वाधार निर्माण, विपद् व्यवस्थापन लगायतका कार्य सम्पादन गर्न गाउँपालिकाको हेभी इक्विप्मेन्ट (भ्याकु लोडर) प्रयोग गर्न आवश्यक वजेट व्यवस्था गरेको छु ।

४. स्थानीय पूर्वाधार विकास सहयोग कार्यक्रम (LISP) तथा अन्य साझेदारी कार्यक्रम सञ्चालनको लागि रु १ करोड २५ लाख रकम विनियोजन गरेको छु ।

५. LISP कार्यक्रम अन्तर्गत देहायका योजनाहरु कार्यन्वयनको लागि वजेट विनियोजन गरेको छु ।
<u>देहायहरु</u>

१. धोविघाट-रिमुवा-रुद्रवेणी बाटो कालोपत्रे वडा नं. ६ पहुँच मार्ग ३ करोड २५ लाख

२. अन्य वडाको विभिन्न पूर्वाधार निर्माणको लागि ७५ लाख

६. कृषकहरुले उत्पादन गरेका कृषि उपजहरुलाई बजारीकरण तथा व्यवस्थापनको लागि कृषि बजार तथा कोल्डस्टोरको निर्माण र निरन्तरताको लागि रु ५० लाख रकम व्यवस्था गरेको छु ।

७. नागरिकहरुलाई गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउन १५ शैयाको अस्पताल भवन निर्माण सम्पन्न गरी अस्पताल सञ्चालन लगायतका कार्यको रु १ करोड १० लाख रकम विनियोजन गरेको छु ।

८. गाउँपालिकाको वडा पहुँच मार्गको रुपमा रहेको **चौतरा-नेटा-लोक्मा-देउराली** सडकलाई कालोपत्रे गर्ने गरी चालु आ.व. मा वहुवर्षिय योजनाको रुपमा निर्माण गर्न टेन्डर गरीएकोमा आ.व.०८२।०८३ को लागि प्रदेश सरकार बाट रु ७५ लाख विनियोजन भएकोमा गाउँपालिका बाट रु १ करोड ३० लाख गरी जम्मा रु २ करोड ५ लाख रकम खर्च गर्ने व्यवस्था मिलाएको छु ।

९. गाउँपालिकाको वडा पहुँच मार्गको रुपमा रहेको **एक्लेपिपल-भट्कुवा-जौखोला मोटर बाटो कालोपत्रे** ३ वर्ष भित्र सम्पन्न गर्ने गरी वहुवर्षिय योजनाको रुपमा निर्माण गर्न रु ७ करोड रकम सुनिश्चित गरी टेन्डर गर्ने र आ.व. ०८२।०८३ को लागि संघिय समपुरक अनुदान अन्तर्गत नेपाल सरकार बाट विनियोजित रु ८७ लाख र गाउँपालिका बाट रु १ करोड ५० लाख गरी जम्मा रु २ करोड ३७ लाख रकम खर्च गर्ने व्यवस्था मिलाएको छु ।

१०. गाउँपालिकाबाट वहुवर्षिय रुपमा संचालन भएका विभिन्न योजनाहरुको आगामी आ.व.मा दायित्व सृजना हुने रकमको आवश्यक बजेट व्यवस्था मिलाएको छु ।

**विपद् व्यवस्थापन तर्फः**

१. विपद्मा परेका नागरिकहरुलाई तत्काल राहत तथा उद्दारको लागि आवश्यक रकमको व्यवस्था गरेको छु ।

२. प्राकृतिक प्रकोपहरु जस्तै बाढी, पहिरो, आगलागी तथा विभिन्न महामारी रोगको रोकथाम तथा नियन्त्रणका लागि विपद् व्यवस्थापन कोष स्थापना गर्न रु. ३५ लाख विनियोजन गरेको छु ।

**सुशासन तथा संस्थागत विकास**

१. नागरिकलाई सूचनाको हकको प्रत्याभुति गराई चुस्तदुरुस्त सेवा प्रवाह र प्रविधिमैत्री कार्यालय निर्माणको लागि आवश्यक रकम विनियोजन गरेको छु ।

२. नागरिक केन्द्रित सेवा प्रवाह गर्दै गाउँपालिकाको समग्र सुशासन कायम गर्न कर्मचारीहरुलाई उत्प्रेरित बनाई कार्य गर्न कार्यसम्पादनमा आधारित कर्मचारी प्रोत्साहनको लागि आवश्यक रकम व्यवस्था गरेको छु ।

३. वडा कार्यालय र गाउँपालिकाबाट प्रदान गरिने विभिन्न सेवाहरुलाई प्रविधि मैत्री बनाउन आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

४. जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता अभिवृद्धि गरी सेवा प्रवाहमा प्रभावकारीता ल्याउन क्षमता अभिवृद्धि सम्बन्धी विभिन्न कार्यक्रमहरुको लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

५. गाउँपालिकाको कार्यालय तथा वडामा रहेका कार्यालयहरुबाट उपलब्ध हुने विभिन्न सेवा तथा जानकारीहरु आम नागरिक समक्ष साप्ताहिक रुपमा जानकारी गराउँदै जनउत्तरदायी स्थानीय सरकारको अनुभूत गराउन **जनतासँग स्थानीय सरकार** कार्यक्रम संचालन गर्न आवश्यक रकम विनियोजन गरेको छु ।

६. स्थानीय जनताको सुरक्षा, सम्पत्तीको संरक्षण, स्थानीय सरकारको नीति, निर्णय, मापदण्ड, विपद् व्यवस्थापन, बजार अनुगमन, सेवा प्रवाह आदि कार्यमा नगर प्रहरी परिचालन गर्न आवश्यक रकमको व्यवस्था गरेको छु।

७. करार सेवामा कार्यरत शिक्षक, विद्यालय कर्मचारी तथा गाउँ कार्यपालिकाको कार्यालय र अन्तर्गतका कार्यालयहरुमा कार्यरत कर्मचारीहरुको सामाजिक सुरक्षा कोषमा आवद्धता गराउनको लागि आवश्यक रकम व्यवस्थापन गरेको छु ।

८. कर्मचारीहरुको महङ्गी भत्ता लगायतका अन्य भत्ताहरुको लागि आवश्यक रकम व्यवस्थापन गरेको छु ।

९. **हाम्रो टोल राम्रो टोल** भन्ने अभियान संचालन गरी सार्वजनिक संरचनाहरुको संरक्षण गर्दै वडा कार्यालयको सहयोगी संस्थाको रुपमा गठन भएका **टोलविकास संस्था**को सुदृढीकरण गर्न आवश्यक वजेट विनियोजन गरेको छु ।

१०. वन्यजन्तुबाट कृषकहरुको कृषि उपजहरुको संरक्षण गर्न गाउँपालिकाका सबै वडामा परिचालन गर्ने गरी रोजगार कार्यक्रम संचालनको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

**श्रद्धेय अध्यक्ष महोदय,**

आर्थिक वर्ष ०८२/०८३ को आय व्ययको विवरण अनुसूचीहरुमा उल्लेख गरेको छु ।

प्रस्तुत गरेको बजेटको सफल कार्यान्वयनबाट गाउँपालिकामा उपलब्ध स्रोत र साधनको उच्चतम उपयोग गर्दै नागरिकको जीवनस्तरमा सुधार गरी सुखी र समृद्ध रुरुक्षेत्र निर्माणको अभियानमा सहयोग पुगी सार्वजनिक सेवा प्रवाहमा प्रभावकारीता एवम् गुणस्तर अभिवृद्धि भई सुशासनको प्रत्याभूति हुने विश्वास लिएको छु ।

प्रस्तुत बजेट तर्जुमा गर्दा सहयोग गर्ने अध्यक्षज्यू, कार्यपालिका सदस्यहरु, सभाका सदस्यहरु, गाउँपालिकाका राजनीतिक दलका प्रमुख एवं प्रतिनिधिहरु, गाउँपालिकाका विद्वत वर्गहरु, पत्रकार, नागरिक समाज, गाउँपालिकाबासी सम्पूर्ण नागरिक, प्रमुख प्रशासकीय अधिकृत लगायत गाउँपालिकाका सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरु, शिक्षक, टोल विकास संस्था लगायत सम्पूर्ण सरोकारवालाहरुप्रति हार्दिक आभार प्रकट गर्दै बजेट कार्यान्वयनमा सबैको सकारात्मक सहयोगको अपेक्षा राख्दछु । सुखी, समृद्ध र समुन्नत रुरुक्षेत्र निर्माणको महानयात्रामा सबैले हातेमालो गर्दै सहभागी हुन हार्दिक अनुरोध गर्दछु ।

जय रुरुक्षेत्र !!

धन्यवाद नमस्कार !!

**मिनादेवी गौतम**
**उपाध्यक्ष**

मिति : २०८२ असार १० गते

# रुरुक्षेत्र गाउँपालिलाको आर्थिक ऐन ,२०८२

**प्रस्तावना :** रुरुक्षेत्र गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम रुरुक्षेत्र गाउँसभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यो विधेयकको नाम "आर्थिक ऐन, २०८२ रहेको छ ।

(२) यो ऐन २०८२ श्रावण १ गतेदेखि रुरुक्षेत्र गाउँपालिकामा लागू हुनेछ ।

२. **भूमि कर (मालपोत):** गाउँपालिका क्षेत्रभित्र अनुसूची-१ बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

३. **व्यवसाय कर :** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारका आधारमा अनुसूची-२ बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

४. **सेवा शुल्क, दस्तुर :** गाउँपालिकाले उपलब्ध गराउने सेवामा अनुसूची-३ बमोजिम सेवाग्राहीबाट सेवा शुल्क, दस्तुर लगाइने र असूल उपर गरिनेछ ।

५. **विज्ञापन कर :** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची-४ बमोजिमको विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।तर प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएकोमा सोही बमोजिम हुनेछ ।

६. **वनपैदावर वन्यजन्तु जडीबुटी, कवाडी र जीवजन्तु कर :** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले खोटो, जडीबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ्ग, प्वाँख, छाला जस्ता वस्तुको व्यवसायिक कारोबार गरेवापत त्यस्तो कारोबारको १० प्रतिशत रकम कर लगाइने र असूल उपर गरिनेछ ।

७. **काठ, दाउरा बिक्री कर :** गाउँपालिका क्षेत्रभित्रका सामुदायिक वन उपभोक्ता समितिले सामुदायिक वनबाट बिक्री गर्ने काठ, दाउरा, घाँसमा बिक्रीमुल्यको १० प्रतिशत रकम कर लगाइने र असूल उपर गरिनेछ ।

८. **कवाडी कर :** गाउँपालिका क्षेत्रभित्र कवाडी मालवस्तु व्यवसायिक रुपमा संकलन गरी बिक्रीवितरण गर्ने कार्यमा टेण्डर मार्फत कर लगाइने र असूल उपर गरिनेछ ।

९. **दाउरा व्यवस्थापन :** कालीगण्डकी नदी (गाउँपालिका क्षेत्रमा) दाहसंस्कार वा अन्य कार्य गर्नको लागि दाउराको व्यवसायिक बेचबिखन गर्नको लागि टेण्डर मार्फत कर लगाइने र असूल उपर गरिनेछ ।

१०. **बहाल कर :** गाउँपालिका क्षेत्रभित्रकुनै व्यक्ति वा संस्थाको घर, जग्गा, सवारी साधन भाडामा दिई व्यापार, व्यवसाय वा अन्य कार्यालय संचालन गरेकोमा १० प्रतिशत बहाल कर लगाइने र असूल उपर गरिनेछ ।

११. **घर जग्गाबहाल कर :** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा, पोखरी पूरै वा आंशिक बहालमा दिएकोमा घर जग्गाबहाल कर लगाइने र असूल उपर गरिनेछ ।

१२. **सवारी साधन कर :** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा सवारी साधन कर लगाइने र असूल उपर गरिनेछ । तर प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएकोमा सोही बमोजिम हुनेछ ।

१३. **मनोरञ्जन कर :** गाउँपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा मनोरञ्जन कर लगाइने र असूल उपर गरिनेछ । तर प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएकोमा सोही बमोजिम हुनेछ ।

१४. **बहाल बिटौरी शुल्क :** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका हाट बजार व ापसलमा बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१५. **नदीजन्य पदार्थको उत्खनन्, संकलन, भण्डारण र बिक्रीवितरण :** गाउँपालिका क्षेत्रभित्र रहेका नदी, खोलामा नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा, दहत्तर, बहत्तर) उत्खनन्, संकलन, भण्डारण र बिक्री वितरण वापत रोयल्टी प्रतिस्पर्धात्मक ठेक्काबाट अनुसूची-५ बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ । गाउँपालिका क्षेत्रभित्र रहेका नदी, खोलामा नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा, दहत्तर, बहत्तर) को अवैध उत्खनन्, चोरी, निकासी गरेको पाइएमा अनुसूची-६ बमोजिमको दण्ड जरिवाना दर लगाइने र असूल उपर गरिनेछ ।

१६. **कर छुट :** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थालाई कुनै पनि किसिमको कर छुट दिइने छैन ।

१७. **कर तथा शुल्क संकलन कार्यविधि :** यस ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि रुरुक्षेत्र गाउँपालिकाले तोके अनुसार हुनेछ ।

१८. **नियम वा कार्यविधि बनाउन सक्ने :** रुरुक्षेत्र गाउँपालिका गाउँकार्यपालिकाले यस ऐनमा भएका व्यवस्थाहरुलाई कार्यान्वयन गर्नका लागि आवश्यक नियम वा कार्यविधि बनाउन सक्नेछ ।

१९. **जरिवाना सम्बन्धमा** :.दहत्तर बहत्तर सम्बन्धी राजस्व संकलन गर्ने क्रममा गैर कानूनी रुपमा व्यक्ति वा निर्माण व्यवसायीहरुले उत्खनन तथा ओसारपसार गर्दा सुरक्षा निकायबाट जफत भएमा सो जरिवाना रकमको २५% रकम सुरक्षा निकायलाई भुक्तानी दिने ।

**अनुसूची- १**

**भूमि कर (मालपोत)**

| क.सं. | जग्गाको क्षेत्रफल (रोपनीमा) | कर, दस्तुर (रकम रु.मा) |
|---|---|---|
| १. | ५ रोपनी सम्म | १५ |
| २. | ५ रोपनी देखि १० रोपनी सम्म | थप २० |
| ३. | १० रोपनी माथी | प्रति रोपनी रु.५ थप |

## भूमि कर (मालपोत) मा विलम्ब शुल्क :

१। पहिलो वर्ष १० प्रतिशतको दरले विलम्ब शुल्क लाग्नेछ र त्यसपछिका हरेक वर्ष १० प्रतिशतका दरले थपिदै जानेछ ।

२। भू-उपयोग वर्गीकरण पूर्ण रुपमा कार्यान्वयन भए पश्चात लागू हुने गरी भूमी कर निर्धारण गरिनेछ ।

**अनुसूची - २**

**व्यवसाय कर**

| क्र.सं. | विवरण | एकाई | दर्ता शुल्क | नविकरण शुल्क |
|---|---|---|---|---|
| १ | दैनिक उपभोगका खाद्य पदार्थ तथा किराना खुद्रा पसल | प्रतिपसल | ७५० | ५०० |
| २ | जनरल स्टोर्स, सपिङ्ग सेन्टर | ,, | ३००० | २००० |
| ३ | थोक किराना तथा गल्ला पसल | ,, | ४५०० | ३००० |
| ४ | लुगा सिलाउने पसल | ,, | ७५० | ५०० |
| ५ | कपडा पसल सहित लुगा सिलाउने पसल | ,, | ३००० | २००० |
| ६ | कपाल काट्ने सैलुन | ,, | १५०० | १००० |
| ७ | पान पसल | ,, | ७५० | ५०० |
| ८ | फोटो स्टुडियो | ,, | १५०० | १००० |
| ९ | माटोको भाँडा पसल | ,, | ७५० | ५०० |
| १० | भाँडा पसल फलाम, तामा, स्टील, आदि धातुका भाँडा बेच्ने) थोक विक्रेता | ,, | ४५०० | ३००० |

| | | | | |
|---|---|---|---|---|
| ११ | भाँडा पसल (फलाम,तामा,स्टील, आदि धातुका भाँडा बेच्ने) | ,, | २२५० | १५०० |
| १२ | डेकोर सेन्टर/फर्निसिङ | ,, | २२५० | १५०० |
| १३ | मेशिनको पार्ट पूर्जा बेच्ने पसल/वर्क्ससप | ,, | ४५०० | ३००० |
| १४ | हार्डवेयर पसल | ,, | ४५०० | ३००० |
| १५ | मूर्ति /उपहार पसल | ,, | ७५० | ५०० |
| १६ | बिजुलीको सामान बेच्ने पसल | ,, | २२५० | १५०० |
| १७ | घडी, रेडियो मर्मत तथा बिक्री पसल | ,, | ७५० | ५०० |
| १८ | मोबाईल मर्मत पसल | | ३००० | २००० |
| १९ | इलेक्ट्रोनिक्स सामानको मर्मत गर्ने पसल (टेलिभिजन मात्र) | ,, | २२५० | १५०० |
| २० | इलेक्ट्रोनिक्स सामानको बिक्रि गर्ने पसल | ,, | ३००० | २००० |
| २१ | इलेक्ट्रोनिक्स सामानको बिक्रि तथा मर्मत गर्ने पसल | ,, | ४५०० | ३००० |
| २२ | चार पाङ्ग्रे सवारी साधनको बिक्री तथा मर्मत | ,, | १५००० | १०००० |
| २३ | मोटरसाइकल तथा अटो रिक्सा बिक्री तथा मर्मत | ,, | ७५०० | ५००० |
| २४ | साइकल बिक्री तथा मर्मत | ,, | १५०० | १००० |
| २५ | गर गहना बनाउने र बेच्ने पसल | ,, | ४५०० | ३००० |
| २६ | स्टेशनरी /पुस्तक पसल | ,, | १५०० | १००० |
| २७ | पेट्रोल पम्प | ,, | ७५०० | ५००० |
| २८ | ग्याँस विक्रेता | ,, | ४५०० | ३००० |
| २९ | आइसक्रिम बेच्ने पसल | ,, | ७५० | ५०० |
| ३० | फलफूल/तरकारी पसल | ,, | ७५० | ५०० |
| ३१ | मिठाई बेच्ने पसल | ,, | १५०० | १००० |
| ३२ | माछा पसल | ,, | १५०० | १००० |
| ३३ | फ्रेस हाउस (कुखुरा मात्र) | ,, | २२५० | १५०० |
| ३४ | मासु पसल (खसी,बोका पाडा तथा कुखुरा) | ,, | ३००० | २००० |
| ३५ | इजाजत प्राप्त मदिरा पसल (थोक) | ,, | ११२५० | ७५०० |
| ३६ | इजाजत प्राप्त मदिरा पसल (खुद्रा) | ,, | ७५०० | ५००० |
| ३७ | कविराज/ चिकित्सा सेवा | ,, | ७५० | ५०० |

| | | | | |
|---|---|---|---|---|
| ३८ | स्वास्थ्य परीक्षण ल्याब | ,, | ३००० | २००० |
| ३९ | डेन्टल | ,, | ३००० | २००० |
| ४० | औषधी पसल / मेडिकल हल | ,, | ३००० | २००० |
| ४१ | अस्पताल | ,, | ४५०० | ३००० |
| ४२ | विशेषज्ञ सहितको मेडिकल सेवा | ,, | ४५०० | ३००० |
| ४३ | चियानास्तापसल | ,, | ७५० | ५०० |
| ४४ | रेष्टुरेन्ट एण्ड बार | ,, | ३००० | २००० |
| ४५ | साधारण होटेल | ,, | २२५० | १५०० |
| ४६ | गेष्ट हाउस, लज | ,, | ३७५० | २५०० |
| ४७ | पार्टी प्यालेस | ,, | ४५०० | ३००० |
| ४८ | होस्टेल | ,, | १५०० | १००० |
| ४९ | टेन्ट/क्याटेरिङ्ग | ,, | ३००० | २००० |
| ५० | दूध डेरी | प्रतिपसल | १५०० | १००० |
| ५२ | छापाखाना | ,, | १५०० | १००० |
| ५३ | गिफ्ट शप | ,, | ७५० | ५०० |
| ५४ | जुत्तापसल | प्रतिपसल | १५०० | १००० |
| ५५ | कस्मेटिक समान बेच्ने पसल | ,, | १५०० | १००० |
| ५६ | ब्यूटी पार्लर | प्रतिपसल | २२५० | १५०० |
| ५७ | कपडा पसल | ,, | २२५० | १५०० |
| ५८ | फेन्सी पसल (१ लाख पूजीँ भएको) | ,, | १५०० | १००० |
| ५९ | फेन्सी पसल (थान कपडा सहित) | ,, | ३००० | २००० |
| ६० | गोदाममा सामान राखी बेच्ने (घुम्ती व्यापारी) (वार्षिक) | ,, | ४५०० | ३००० |
| | गोदाममा सामान राखी बेच्ने (घुम्ती व्यापारी) (मासिक) | ,, | १५०० | १००० |
| | गाडीमा सामान राखी विकी वितरण गर्ने ( जिल्ला दर्ता भएका) | | ४५०० | ३००० |
| | गाडीमा सामान राखी विकी वितरण गर्ने ( अन्य जिल्ला दर्ता भएका) | | १२००० | ८००० |
| ६१ | केवुल नेटवर्किङ्ग (इन्टरनेट सहित) | ,, | | |
| | क) १५० सम्म ग्राहकभएका<br>ख) १५० भन्दा माथी ग्राहक भएका | ,, | ४५०० | ३००० |
| ६२ | केवुल नेटवर्किङ्ग (टेलीभिजन मात्र) | ,, | ७५०० | ५००० |
| | क) १५० सम्म ग्राहक भएका<br>ख) १५० भन्दा माथी ग्राहक भएका | ,, | ३०००<br>६००० | २०००<br>४००० |

| | | | | |
|---|---|---|---|---|
| ६३ | केवुल नेटवर्किङ्ग (इन्टरनेट मात्र ) | ,, | | |
| | क) १५० सम्म ग्राहकभएका<br>ख) १५० भन्दा माथी ग्राहक भएका | ,, | ३०००<br>६००० | २०००<br>४००० |
| ६४ | बैङ्क | | | |
| | क वर्ग | ,, | ११२५० | ७५०० |
| | ख वर्ग | ,, | ७५०० | ५००० |
| | ग वर्ग | ,, | ६००० | ४००० |
| | घ वर्ग | ,, | ४५०० | ३००० |
| ६५ | सहकारी संस्था (कृषि तथा बहुउद्देश्यीय, बचत तथा ऋण ) | ,, | ७५० | ५०० |
| ६६ | मनिचेन्जर/रेमिट्यान्स | प्रतिकेन्द्र | ३००० | २००० |
| ६७ | एफ.एम. रेडियो | ,, | ४५०० | ३००० |
| ६८ | विमा एजेन्ट | ,, | १५०० | १००० |
| ६९ | कोचिङ सेन्टर | ,, | ३००० | २००० |
| ७० | कम्प्युटर इन्स्टीच्यूट (प्रशिक्षण दिने) | ,, | ३००० | २००० |
| ७१ | व्यवसायिक तालिम /सिलाइ कटाई तालिम (संस्था) | ,, | १५०० | १००० |
| ७२ | फोटोकपी पसल | ,, | ७५० | ५०० |
| ७३ | सिसा /प्लाइउड पसल | ,, | ३००० | २००० |
| ७४ | साइनवोर्ड /पेन्टिङ्ग पसल | ,, | १५०० | १००० |
| ७५ | सोलार / सौर्य उर्जा बेच्ने पसल | ,, | ३००० | २००० |
| ७६ | कुरियर सेवा | ,, | ७५० | ५०० |
| ७७ | टयाङ्कर व्यवसाय | ,, | ३००० | २००० |
| ७८ | घरेलु तथा कृषिउद्योग , पशु, कृषि, घरेलु पोल्ट्री फर्म, गाई फर्म र टोल विकास संस्था | ,, | ७५० | ५०० |
| ७९ | एग्रोभेट / बिउ-विजनबिक्री गर्ने पसल | ,, | ७५० | ५०० |
| ८० | उद्योग वाणिज्य संघ,व्यापार संघ,होटल व्यवसायी संघ,गैर सरकारी संस्थाल गायतका संघ संस्था | ,, | ७५० | ५०० |
| ८१ | नदीमा माछा छोपी व्यवसाय गर्ने अनुमति प्राप्त व्यवसायी | ,, | ३००० | २००० |
| ८२ | तीन पाङग्रे अटो रिक्सा | ,, | ७५० | ५०० |
| ८३ | होम स्टे | प्रतिपसल | निशुल्क | १५०० |
| ८४ | कवाडी /स्क्राब पसल | प्रतिपसल | ३७५० | २५०० |

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| ८५ | ड्राइक्लिन सेवा | ,, | १५०० | १००० |
| ८६ | कृषि उपज संकलन | ,, | ७५० | ५०० |
| ८७ | रिकन्डिसन पसल (पुराना सवारी साधन बेच्ने ) | ,, | ३००० | २००० |
| ८८ | चटपटे पसल | ,, | ७५० | ५०० |
| ८९ | पूजा सामाग्री बिक्री गर्ने पसल | ,, | १५०० | १००० |
| ९० | ज्योतिष परामर्श सेवा | ,, | १५०० | १००० |
| ९१ | भिडियो ग्राफी सेवा | ,, | २२५० | १५०० |
| ९२ | फ्ल्याक्स प्रिन्ट /कलर ल्याब | ,, | २२५० | १५०० |
| ९३ | इन्जीनियरिङ्ग कन्सल्टेन्सी | ,, | १५०० | १००० |
| ९४ | पेन्ट पसल | ,, | ३००० | २००० |
| ९५ | टायल्स,मार्वल तथा सेनेटरी | ,, | ४५०० | ३००० |
| ९६ | स्टिकर हाउस | ,, | १५०० | १००० |
| ९७ | चल्ला बेच्ने पसल | ,, | १५०० | १००० |
| ९८ | दाना बेच्ने पसल खुद्रा | ,, | ३००० | २००० |
| ९९ | दाना बेच्ने पसल थोक | ,, | ३००० | २००० |
| १०० | दाना तथा चल्ला दुवै बेच्ने पसल | प्रति पसल | ४५०० | ३००० |
| १०१ | ड्राइभिङ इन्सिच्यूट | ,, | २००० | १५०० |
| १०२ | अडिट फर्म/ल फर्म/ कन्सलटेन्सी/परामर्श सेवा | ,, | ३००० | २००० |
| १०३ | 'घ' वर्गको निर्माण व्यवसायी | प्रतिफर्म | ४५००० | २०००० |
| १०४ | खानेपानी मूलदर्ता तथा सरसफाई समिति | प्रति समिति | ७५० | ५०० |
| १०५ | सामुदायिक वन दर्ता | प्रति समिति | १००० | ६०० |
| १०६ | सूर्तिजन्य पदार्थको थोक | प्रति पसल | ४५०० | ३००० |
| १०७ | सूर्तिजन्य पदार्थको खुद्रा | प्रति पसल | ३००० | २००० |
| १०८ | चश्मापसल | ,, | १५०० | १००० |
| १०९ | चश्मा पसल (विशेषज्ञ सेवा सहित) | ,, | ३००० | २००० |
| ११० | फलफूल, घाँस तथा नर्सरी सेवा | ,, | ७५० | ५०० |
| १११ | बीमा कम्पनी | प्रति शाखा | ४५०० | ३००० |
| ११२ | स्केट पार्क | प्रति पार्क | ६००० | ४००० |

## उद्योग व्यवसाय

| सि.नं. | विवरण | दर्ता शुल्क | नविकरण |
|---|---|---|---|
| १ | इटा टायल उद्योग | ४५०० | ३००० |
| २ | होजियरी उद्योग | १५०० | १००० |
| ३ | कुटानी, पिसानी, पेलानीमिलआदी | १५०० | १००० |
| ४ | कुटानी, पिसानी, मिलआदी | ७५० | ५०० |
| ५ | आल्मूनियमउद्योग,ग्रीलउद्योग | ४५०० | ३००० |
| ६ | स्टिल फर्निचर उद्योग एवं विक्रेता | ४५०० | ३००० |
| ७ | फर्निचर तथा काष्ठ उद्योग | ४५०० | ३००० |
| ८ | सिरक डसेना उद्योग | ४५०० | ३००० |
| ९ | जुस/अचार उद्योग | १२,००० | ८००० |
| १० | बेकरी उद्योग | ३००० | २००० |
| ११ | क्रसर उद्योग | ३०,००० | २०,००० |
| १२ | आरन उद्योग | ७५० | ५०० |
| १३ | चाउमिनउद्योग | ३००० | २००० |
| १४ | जलविद्युत उद्योग -प्रतिउद्योग) | ३०,००० | २०,००० |
| १५ | सोलार मार्फत् विद्युत उत्पादन गर्ने उद्योग (प्रतिउद्योग) | १५,००० | १०,००० |
| १६ | मादलउद्योग | ७५० | ५०० |
| १७ | परालका चप्पल बनाउने उद्योग | ७५० | ५०० |
| १८. | हस्तकलाका सामग्री | ७५० | ५०० |
| १९. | बेकरी उधोग (पाउरोटी, समोसा) | १५०० | १००० |

## डोजर सूचीकृत

| सि.नं. | विवरण | सूचीकृत दस्तुर रु. |
|---|---|---|
| १. | १०० हर्ष पावर भन्दा तल | १०००० |
| २. | १०० हर्ष पावर भन्दा माथी | २०००० |

## अनुसूची - ३
## सेवा शुल्क, दस्तुर

| क.सं. | विवरण | दस्तुर रु. |
|---|---|---|
| १ | नक्कल उतार प्रतिलिपी प्रतिपाना | ५० |
| २ | नागरिकता सिफारिस दस्तुर | १०० |
| ३ | नागरिकता प्रतिलिपी सिफारिस दस्तुर | १०० |
| ४ | अंगिकृत नागरिकता सिफारिस दस्तुर | ३०० |
| ५ | नाता प्रमाणित नेपालीमा | १०० |
| ६ | अन्य प्रमाणित दस्तुर | १०० |
| ७ | घर बाटो सिफारिस | २५० |
| ८ | सर्जमिन मुचुल्का | २०० |
| ९ | चारकिल्ला प्रमाणित प्रति सिफारिस | २०० |
| १० | अंग्रेजी भाषामा गरिने सिफारिस | २०० |
| ११ | अग्रेजी भाषामा गरिने नाता प्रमाणित | ३०० |
| १२ | आम्दानी प्रमाणित र धितो मुल्याङ्कन | ३०० |
| १३ | क) ५ लाख सम्म | ५०० |
| | ख) १० लाख सम्म | १००० |
| | ग) १० लाख भन्दा माथी प्रतिलाखमा | १०० थप |
| १४ | घर पसल बन्द कोठा खुलाउने मुचुल्का | ५०० |
| १५ | मुद्धा मामिला दर्ता | १०० |
| १६ | व्यक्तिगत घटना दर्ता ३५ दिनभित्र | निशुल्क |
| १७ | व्यक्तिगत घटना दर्ताको विलम्ब शुल्क | २०० |
| १८ | व्यक्तिगत घटना दर्ता प्रमाणपत्रको नक्कल दस्तुर | ५०० |
| १९ | व्यक्तिगत घटना तथा नागरिक अभिलेखदर्ता किताब हेरेको दस्तुर | २०० |
| २० | प्राविधिक शिक्षालय खोल्ने सिफारिस | ३००० |
| २१ | जग्गादर्ता सिफारिस ५ रोपनी सम्म | ५०० |
| २२ | जग्गादर्ता सिफारिस ५ रोपनीमाथी | १००० |
| २३ | विद्युत् जोड्ने सिफारिस | १०० |
| २४ | धारा जोड्ने सिफारिस | १०० |
| २५ | रेखाङ्कन लगायतका अन्य कार्यको सर्जमिन प्रति सर्जमिन | ५०० |
| २६ | व्यवसाय नामसारी | ५०० |
| २७ | व्यवसाय संचालनमा नभएको व्यहोराको सिफारिस | १०० |
| २८ | साधारण सिफारिस | १०० |
| २९ | अन्य प्रतिलिपी सिफारिस | २०० |

| | | |
|---|---|---|
| ३० | कु-काठ कटानी सिफारिस २० वोट सम्म | ३००० |
| ३१ | क) सो भन्दा माथी प्रतिवोट | २०० |
| ३२ | वैदेशिक पेन्सन सिफारिस | २०० |
| ३३ | व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपी दस्तुर | १०० |
| ३४ | 'घ' वर्गको निर्माण व्यवसायको इजाजतपत्रको प्रतिलिपी दस्तुर | १००० |
| ३५ | सहकारी संस्थाको आबद्धता शुल्क | ५०० |
| ३६ | तमसुक दर्ता : (क) ५ लाख सम्म<br>(ख) ५ लाख भन्दामाथि | ५००<br>१००० |
| ३७ | निर्माण व्यवसायी सूची दर्ता (गा.पा. मा दर्ता भएका बाहेक) | १००० |
| ३८ | अन्य कागजपत्र प्रमाणित दस्तुर (गाउँपालिका) | २०० |
| ३९ | पानी टयाङ्कर भाडा (प्रति दिन) | १००० |
| ४० | निजी जग्गाको नापजाँच दस्तुर प्रति पटक | ५०० |
| ४१ | गाउँपालिकाको बहुउद्देश्यीय सभाहल भाडा प्रति दिन | १५०० |
| ४२ | ट्रयाक्टर, ट्रयाक्टर सहित ट्यांकर सेवा र ब्याकुलोडर भाडा | जिल्ला दररेट बमोजिम |

**संस्थागत विद्यालय नविकरण सम्बन्धी**

| **क.सं.** | **संस्थागत विद्यालय कक्षा संचालन** | **दस्तुर** |
|---|---|---|
| १. | ५ कक्षा सम्म संचालन | ३,००० |
| २. | ८ कक्षा सम्म संचालन | ५,००० |
| ३. | १० कक्षा सम्म संचालन | ७,००० |
| ४. | १२ कक्षा सम्म संचालन | १०,००० |

**विद्यालय खोल्ने र कक्षा थप सम्वन्धी अनुमती**

| **क.सं.** | **विवरण** | **दस्तुर रु.** |
|---|---|---|
| १ | आधारभूत तह | २००० |
| २ | मा.वि. | ३००० |

**घरकर**

| **क.सं.** | **विवरण** | **कर रु.** |
|---|---|---|
| १ | टिनको छानो | ३० |
| २ | पक्की ढलान आर.सि.सि.१ तले | १०० |
| ३ | पक्की ढलान आर.सि.सि.२ तले | १५० |
| ४ | पक्की ढलान आर.सि.सि.३ तले | २०० |

| | | |
|---|---|---|
| ५ | पक्की ढलान आर.सि.सि.४ तले | २५० |
| ६ | पक्की ढलान आर.सि.सि.४ तला माथी प्रति तला | १०० |

## घर नक्सापास तर्फ

| **क्र.सं.** | **विवरण** | **कर रु.मा** |
|---|---|---|
| | **नक्सा पास पुस्तिका, अनुगमन तथा अनुमती दस्तुर** | |
| १ | नक्सापास पुस्तिका मूल्य | ५०० |
| २ | घ वर्गको कच्ची घर निर्माण अनुमती | १००० |
| ३ | अन्य वर्गका घर अनुगमन मूल्याङ्कन शुल्क | ३०० |
| ४ | घर निर्माण सम्पन्न प्रमाणपत्र दस्तुर | |
| | **नक्सा पास धरौटी दस्तुर** | |
| १ | १००० वर्ग फिट सम्म | २००० |
| २ | १००० वर्ग फिट माथी | ४००० |
| ३ | अनुमती बिना निर्माण गरेका १००० वर्गफिट भन्दा थोरै | २००० |
| ४ | अनुमती बिना निर्माण गरेका १००० वर्गफिट भन्दा धेरै | २५०० |

**नक्सा नियमित तथा अभिलेख दस्तुर**

| क.स. | वर्ग फिट | भुई तला | पहिलो तला | दोस्रो तला | तेस्रो तला | सो भन्दा माथी |
|---|---|---|---|---|---|---|
| १ | १००० वर्ग फिट सम्म प्रति वर्ग फिट | १। | २। | ३। | ४। | ५। |
| २ | १००० वर्ग फिट माथी प्रति वर्ग फिट | २। | ३। | ४। | ५। | ६। |

**नक्सा पास सजाय दस्तुर**

| क.स. | वर्ग फिट | भुई तला | पहिलो तला | दोस्रो तला | तेस्रो तला | सो भन्दा माथी |
|---|---|---|---|---|---|---|
| १ | १००० वर्ग फिट सम्म प्रति वर्ग फिट | ३। | ५। | ७। | ९। | ११। |
| २ | १००० वर्ग फिट माथी प्रति वर्ग फिट | ५। | ७। | ९। | १०। | १२। |

**नक्सा पास दस्तुर**

| क.स. | वर्ग फिट | भुई तला | पहिलो तला | दोस्रो तला | तेस्रो तला | सो भन्दा माथी |
|---|---|---|---|---|---|---|
| १ | १००० वर्ग फिट सम्म प्रति वर्ग फिट | २। | ३। | ४। | ५। | ६। |
| २ | १००० वर्ग फिट माथी प्रति वर्ग फिट | ३। | ४। | ५। | ६। | ७। |

## अनुसूची - ४
## विज्ञापन कर

| क्र.सं. | होडिङ्ग वोर्डको साईज | दस्तुर रु. |
|---|---|---|
| १. | ४'x६' को साईज | १,००० |
| २. | सो भन्दा बढी साईज भएमा | २,००० |

## अनुसूची - ५
## ढुङ्गा, गिट्टी, बालुवातर्फ रोयल्टी कर

| क्र.सं. | विवरण | कर रकम रु. |
|---|---|---|
| १ | प्रति ट्र्याक्टर | ६१० |
| २ | प्रतिमिनि ट्रक | १४६० |
